# नगर शिक्षा योजना


**(MUNICIPAL EDUCATION PLAN)**

२०८२-२०८७

रोल्पा नगरपालिकाको शिक्षा योजना

रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
लिवाङ, रोल्पा
लुम्बिनी प्रदेश
नेपाल

# रोल्पा नगरपालिका साबिक र हालको गा. बि. स र वडा सिमाना




**वडा विभाजन**

| वडा नं | समावेश भएका साबिक गा.वि.स./न.पा.हरु | साबिक वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | लिवाङ | १-४ | |
| २ | लिवाङ | ५,६,८ | |
| ३ | लिवाङ | ७,९ | |
| | खुमेल | ७-९ | |
| ४ | खुमेल | १-६ | |
| ५ | जेदवाङ | १-६ | |
| ६ | कोटगाउं | २-७,९ | |
| ७ | कोर्चावाङ | ३-५ | |
| | कोटगाउ | १,८ | |
| | जंकोट | १ | |
| ८ | जंकोट | २-९ | |
| ९ | होमा | १-९ | |
| १० | धवाङ | १-९ | |

**सर्वाधिकर प्रकाशकमा**

**प्रमुख संरक्षकः सुरेन्द्र थापा (घर्तीमगर), नगर प्रमुख**
**संरक्षकः**
श्री गिता आचार्य, नगर उपप्रमुख

**सम्पादक मण्डलहरु**
श्री राम प्रसाद शर्मा प्रमुख प्रशासकीय अधिकृत
श्री सुदिप डाँगी प्रशासकीय अधिकृत, प्रशासन शाखा प्रमुख
श्री शुसिल कुमार थापा प्रशासकीय अधिकृत, योजना शाखा प्रमुख
श्री निशान आचार्य सुचना प्रविधि अधिकृत, सुचान तथा प्रविधि शाखा प्रमुख
श्री कर्ण बहादुर पुनमगर शिक्षा अधिकृत, शिक्षा शाखा प्रमुख

**योजना निर्माण प्राविधिक सहयोग**
कालिका स्वाबलम्बन सामाजिक केन्द्र कपिलबस्तु
यूनिसेफ नेपाल/यूरोपियन यूनियन

**योजना निर्माण कार्यदल**

| | | |
|---|---|---|
| श्री लाल बहादुर घर्तीमगर | -संयोजक | सामाजिक विकास समिति संयोजक |
| श्री मधुसुदन पोखेल | – सदस्य | प्र.अ. बालकल्याण मावि लिवाङ |
| श्री कृष्ण बहादुर पुन | – सदस्य | प्र.अ. नेपाल मावि कोटगाउँ |
| श्री खलसिंह बुढामगर | – सदस्य | प्र.अ. पिताराज आवि रेउघा |
| श्री कर्ण बहादुर पुनमगर | – सदस्य सचिव | शिक्षा अधिकृत शिक्षा शाखा प्रमुख |

श्री निम कुमारी डाँगी (घर्तीमगर)-(आमन्त्रित सदस्य) वालविकास संयोजक
श्री ऋषिकेश डाँगी - SESP Technical Officer KSSC-Nepal

**प्रकाशक**
रोल्पा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रोल्पा

रोल्पा नगरपालिकाको शिक्षा योजना

रोल्पा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लिवाङ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

## नगर प्रमुखको भनाई

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ। त्यस्तै संविधानको अनुसूची ८ को ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र छ ।संविधान र कानूनले अंगिकार गरेको व्यवस्थालाई आत्मसाथ गर्दै नागरिकको सम्बृद्धि र खुसी प्राप्तिको साधन शिक्षालाई समय सापेक्ष , वैज्ञानिक, सिपमूलक तथा रोजगारमूलक बनाउनु आजको आवश्यकता हो। राज्यले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता , दिगो विकासको लक्ष्य , सोह्रौं योजना , विद्यालय शिक्षा क्षेत्र योजना, रोल्पा नगरपालिकाको आवधिक योजना , शिक्षा नीति , लगायतका मूल नीतिलाई मार्गदर्शकको रूपमा लिई रोल्पा नगरपालिकाले **पाँच वर्षे पहिलो नगर शिक्षा योजना २०७७-२०८१** को कार्यान्वयन समिक्षा गरी **दोस्रो नगर शिक्षा योजना** २०८२-२०८७ पाँच वर्षे नगर शिक्षा योजना तयार गरिएको छ।

नगरपालिकाको समग्र शैक्षिक अवस्थालाई विकास गर्न, शिक्षा पहुँच र गुणस्तर बढाउन र आधुनिक शैक्षिक प्रविधिहरूलाई सिकाइ सग जोड्न यो योजना केन्द्रित रहने छ। हाम्रो उद्देश्य भनेको सबै बालबालिकाहरूलाई जीवनोपयोगी गुणस्तरीय शिक्षा प्रदान गर्नु हो। यस योजना सिकाई तथा गुणस्तर सुधारको लागि केन्द्रित रहने छ ।अभिभावक विद्यार्थी सचेतिकरण, शिक्षक उत्प्रेरणा भौतिक तथा डिजिटल पुर्वाधारको विकास गरी यसको कुशलतम प्रयोगबाट उच्चतम उपलब्धि हासिल गरिने छ । यस योजनाअन्तर्गत रहेर हामीले सङ्घीय सरकार , प्रदेश सरकार , नगरपालिका, वडा, समुदाय, पेशाकर्मी, व्यवसायी, अभिभावक, शिक्षक, विद्यार्थी र विकास साझेदारहरुसगँ सहकार्य गर्दै नगरपालिकाका विद्यालयहरूलाई सिकाइ स्रोत र साधनहरूको व्यवस्था गरिने छ ।यस योजना कार्यान्वयनमार्फत शिक्षाका सबै क्षेत्रहरूमा समावेशी र समतामुलक अवसर सृजना हुने छ र प्रत्येक बालविकालिकालाई अनिवार्य तथा नि :शुल्क गुणस्तरीय आधारभूत शिक्षा तथा नि :शुल्क माध्यमिक शिक्षालाई सुनिश्चिताको लागि आवश्यक कार्य गरिने छ।

अन्त्यमा, **दोस्रो नगर शिक्षा योजना** २०८२-२०८७ पाँच वर्षे नगर शिक्षा योजना रोल्पा नगरपालिकाको समग्र शैक्षिक विकासको लागि महत्त्वपूर्ण मार्गदर्शन हो। यस योजना निर्माण कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने जनप्रतिनिधि , कर्मचारी , शिक्षक , अभिभावक , वुद्धिजीवी ,संचारकर्मी, विकास साझेदार संस्था कालिका स्वावलम्बन सामाजिक केन्द्र लाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु। सबैको सकारात्मक सक्रिय सहभागिता र सहयोगले योजनाको उद्देश्य पुरा हुने विश्वासका साथ सबैलाई योजना प्रभावकारी कार्यान्वयनको लागि सहयोग गर्न आह्वान गर्दछु।

धन्यवाद।

सुरेन्द्र थापा (घर्ती)

नगर प्रमुख

# विषयसूची


नगर प्रमुखको भनाइ

योजनाको सारांश....1

१. विषय प्रवेश....२

२. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य....२

३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य....३

४. शिक्षा योजना निर्माणका आधार....४

५. शिक्षा योजना निर्माण प्रक्रिया....४

६. योजनाको लेखाजोखा....६

७. दस्तावेजको स्वरुप....९

परिच्छेद १: परिचय....१०

१.१ वर्तमान अवस्था....१२

१.२ मूख्य समस्या तथा चुनौतीको विश्लेषण....२०

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण....२२

१.४ अवसर....२३

परिच्छेदः २ दूरदृष्टि उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण....२४

२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार....२४

२.२ दूरदृष्टि (Vision)....२८

२.३ लक्ष्य (Goal)....२८

२.४ उद्देश्यहरु (Objectives)....२८

२.५ रणनीति....28

२.६ कार्यनीति....30

२.७ अपेक्षित उपलब्धि....३५

२.८ मुख्य कार्यसम्पादन सूचक Key Performance Indicators (KPIs) र लक्ष्य निर्धारण....३६

परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र....४२

३.१ प्रारम्भिक बाल विकास र शिक्षा....42

३.२ आधारभूत शिक्षा........................................................................................................ ५०

३.३ माध्यमिक शिक्षा........................................................................................................ ६६

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम........................................................................७४

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ............................................................................७८

परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र........................................................................ ८६

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्याङ्कन....................................................... ८६

४.२ शिक्षक व्यवस्थापन र विकास........................................................................................ ९१

४.३ शिक्षामा समता र समावेशीकरण.....................................................................................१०६

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम..........................................................................११२

४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता.........................................................११७

४.६ विद्यालय भौतिक पूर्वाधार विकास..................................................................................१२१

४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि............................................................................१२५

परिच्छेद ५: अन्य उपक्षेत्र.................................................................................................१३१

५.२ उच्च शिक्षा र माध्यमिक शिक्षासँगको उच्च शिक्षाको सम्बन्ध...........................................१३५

परिच्छेद ६: सुशासन तथा व्यवस्थापन..............................................................................१४०

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास.........................................................१४१

६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध....................................................................१४६

परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन............................................................................१५३

परिच्छेद ८: अनुगमन र मूल्याङ्कन....................................................................................१७६

रोल्पा नगरपालिकाको शिक्षा योजना

# योजनाको सारांश

यो पञ्चवर्षीय शिक्षा क्षेत्र योजना (०८ २-०८७) यस नगरपालिकाको शिक्षा क्षेत्रको समग्र योजना हो। यसमा पहिलो परिच्छेदमा योजनाको परिचय , दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि , ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ। यसैगरी तेस्रो र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्र तथा उपक्षत्रेसँग अन्तर्सम्बन्धित विषयवस्तुका रूपमा प्रारम्भिक बालविकास , आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा , शिक्षक व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्री , शिक्षामा सूचना प्रविधि , अनौपचारिक शिक्षा, समावेशी शिक्षा तथा आपत्कालीन अवस्थामा शिक्षा तथा संस्थागत संरचना विकास लगायतका क्षेत्रलाई समेटिएको छ। यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय , वर्तमान अवस्था , चुनौती र अवसर , उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि , प्रमुख क्रियाकलाप तथा लक्ष्य लाई क्रमिकरूपमा समेटिएको छ। पाँचौं परिच्छेदमा अन्य उपक्षेत्र समेटिएको छ। त्यसैगरी छैठौं परिच्छेदमा सुशासन तथा व्यवस्थापन , परिच्छेद सातौंमा योजनाको मध्यावधि समिक्षा,लगानी र स्रोत व्यवस्थापन तथा आठौं परिच्छेदमा योजना कार्यान्वयन ,अनुगमन र मूल्याङ्कन खाका लाई समेटिएको छ ।

यस पञ्चवर्षीय योजनाले अ बको ५ वर्षभित्र यस नगरपालिकाको शिक्षामा प्रभावकारी विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता , समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्धन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पूरा गर्नका लागि रणनीतिहरू तय गरेको छ। पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग , विपद् एवम् संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

सबै विद्यालयमा पुग्नेगरी पक्की कक्षा कोठा व्यवस्थापन ,सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, विद्यालयमा स्वच्छ पिउने पानी, छात्रा र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानी सहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माविहरूमा विज्ञान , गणित जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री बसाइ व्यवस्थापन र सिकाइमय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमुना बालविकास बनाउन बसाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समेटिएको छ ।

यसैगरी शिक्षकहरूलाई पेसागत तथा क्षमता विकास तालिम , शैक्षिक अवलोकनको अवसर, पढाइ मेला गर्ने, पालिकाबाटै नमुना माध्यमिक विद्यालय , आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामाग्री प्रदान, परीक्षालाई स्तरीकृत बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त

क्रियाकलाप गर्ने योजना अघि सारेको छ। यसैगरी दरबन्दी मिलान र विद्यालय समायोजन मार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएको छ।

यस योजनाको कार्यान्वयनका लागि तिनै तहका सरकारको लगानी सहित शिक्षामा रोल्पा नगरपालिकामा पाँच वर्षका योजनाको लागि कुल १ अर्ब ६६ करोड ४८ लाख ९ हजार ३ सय ५० रुपैयामा मात्र बजेट अनुमान गरिएको छ । कुल अनुमानित लागत र हालको अवस्था लाई अध्ययन गरी श्रोत आँकलन गर्दा न अपुग हुने देखिन्छ ।जसका लागि श्रोत पहिचान र विकास साझेदारसग सहकार्य सहलगानी गर्नुपर्ने देखिन्छ ।
यसरी पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पुरा भएका सबैलाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरू लाई समेटिएको छ ।

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवं शिक्षामा पहुँच, गुणस्तर,सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा रहेका छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् स्थानीय सरकार सञ्चालन ऐनले दिएका अधिकारहरु आत्मसाथ गर्दै आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा नि :शुल्क आधारभूत शिक्षा तथा नि :शुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि रोल्पा नगरपालिकले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा यस रोल्पा नगरपालिका, रोल्पाले आफ्नो नगर शिक्षा योजना २०७७-२०८१ लाई कार्यान्वयन तथा समिक्षा गरी नगर शिक्षा योजना २०८२-२०८७ अद्यावधिक गरेको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय नीति, अनिवार्य तथा निशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीयअनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षाको विकासलाई दिशा निर्देश

गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशिल, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ। यस ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यी सबै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय तहमा देहाय बमोजिमका तथ्यहरुले शिक्षा योजना निर्माणको औचित्यततालाई पुष्टि गर्दछन्।

१) तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न
२) संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना,स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५) शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## ४. शिक्षा योजना निर्माणका आधार

यस शिक्षा योजना निर्माणका लागि निम्नलिखित दस्तावेजहरुलाई मूल आधार बनाइएको छ।

क) नेपालको संविधान
ख) सोह्रौ आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७
ङ) अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन २०७५ लगायत विद्यमान शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूल राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्ररीय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
ड) रोल्पा नगरपालिकाको आवघिक योजना
ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैर सरकारी संघसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

देशको मूल योजनासंगै हरेक क्षेत्रको विकास र उन्नतिको लागि पनि विशिष्ट किसिमका योजनाहरुको आवश्यकता पर्दछ |योजनाको मूल अभिप्रायका साथ शिक्षामा पनि विशेष किसिमका आवधिक योजनाहरु निर्माण गरी कार्यान्वियन गर्ने गरिन्छ | यस सन्दर्भमा विद्यालय क्षेत्र विकास कार्यक्रम सम्पन्न हुन् थालेपछि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजनाको नामबाट दिगो विकासका लक्ष्यहरुलाई समेत सम्बोधन हुने गरी संघीय सरकारको तर्फबाट दश वर्षे शिक्षा क्षेत्र योजनाको मस्यौदाको विकास गरी आवश्यक अध्ययनका साथ प्रदेश सरकार लगायत स्थानीय सरकारहरुलाई समेत शिक्षा क्षेत्रको योजना बनाउनको लागि मार्ग निर्देशन गरेपश्चात योजनाको आवश्यकता महशुस गरी यसको तयारी र निर्माण कार्यले गति लिएको हो | यस योजनालाई द्रुत गतिमा निर्माण गर्नका लागि गरिएका प्रक्रिया र क्रियाकलापहरुलाई देहाय वमोजिम प्रस्तुत गरिएको छ |

## क. योजनाको तयारी तथा विकासका लागि संरचनात्मक व्यवस्था

- योजना निर्देशक समिति (ESP Steering committee) : यस रोल्पा नगर पालिकाको सामाजिक विकास समिति संयोजक श्री लाल बहादुर घर्तीमगर ज्यू को संयोजकत्वमा रोल्पा नगर शिक्षा क्षेत्रको ५ वर्षे योजना अद्यावधिक गर्नको लागि निर्देशक समिति गठन गरिएको थियो | जसमा नगरपालिकाभित्रका शिक्षामा लामो समय अनुभवीहरुसंग सरोकार राख्ने आधारभूत तथा माध्यमिक विद्यालयका प्र.अ. र शिक्षा शाखाका प्रमुखलाई समेट्ने काम भएको थियो |
- योजना तयारी प्राविधिक समुह : रोल्पा नगरपालिकाका सामाजिक विकास संयोजक श्री लाल बहादुर घर्तीमगर ज्यूको संयोजकत्वमा गठित योजना तयारी प्राविधिक समूहमा कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तुका प्रतिनिधि एवं विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुको प्रतिनिधित्व रहने गरी योजना तयारी प्राविधिक समुह गठन गरिएको थियो | प्राविधिक समुहले विभिन्न दस्तावेज तथा पालिकाको वस्तुस्थिति र तथ्याङ्कहरुलाई अध्ययन गरेर योजना लेखनको खाका निर्माण गरेको थियो।

**ख. विषयगत अध्ययन एवं लेखन समुहहरु (Thematic Teams) :**माथि उल्लेख भए अनुसार नगरपालिकाले शिक्षा शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञपरामर्शदाता,विषय शिक्षक, प्रधानाध्यापकहरु संलग्न भएका विषयगत अध्ययन समुहहरु गठन गरेको थियो। यी समुहहरुले देहायका शीर्षकहरुमा कार्य विभाजन गरी योजना लेखन कार्य गरेको थियो ।

- प्रारम्भिक वालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- उच्च शिक्षा र माध्यमिक शिक्षासंग यसको सम्बन्ध
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम
- अनौपचारिक शिक्षा,साक्षरता र निरन्तर सिकाई
- पाठ्यक्रम पाठ्यसामग्री तथा मुल्यांकन
- शिक्षक व्यवस्थापन तथा विकास
- शैक्षिक सुशासन र गुणस्तर व्यवस्थापन
- शिक्षामा समतामुलक समावेशीकरण र मनोसामाजिक परामर्श
- शिक्षामा सुचना र संचार प्रविधि
- संस्थागत संरचना,क्षमता विकास र अन्तर सम्बन्ध

- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षण संस्थाहरुको पूर्वाधार विकास

**ग. समीक्षा एवं पृष्ठपोषण :** विभिन्न समयमा भौतिक उपस्थिति एवं बैठकको माध्यमबाट शिक्षा योजनाको बारेमा भए गरेका कार्यहरुको प्रस्तुति र सरोकारवालाहरुबाट सुझाव र पृष्ठपोषण संकलन गर्ने काम भएको थियो |

### घ. योजनाको मस्यौदा विकास

उल्लिखित विषयगत समुहबाट आ -आफ्नो तोकिएको विषयमा योजना तयार गरी प्राविधिक समुहमा पेश भएको थियो भने विषयगत समुहबाट तयार गरेको योजनालाई आवश्यक परिमार्जन गर्दै निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो मस्यौदा तयार गरिएको थियो |

### ङ. परामर्श वैठक

योजना लेखन समुहका सदस्य लगायत अन्य विज्ञ समुह समेतको प्रतिनिधित्व भएको नगर पालिका स्तरीय परामर्श बैठकमा व्यापक छलफल गरी सुझावहरु प्राप्त भएका थिए | यस किसिमको परामर्श बैठक नगरपालिकाका १० वटै वडामा समेत संचालन भई सुझावहरु प्राप्त भएका थिए | उक्त सुझावहरुलाई समेत सम्बोधन गरेर योजनाको अन्तिम मस्यौदा तयार गरिएको थियो | यसरी तयार भएको अन्तिम मस्यौदा आवश्यक छलफल र अनुमोदनका लागि नगर कार्यपालिकामा पेश गरिएको थियो |

### च. योजनाको स्वीकृति तथा अनुमोदन

विषयगत समुहका विषयगत लेखन परामर्श समुहबाट आवश्यक परामर्श र सुझाव एवं उल्लिखित सबै पक्षहरुलाई समेटेर विज्ञबाट लेखन र पुनर्लेखन हुँदै तयार भएको योजनाको अन्तिम मस्यौदा अनुमोदनका लागि नगर कार्यपालिकामा पेश भएकोमा नगर कार्यपालिकाको बैठकमा योजनाका बारेमा घनिभूत छलफल गरी सामान्य संशोधन सहित व्याकरणीय हिसाबले सम्पादन गरी प्रकाशन गर्न नगर कार्यपालिकाको मिति २०८२/०३/०७ गतेको बैठकले स्वीकृति प्रदान गरेको थियो |

## ६. योजनाको लेखाजोखा

मस्यौदा कार्यदलले तयार गरेको र कार्यपालिकाबाट स्वीकृत भएको यस रोल्पानगरपालिकाको नगर शिक्षा योजना २०८२-२०८७ लाई योजना लेखाजोखा समितिले गरेको लेखाजोखा देहायबमोजिमले प्रस्तुत गरिएको छ।

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १. | नेतृत्त्व तथा सहभागिता | यस योजनाको सुरुवात देखि नै नगर कार्यपालिकाका सदस्यहरुको बैठकले अपनत्त्व लिएको, सोही बैठकबाट योजना अद्यावधिक गर्न सामाजिक विकास समिति संयोजकको संयोजकत्त्वमा समिति गठन गरिएको, सो समितिले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा मस्यौदा तयार गरेको, सो क्रममा प्र.अ., शिक्षक तथा अन्य सरोकारवालासँग आवश्यक छलफल गरेको |
| २. | पर्याप्तता र सान्दर्भिकता | मस्यौदा तयारी समितिले उपलब्ध तथ्याङ्क तथा स्रोतका आधारमा SWOT Analysis गरी नगरपालिकाको समस्या, चुनौती तथा अवसरहरु तय गरी सोही अनुरुप रणनीति, कार्यक्रम तथा क्रियाकलापहरु तय गरेको |
| ३. | समता, सक्षमता तथा गुणस्तर | दिगो विकासका लक्ष्यहरुलाई सम्बोधन गर्ने गरी योजना तयार गरिएकोले नगरपालिकामा सञ्चालन हुने शैक्षिक गतिविधिहरु समता, सक्षमता र गुणस्तरलाई सम्बोधन गर्ने गरी निर्धारण गरिएको |
| ४. | अन्तर्सम्बन्ध र तादात्म्य | योजनामा समेटिएका कार्यक्रमहरु बहु-क्षेत्र तथा बहु- आयामिक र अन्तरसम्बन्धित रहेका छन्। योजनाले शिक्षालाई कृषि, विपद् व्यवस्थापन, महिला तथा बालबालिका, भौतिक पूर्वाधार, स्वास्थ्य, सुरक्षा, प्रविधि लगायतका क्षेत्रसँग अन्तरसम्बन्ध र तादात्म्य राखेको छ । सोह्रौं योजना तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी आन्तरिकीकरण गरिने रणनीतिहरु तय गरिएका छन्। यस योजनामा समेटिएका विभिन्न उपक्षेत्र र अन्तरसम्बन्धित विषयहरुबिच अन्तर्सम्बन्ध कायम गरिएको छ। |

| | | |
|---|---|---|
| ५. | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | योजनामा तय गरिएका रणनीति तथा कार्यक्रमहरु तत्कालीन समस्या तथा चुनौतीलाई सम्बोधन गर्ने तथा भविष्यलाई समेत हेरी सोही अनुरुपका अनुमान तय गरिएका छन्। यस रोल्पानगरपालिकाको पिछडिएका, सुविधावञ्चित तथा अल्पसंख्यक वर्गलाई शिक्षाको मूलधारमा ल्याउन र उनीहरुको दिगो सहभागितालाई उच्च दृष्टिगत गरिएको पाइन्छ। रोल्पा जिल्लाभित्र पनि यस नगरपालिका शिक्षा लगायत अन्य सूचकहरुमा कमजोर रहेकोले यस योजनाले मात्र ५ वर्षे अवधिलाई मध्यनजर गरी योजना निर्माण गरेकोले यस अवधिमा तय गरिएका कार्यक्रम कार्यान्वयनयोग्य र सान्दर्भिक छन्। |
| ६. | स्रोतको प्रबन्ध | यस योजनाले तय गरेका कार्यक्रमहरुमा लगानी अत्याधिक आवश्यकता छ। नगरपालिकालाई प्राप्त हुने संघीय तथा प्रदेशको अनुदानले मात्र यी कार्यक्रमहरु सम्पन्न गर्न र लक्षित उपलब्धि हासिल गर्न निश्चय नै पर्याप्त छैन। यस योजनाले बजेटका लागि संघ र प्रदेश सरकार, आफ्नो आन्तरिक स्रोत, विभिन्न संघसंस्था तथा दातृ निकायहरुको सहयोग एवम् स्थानीय जनसहभागिता र विद्यालयहरुको आन्तरिक स्रोत व्यवस्थापनलाई सवलीकरण गरी स्रोत व्यवस्थापन गर्ने लक्ष्य राखेको छ। |
| ७. | संस्थागत क्षमता | शिक्षासँग सम्बद्ध शिक्षा समिति, प्रधानाध्यापक तथा शिक्षक, रोष्टर समूह लगायत पालिकाको अनुगमन समितिलाई परिचालन र उनीहरुको निरन्तर क्षमता र पेशागत विकासको अवसरलाई यस योजनाले सम्बोधन गर्ने कार्यक्रमहरु तय गरेको छ। |
| ८. | कार्यान्वयनमा तत्परता | यस योजना निर्माणमा नगरकार्यपालिका, शिक्षा समिति, प्र.अ, शिक्षक तथा अन्य सरोकारवालाको प्रत्यक्ष सहभागिता रहेकोले सबै पक्षहरु यस योजनालाई सफल कार्यान्वयन गरी यस नगरपालिकाको शैक्षिक उनन्नयनको मागलाई सम्बोधन गर्न तत्पर रहेका छन्। |
| ९. | तथ्याङ्क विश्लेषण प्रक्षेपण | यस योजना निर्माणका क्रममा जनगणना प्रतिवेदन २०७८, केन्द्रको फ्ल्यास रिपोर्ट, यस नगरपालिकाको इमिस रिपोर्ट तथा प्रत्यक्ष तथ्यांक संकलित तथ्याङ्कहरुको विश्लेषण गरिएको छ। यिनै तथ्याङ्कका आधारमा |

| | | |
|---|---|---|
| | | २०८१ साललाई आधारवर्ष मानी लक्ष्य प्रक्षेपण गरिएको छ। |
| १०. | अनुगमन र प्रतिवेदन | यस योजनाको परिच्छेद ८ मा यस योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। |

## ७. दस्तावेजको स्वरुप

रोल्पा नगर शिक्षा योजना रोल्पा नगरपालिकाको शिक्षा क्षेत्रको लागि विकास गरिएको पाच बर्षे आवधिक योजनालाई विभिन्न आठ परिच्देदमा संगठित गरिएको छ ।

- पहिलो परिच्छेदमा योजनाको परिचय, वर्तमान अवस्था, मुख्य समस्या र चुनौतीको विश्लेषण, शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण र अवसर उल्लेख गरिएको छ ।
- दोस्रो परिच्छेदमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरु, योजनाको दुरदृष्टि, लक्ष्य, उदेश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण गरिएको छ।
- तेस्रो परिच्छेदमा प्रारम्भि बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, अनौपचारिक शिक्षा र आजीवन सिकाइ उल्लेख गरिएको छ।
- चौथो परिच्छेदमा अन्तर सम्बन्धित विषय तथा क्षेत्र अन्तरगत पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामाग्री तथा मुल्याङ्कन, शिक्षक ब्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालयमा सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा संचार प्रविधि रहेका छन् ।
- पाचौ परिच्छेदमा अन्य उपक्षेत्र रहेका छन् ।
- छैटौ परिच्छेदमा सुशासन तथा ब्यवस्थापन, संस्थागत क्षमता विकास र स्थानीय शिक्षा योजनाको कार्यान्वयन प्रबन्ध समावेश गरिएको छ ।
- सातौ परिच्छेदमा लगानी र स्रोत ब्यवस्थापन गरिएको छ ।
- आठौ परिच्छेदमा अनुगमन तथा मूल्याङ्कन समावेश गरिएको छ ।

# परिच्छेद १: परिचय

## १.१ परिचय

नेपालको संविधानले  आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारका हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु सबै पालिकाहरुको कर्तव्य हुन आएको छ। जननिर्वाचित स्थानीय सरकारबाट नागरिकहरुले आफ्ना बालबालिकाहरुका लागि गुणस्तरीय विद्यालय शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरुको अपेक्षा राख्नु स्वभाविक पनि हो। शिक्षाले रोजगारी र आयआर्जनका अवसरहरुको सिर्जना गरी मानिसहरुको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकासमार्फत सभ्य समाजको निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने भएको हुनाले शिक्षालाई गुणस्तरीय बनाउन यसमा प्राथमिकताका साथ लगानी गर्नु पर्दछ। शिक्षामा गरिने राष्ट्रिय लगानीले देशको समग्र विकासलाई गतिवान बनाएको देखिन्छ। युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report 2013/14 ले सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्ने हो भने सन २०१५ पछि सबै राष्ट्रहरुले कुल राष्ट्रिय उत्पादनको ६ % र वार्षिक बजेटको २०% शिक्षामा खर्च गर्नुपर्ने सुझाव दिएको छ। सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८% बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा वार्षिक १%ले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यिनै तथ्यहरुलाई मध्यनजर गर्दै रोल्पानगरपालिकाले पालिका क्षेत्र भित्र योजनाबद्धरुपमा शिक्षाको विकास गर्ने उद्देश्यले यो नगर शिक्षा योजना निर्माण गरेको छ। यस योजनामा प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तह सम्मको शिक्षालाई व्यवस्थित गरेर सबै बालबालिकाको पहुँच भित्र गुणस्तरीय शिक्षा पुर्याउने र शिक्षालाई रोजगारीमूलक, व्यवसायी र प्रविधियुक्त बनाएर जनजीविकासँग प्रत्यक्ष सम्बन्धित बनाउने कार्यक्रमहरु समावेश गरिएका छन्। शिक्षा एक निरन्तर चलिरहने प्रक्रिया भएकाले औपचारिक शिक्षाको अवसरबाट वञ्चित सबैलाई जीवनपर्यन्त सिक्ने अवसरको निर्माणका लागि पनि योजनाम कार्यक्रमहरु समावेश गरिएका छन्। यसका साथै पालिका क्षेत्र भित्र उच्च शिक्षाको अवस्था, आवश्यकता र संभावनाका विषयमा पनि यस योजनामा विषय उठान गरिएको छ। यसमा प्रस्ताव गरिएका सबै कार्यक्रमहरु यस पालिका क्षेत्र भित्रका सबै नागरिकहरुको सरोकारका विषयवस्तु भएकाले सबै नागरिकहरुको प्रत्यक्ष संलग्नता,सहभागिता र सहयोगमा कार्यक्रम सञ्चालन गर्ने गरी योजना निर्माण गरिएको छ।

योजना भनेको भविष्यमा गरिने कामहरुको अनुमान भएको हुनाले योजना निर्माण गर्दा तथ्यहरुमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई कार्यरुपमा परिणत गर्नको लागि सम्बन्धित जिम्मेवार निकायहरुको लगनसिलता महत्त्वपूर्ण

हुन्छ। योजनामा प्रस्ताव गरिएका रणनीतिहरु र कार्यकलापलाई यथा समयमा कार्यान्वयन गर्न सकिएको खण्डमा मात्रै अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिन्छ। हाल विभिन्न कोणबाट आलोचित भइरहेको सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई यस प्रति अभिभावकहरुको आकर्षण बढाउनु आजको आवश्यकता रहेको छ। नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको विद्यालय शिक्षाको यो जिम्मेवारी पूरा गर्ने काममा सबैको सहयोग भएमा विद्यालय शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र नि:शुल्क बनाउने लक्ष्य पूरा गर्न सकिने आशा गर्न सकिन्छ।

शिक्षासर्वव्यापी, जीवनपर्यन्त र मानवीय अधिकारको रुपमा स्थापित भैसकेको छ। शिक्षाको विकास मानव विकास सभ्यता सगसगै भएको पाइन्छ। विभिन्न कालखण्डका विद्वानहरुको अथक प्रयासबाट ज्ञान र सीप आर्जन गर्ने र सम्पूर्ण क्षेत्रलाई विशिष्ट, वैज्ञानिक र अनुसन्धानमूलक गराउने आधुनिक नविन शिक्षाको रुपमा स्थापित भैसकेको छ। राष्ट्रिय र सामाजिक आवश्यकताहरु पूरा गर्ने गराउने एक मात्र शक्तिशाली र प्रभावकारी माध्यम शिक्षा बनेको छ। शिक्षाले नै आवश्यक सन्तुलित जनशक्तिहरु उत्पादन गरी **"समृद्ध नेपाल सुखी नेपाली"** को सपनालाई साकार गर्न सक्दछ। देश संघीय संरचनामा रहेको अवस्थामा राष्ट्रिय, प्रादेशिक र स्थानीय शिक्षा नीति कस्तो हुनु पर्दछ भन्ने सवालमा शिक्षाविद, सरकार र सरोकारवाला बिच व्यापक बहस चलिरहेको छ। अर्को तर्फ भइरहेको शैक्षिक नीतिगत सुधार सहित स्थानीय र राष्ट्रिय आवश्यकता पूरा गर्ने खालका गुणस्तरिय, व्यावसायिक र प्राविधिक शिक्षा कसरी प्रदान गर्न सकिन्छ भन्ने कुरामा मूख्य बहस केन्द्रित छ।

रोल्पा नगरपालिकाको शैक्षिक विकासमा विभिन्न प्रयत्न भइरहेको सन्दर्भमा स्थानीय सरकार रोल्पानगरपालिकाले आफ्नो शिक्षा नीति बनाउने सन्दर्भमा विभिन्न सरोकारवालाहरुसँग छलफल र अन्तरक्रियामार्फत आफ्ना गतिविधि अगाडि बढाइरहेको छ। गुणस्तरीय, प्राविधिक एवं व्यावसायिक शिक्षा रोल्पा विकास र समृद्धिको मेरुदण्ड भएकोले यसमा स्थानीय सरकारले विशेष चासो देखाइ शिक्षा सम्बन्धी क्रियाकलापलाई स्थान दिएकोले "सक्षम,सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नगरपालिकाको सामाजिक आर्थिक रुपान्तरणको माध्यमबाट " **समृद्ध नगर सुखी खुशी नगरवासी** " आकाङ्क्षा पूरा गर्ने " भन्ने दूरदृष्टिसहित यो कार्यपत्र तयार गरिएको छ।

नेपालमा योजनाबद्ध शिक्षाको विकास गर्न, राष्ट्र विकासको लागि आवश्यक जनशक्ति तयार गर्न, सर्वसाधारण जनताको सदाचार शिष्टाचार र नैतिकता कायम राखन मूलुक भित्र स्थापना भएका र स्थापना हुने विद्यालयको सञ्चालन र व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न सर्वप्रथम "शिक्षा ऐन २०२८ तयार गरी २०२८ देखि २०३२ सालसम्म चरणबद्धरुपमा देशका सबै जिल्लामा लागू गरिएको थियो। यो ऐन विभिन्न कालखण्डमा नवौं पटक संशोधन भइ समय अनुकूल बनाउदै अगाडि बढेको पाइन्छ। वर्तमान संविधानको भाग ५ धारा ५७(४) राज्यशक्तिको बाँडफाँडमा

व्यवस्था भएअनुसार अनुसूचि ८ र स्थानीय तहको २२ वटा अधिकारमध्ये ८ औं बुदाँमा आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकार सूचिभित्र राखिएको छ। संविधानको मर्म र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार माध्यमिक तहसम्मको शिक्षालाई अनुमति दिने, सञ्चालन गर्ने, व्यवस्थापन गर्ने र नियमन गर्ने अधिकार स्थानीय सरकारलाई छ भने उच्च शिक्षाको अधिकार प्रदेश र संघमा राखिएको छ।

## १.१ वर्तमान अवस्था

राजनीतिक व्यवस्थाको रुपान्तरण सँगै वि.सं. २०१३ सालदेखि शुरु भएको योजनाबद्ध विकास प्रणालीमा पनि समय सापेक्ष रुपान्तरण हुदै आएको पाइन्छ। संघीय राजनीतिक व्यवस्थालाई व्यवस्थित गर्न निर्माणगरिएको वर्तमान संविधानले संघ , प्रदेश तथा स्थानीय तहका बीच सहकार्य , समन्वय तथा सहअस्थित्वका आधारमा समग्र देशको समृद्धिको आधारतय गर्ने कुरालाई अंगिकार गरेको छ। संविधानले राज्य शक्तिको बाँडफाँड तथा वित्तीय हस्तान्तरण मार्फत तीन तहका सरकारलाई नीति तथा योजना तर्जुमा तथा त्यसको कार्यान्वयनका लागि जिम्मेवारी प्रदान गरेको छ भने समग्र देशको तिव्र विकासका लागि तीन तहका सरकार बीच परिपुरकताको सम्बन्ध हुनु पर्ने कुराको परिकल्पना गरेको छ । संघीय तथा प्रदेश सरकारले आवधिक योजना तर्जुमा गरी योजनाबद्ध विकासलाई संस्थागत गरिरहेको सन्दर्भमा स्थानीय सरकारले पनि संघीय तथा प्रदेश सरकारको विकाससँग तादाम्यता मिलाउन आवधिक योजना तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ , राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्तआयोग, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ , संघीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा निर्देशिका, स्थानीय तहमा बजेट तर्जुमा , कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका , २०७४ लगायतका ऐन तथा नीति नियमले स्थानीय सरकारहरुले आवधिक योजनातर्जूमा गरी त्यसका आधारमा वार्षिक तथा रणनीतिक योजनाहरु जारी गर्नुपर्ने कुरालाई जोड दिएको छ ।

संघीय शासन व्यवस्थाको शुरुवातसँगै साविकको लिवाङ , खुमेल, जंकोट, ह्वामा, धावाङ, कोटगाउ गाविस ,जेदवाङ र कोर्चावाङका केहि वडाहरु गाभिएर गठन गरिएको रोल्पा नगरपालिकाले हालसम्म वार्षिक रुपमाअभ्यास गरिदै आएको सात चरणको योजना तर्जुमा प्रक्रियालाई वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियाकोरुपमा अंगिकार गर्दै आएको देखिन्छ । नगरपालिका वस्ती तहवाट माग र पहिचान भएका आयोजना कार्यान्वयन गर्ने देखि दीगोविकास, राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई स्थानीयकरण गर्दै परिणाम मुखी, दीगो र नागरिक तहमा योगदान पु ऱ्याउन सक्ने कार्यक्रमहरु निर्माण र कार्यान्वयनमा सहजता ल्याउन आवधिक योजना मार्गदर्शकको रुपमा रहनेछ ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले सरकारको रुपमा परिभाषित गरेको यो नगरपालिकाले सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुमा आफूलाई अव्वल सावित गर्न तथा संघ सरकार र लुम्बिनी प्रदेश सरकारको योजनासँग तादाम्यता मिलाउन दीर्घकालीन सोच , लक्ष्य, उद्देश्य तथा रणनीति निर्माणगरी काम गर्नु पर्ने अपरिहार्यता पनि छ । तसर्थ नगरपालिकाले आ.व २०७८ /७९ देखि लागु हुने गरी प्रथमपञ्चवर्षिय योजना आ.व .(२०७८/७९-२०८३/८४)तर्जुमा गरेको छ। यो आवधिक योजनाले वि.सं २०८६ सम्ममा विकासोन्मुख देशको रुपमा स्तरोन्नती हुने र वि.सं. २१०० सम्ममा समृद्ध नेपाल सुखीनेपालीको सपना पुरा गर्ने योजना रहेको छ ।

**क) भौगोलिक अवस्था**

लुम्बिनी प्रदेश अन्तर्गत रोल्पा जिल्लामा रहेको रोल्पा नगरपालिका ८२ डिग्री ३० सेकेण्ड देखि ८२ डिग्री ४५ सेकेण्डपुर्वी देशान्तर तथा २८ डिग्री १५ सेकेण्ड देखि २८ डिग्री २५ सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित छ। यस नगरपालिकाको पूर्वमा सुनिल स्मृति गाउँपालिका,उत्तरमा थवाङ र सुनछहरी गाउँपालिका, पश्चिममा माडीगाउँपालिका, दक्षिणमा रुन्टीगढी गाउँपालिका र त्रिवेणी गाउँपालिका रहेको यो नगरपालिका रोल्पाजिल्लाको सदरमुकाम पनि रहेको छ ।

**वडागत विभाजन**

| वडा नं. | समावेश भएका साविक गा.वि.स |
|---|---|
| १ | लिवाङ (३,४,८) |
| २ | लिवाङ (५,६) |
| ३ | लिवाङ (१,२) |
| ४ | लिवाङ (७,९) |
| ५ | जेदवाङ (१,६) |
| ६ | कोटगाउँ (२,७,९) |
| ७ | कोटगाउँ (१,८)कोर्चावाङ (३,५)जंकोट (१) |
| ८ | जंकोट (२,९) |
| ९ | ह्वामा (१,९) |
| १० | धवाङ (१,९) |

रोल्पा तथा सल्यान जिल्लाको सिमामा पर्ने रोल्पाथुमको नामबाट नामाकरण भएको यो नगरपालिकाको कुल क्षेत्रफल २७०.३ वर्ग कि.मि. रहेको छ भने १० वटा वडामा यो नगरपालिका विभाजित रहेको छ। जलजला क्षेत्र, माडिचौर, सातदोबाटो स्थित जनयुद्ध स्मृती टावर, रकगार्डेन, बालउद्यान, र दारवोट शहिद गेट, जंकोट मगर संग्रालय गुरुङगाउँ होमस्टे, चुनारे भिर कालीपोखरी दह घामतारा ओखरेनी लिकलिके खोन्च्याङ झरना जस्ता मनोरम ठाउँहरु नगरपालिकाका प्राकृतिकआकर्षणका क्षेत्रहरु हुन भने मगर , ब्रहामन क्षेत्री गुरुङ, नेवार लगायतका जातजातिको रिति–रिवाज , भाषा, धर्म रसंस्कृति यहाँका सांस्कृतिक आकर्षणका क्षेत्रहरु हुन। १० वटा वडामा विभाजित रोल्पा नगरपालिकामा साविक लिवाङ , कोटगाउँ, कोर्चावाङ, जंकोट,ह्वामा र धवाङ गा.वि.स. गाभिएका छन । क्षेत्रफलका हिसाबले नगरपालिकाको वडा १० लेनगरपालिकाको ठूलो हिस्सा ओगटेका छन भने अरु वडाहरु भौगोलिक आकार र विभाजन लगभग समान प्रकृतिको छ । लिवाङ बजार रोल्पा नगरपालिकाको प्रमुख व्यावसायिक तथा आवासीय क्षेत्र हो । पछिल्लो समयमा खुमेल, बामरुक, रेउघा, माडिचौर, सातदोवाटो, दार्वोट लगायतका क्षेत्रहरु पनि बजारउन्मुख क्षेत्रकारुपमा विकसित हुदै गइरहेका छन ।

**ख)जनसांख्यिक अवस्था**

वि.स.२०७८ सालको जनगणनानुसार रोल्पा जिल्लाको कुल जनसंख्या २३४७९३ मध्ये यस नगरपालिकाको जनसंख्या ३५३७६ रहेको छ। जुन जिल्लाको कुल जनसंख्याको १५.०६% हो। १६,१६७ (४५.७%) पुरुष र १९,२१० (५४.३%)महिलाको जनसंख्या रहेको छ। जनघनत्त्व १३१ जना प्रति वर्ग कि.मी.रहेको छ। यस नगरपालिकाको साक्षरता दर कुल ७९% छ भने ८६.७% पुरुष र ७२.७% महिलाको रहेको छ ।

तालिका नं. १

रोल्पानगरपालिकाको उमेरगत जनसँख्या

| उमेर समुह | ९५ + | ९०-९४ | ८५-८९ | ८०-८४ | ७५-७९ | ७०-७४ | ६५-६९ | ६०-६४ | ५५-५९ | ५०-५४ | ४५-४९ | ४०-४४ | ३५-३९ | ३०-३४ | २५-२९ | २०-२४ | १५-१९ | १०-१४ | ०५-०९ | ००-०४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ४ | ११ | ३० | ५३ | १७५ | २७९ | ३८३ | ४७० | ५४४ | ६८४ | ७३३ | ७४२ | ७९३ | १०९१ | ११५३ | १५४१ | २०१० | २१०७ | १७४८ | १६२५ | १६१५८ |
| महिला | ६ | १४ | २७ | १०० | २०९ | ३८३ | ४३७ | ५७६ | ६२९ | ८४६ | ८८८ | १०८५ | ११५९ | १५१८ | १७२९ | २०९३ | २३५० | १९२४ | १६७३ | १५५४ | १९२१८ |
| जम्मा | १० | २५ | ५७ | १५३ | ३६६ | ६६२ | ८२० | १०४६ | ११७३ | १५३० | १६२१ | १८२७ | १९५२ | २६०९ | २८८२ | ३६३४ | ४३६० | ४०४९ | ३४२१ | ३१७९ | ३५३७६ |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

**तालिका नं.२**

**<u>रोल्पानगरपालिकाको वडागत जनसँख्या</u>**

| वडानं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५५५ | २३३० | ११७९ | २१४७ | १०८४ | १५१८ | १०७५ | ८९१ | १८२५ | २५५४ | १६१५८ |
| महिला | १९६२ | २८५४ | १४४० | २४०८ | १२९५ | १८८९ | १३५६ | १०४८ | २०८० | २८८६ | १९२१८ |
| जम्मा | ३५१७ | ५१८४ | २६१९ | ४५५५ | २३७९ | ३४०७ | २४३१ | १९३९ | ३९०५ | ५४४० | ३५३७६ |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

### ग) धर्म,जातजाति, आर्थिक अवस्था

मगरहरुको बाहुल्यता रहेको यस नगरपालिकामा मगर , क्षेत्री, दलित, सन्यासी/दशनामी, कामी, ब्राम्हण, दमाई, गुरुङ, ठकुरी, नेवार, घले, सार्की, जातीहरुको बसोबास रहेको छ ।यस नगरपालिकामा हिन्दू , वौद्ध, इसाई, धर्मावलम्वीहरुको बसोबास छ।यस नगरपालिकामा सबैभन्दा बढी हिन्दू धर्मावलम्वीहरूको जनसंख्या रहेको पाइन्छ।यस नगरपालिकामा सबैभन्दा बढी नेपाली भाषा बोलिन्छ ।नेपाली भाषाको साथसाथै स्थानीय मगर खाम भाषा बोल्ने गरिन्छ।दशै , तिहार, माघे सङ्क्रान्ति, तिज मेला,पुर्णिमा मेला, देवाली र भूम्या जस्ता यस क्षेत्रका प्रमुख पर्व हुन्।यस नगरपालिकामा सोरठी नाच , देउसी भैलो, सारंगी नाच, पञ्चमी नाच र लोकवाङी (भुमे) नाच नाचिन्छ।

### घ)आर्थिक अवस्था

यस नगरपालिकामा बसोबास गर्ने मानिसहरुको आम्दानीको मूख्य स्रोत कृषि रहेको छ।यहाँ सिँचाइको भरपर्दो व्यवस्था नभएपनि आकासेपानी रकेही स्थानमा लिप्टिङको भरमा भए पनि खाद्यान्न बाली र तरकारी खेतीबाट आयआर्जन गरेको पाइन्छ।यहाँ आर्थिक रुपमा सक्रिय जनसंख्या कृषि , नोकरी, ज्यालादारी, रोजगारी , वैदेशिक रोजगारी ,व्यापार, उद्योग, घरधन्दा आदि पेशामा आवद्ध छन ।रोल्पा नगरपालिकामा आर्थिक रुपमा सक्रिय जनसंख्याको बाहुल्यता रहेकाले योनगरपालिकाको समग्र विकास प्रक्रियालाई द्रुत गतिमा अगाडि बढाउन सहज हुने देखिन्छ ।यहाँका अधिकांश यूवाहरु रोजगारका लागि छिमेकी मुलुक भारत तथा खाडी मुलुकहरुमा विदेश जाने भएकोले बैदेशिक विप्रेशण (रेमिट्यान्स) पनि आम्दानीको स्रोत बनेको छ भने आर्थिकरुपले सक्रिय जनसंख्यामा लैंगिक रुपमा महिला भन्दा पुरुषको संख्या बढी रहेको देखिन्छ।

### ङ) विकासात्मक अवस्था

रोल्पा नगरपालिकाका विभिन्न स्थानमा सडक यातायातलाई विस्तार गर्ने र सम्पूर्ण नगरबासीहरुलाई सहज यातायातको व्यवस्था गर्ने क्रम जारी छ।यस नगरपालिकाको मूख्य मार्गको रुपमा भालुवाङ

लिवाङ र हाल निर्माणाधिन रहेको मदन भण्डारी मार्ग रहेको छ। नगरपालिकाको पहलमा लगभग सबै वडाहरुमाकच्ची सडक निर्माण कार्य भइरहेको छ। स्वास्थ्य क्षेत्रमा वडाहरुमा स्वास्थ्य चौकी स्थापना भएको र जिल्ला अस्पताल पनि यसै नगरपालिकामा रहेको हुदा २४ सै घण्टा आपतकालिन सेवाका साथै ल्याव तथा Video X-ray, सेवा लगायतका अधिकांश सेवा प्रदान गरिरहेको पाइन्छ। साथै जिल्ला आयुर्वेद अस्पताल पनि रहेको छ ।

**ङ) शैक्षिक अवस्था**

कुल ७७ वटा शैक्षिक संस्था भएको रोल्पा नगरपालिकामा सामुदायिक विद्यालय ६६ वटा, क्याम्पस २ वटा, वहुप्राविधिक शिक्षालय एक र निजी विद्यालय ४ वटा रहेका छन । नगरपालिकामा वडा नं. ८ बाहेक सबै वडामा माध्यमिक विद्यालय रहेका छन भने सबै वडा गरी बालविकास सहित ७२ सामुदायिक विद्यालय, संस्थागत ४ वटा र सामुदायिक अध्ययन केन्द्र ६ वटा रहेका छन। प्राविधिक तथा ब्यवसायीक शिक्षा अन्तरगत नगरपालिकाभित्र रहेका श्री बाल बालकल्याण माध्यमिक विद्यालय, लिवाङले प्राविधिक धार तर्फ क्रमशः ३ बर्षे डिप्लोमा इन सभिल इन्जिनियरिङ र १८ महिने सव-ओभरसियर कार्यक्रम र रोल्पा बहुप्राविधिक शिक्षालय मेवाङले ३ बर्षे डिप्लोमा तह बाली विज्ञान पशु विज्ञान र सूचना प्रविधि विषयमा अध्यापन भइरहेको छ । उच्च शिक्षा तर्फ माडीचौरमा रहेको जिल्लाकै एक मात्र कृषि क्याम्पस पनि प्राविधिक धारमा विएससीएजि सम्म पढाइ हुने गरेको छ र नगरपालिका २ काभ्रेखर्कमा मध्यपश्चिमान्चल विश्व विद्यालयबाट सम्बन्धन प्राप्त जलजला बहुमुखी क्याम्पस समेत रहेको छ । यसरी आगामी दिनहरुमा यस पालिकाभित्र आधारभूत तथा मध्यमिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि आधार तयार गर्ने, गुणस्तरीय शिक्षाका मापदण्डहरु पूरा गर्ने गरी क्रियाकलाप नियमित गर्ने र शैक्षिक हवको रुपमा नगरपालिकालाई स्थापित गर्ने लक्ष्य राखेको छ। नगरपालिकामा रहेका केही पक्की संरचना भएका शैक्षिक संस्थामा मात्र पक्की शौचालय, महिला मैत्री शौचालय, अपाङ्गमैत्रीछन भने अन्य शौचालयहरु बालमैत्री बन्दै छन। विद्यालयका वितरण सबै वडामा समान प्रकृतिकोभए पनि भौतिक संरचना अझै पनि पुर्ण रुपमा विद्यार्थी मैत्री तथा समावेशी भैसकेको अवस्था छैन। पहुँचका हिसावले करिव ९५ प्रतिशतको हाराहारीमा रहेपनि गुणस्तर भने कमजोर नै देखिन्छ । यस नगरपालिकाभित्र रहेका शैक्षिक संस्थाको विवरण तपसिल अनुसार रहेको छः

तालिका नं.३

वडागत रुपमा शैक्षिक संस्थाहरु

| वडा नं. | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | समुदायमा आधारित बालविकास केन्द्र | सामुदायिक अध्ययन केन्द्र | खुला विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ६ | | | | | |
| २ | ५ | १ | १ | १ | | |
| ३ | ४ | | १ | १ | | |
| ४ | २ | ३ | २ | | | |
| ५ | ८ | | | १ | | |
| ६ | ८ | | १ | १ | | |
| ७ | ४ | | | | | |
| ८ | ८ | | | | | |
| ९ | १० | | | १ | | |
| १० | ११ | | १ | १ | | |
| जम्मा | ६६ | ४ | ६ | ६ | | |

*श्रोतःशिक्षा शाखा, रोल्पा नगरपालिका*

## तालिका नं. ४

## तहगत रुपमा २०७९-२०८१ सम्मको बालबालिकाहरुको विवरण

| क्र.स | तह | कुल विद्यार्थी जम्मा २०७९ | | | कुल विद्यार्थी जम्मा २०८० | | | कुल विद्यार्थी जम्मा २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | बालबिकास केन्द्र | ८९३ | ८०१ | १६९४ | ८०२ | ७३३ | १५३५ | ८०७ | ७३५ | १५४२ |
| २ | कक्षा १—५ | २४४७ | २२०० | ४६२७ | २२७० | २१०० | ४३७० | २२६५ | २०९६ | ४३६१ |
| ३ | कक्षा ६—८ | १२८९ | १३०० | २५८९ | १२८६ | १२१३ | २४९९ | १२४९ | ११९० | २४३९ |
| ४ | कक्षा १—८ | ३७१६ | ३५०० | ७२१६ | ३५५६ | ३३१३ | ६८६९ | ३५१४ | ३२८६ | ६८०० |
| ५ | कक्षा ९—१० | ७१८ | ७८२ | १५०० | ६४४ | ७५३ | १३९७ | ६४१ | ७४५ | १३८६ |
| ६ | कक्षा ११—१२ | ८१ | १०१ | १८२ | ३६९ | ४२८ | ७९७ | ३६९ | ४२८ | ७९७ |
| ७ | बालबिकासकेन्द्र-कक्षा १२ | ५३१६ | ५२७६ | १०५९२ | ५३७१ | ५२१६ | १०५८७ | ५३३१ | ५१९४ | १०४३५ |

*श्रोतः EMISData, रोल्पानगरपालिका*

## तालिका नं. ५

## सामुदायिक विद्यालयमा दरबन्दी

| प्राथमिकतह | | निम्न माध्यमिक तह | | माध्यमिक तह | | विद्यालय सहायक कर्मचारी | विद्यालय सहयोगी | बालविकाससहजकर्ता | सामुदायिक सिकाइ केन्द्र सहजकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत दरबन्दी | राहत | स्वीकृत दरबन्दी | राहत | स्वीकृत दरबन्दी | राहत | | | | | |
| १३७ | २५ | २१ | १४ | ८ | ८ | ११ | ६६ | ७२ | ६ | |

*श्रोतः शिक्षा शाखा,रोल्पा नगरपालिका*

## तालिका नं. ६
## बालविकासर प्रा.वि शिक्षक विवरण

| बालबिकास | | | प्राथमिक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | | | अस्थायी | रिक्त | राहत | पालिका अनुदान | कुल जम्मा |
| महिला | पुरुष | जम्मा | प्रथम | द्धितीय | तृतीय | | | | | |
| ६७ | ५ | ७२ | ५ | १२ | ११३ | ७ | ० | २५ | १४ | १७६ |

*श्रोत: शिक्षा शाखा, रोल्पा नगरपालिका*

## तालिका नं. ७
## आधारभुत ६८विवरण

| स्थायी | | | अस्थायी | रिक्त | राहत | शिक्षण सिकाई अनुदान | पालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | द्धितीय | तृतीय | | | | | | |
| ० | ४ | १७ | ० | ० | १४ | १२ | १३ | ४९ |

*श्रोत: शिक्षा शाखा, रोल्पा नगरपालिका*

## तालिका नं. ८
## मा.वि ९-१२ शिक्षक विवरण

| स्थायी | | | अस्थायी | रिक्त | राहत | शिक्षण सिकाई अनुदान | पालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | द्धितीय | तृतीय | | | | | | |
| ० | ४ | ४ | ३ | ० | ८ | १८ | ८ | ४५ |

श्रोत:शिक्षा शाखा, रोल्पा नगरपालिका

# १.२ मूख्य समस्या तथा चुनौतीको विश्लेषण

## क. मुख्य समस्याहरू

राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ ।देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। **"समृद्ध नेपाल, सुखी नेपाली"** हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो ।सुशासन मार्फत सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ।सामाजिक न्यायसहितको समृद्धिमा समाजवादी विशेषता अन्तर्निहित रहेको हुन्छ।सामाजिक न्याय स्थापित गर्दै हासिल भएको समृद्धि दिगो, समावेशी, समुन्नत एवम् अनुभूतियोग्य हुनेछ।यिनै आदर्शका साथ सोह्रौं योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" को सोच राखेको छ। यसैगरी "सक्षम,सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नगरपालिकाको सामाजिक आर्थिक रुपान्तरणको माध्यमबाट " **समृद्ध नगर सुखी खुशी नगरवासी** " आकाङ्क्षा पूरा गर्ने " रोल्पा नगरपालिकाको शिक्षा क्षेत्रको यस योजनाको दीर्घकालीन सोच हो।सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवम् गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो।मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो।

यस नगरपालिकामा गुणस्तरीय, व्यावसायिक र जीवनोपयोगी शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय भएता पनि भने जति शिक्षामा विकास हुन सकेको छैन।समुदायको जनसङ्ख्याको आधारमा सामुदायिक विद्यालयको समानुपातिक वितरण हुन नसकेको अवस्था रहेको छ।यस पालिकाका अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनु पर्ने देखिन्छ भने विद्यार्थी सङ्ख्या अनुसार शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता रहेको छ।विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु , पाठ्यक्रमले तोके बमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु , बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु , स्थानीय पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु , दुर्गम तथा भौगोलिक बनावटका कारण शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु , वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु, शिक्षा लाई जागिरसँग मात्र जोड्नु आदिलाई शिक्षाक्षेत्रका प्रमुख समस्याका रूपमा उल्लेख गर्न सकिन्छ ।

## ख) शिक्षा क्षेत्रका चुनौतीहरू

यस रोल्पानगरपालिकाको विद्यालय शिक्षा क्षेत्रका मुख्य चुनौतीहरूमा गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु , विद्यालय नक्साँकन तथा समायोजन गर्नु , विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु , पाठ्यक्रम पाठ्यपुस्तक

तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु , शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु , विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु , जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु , उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु देखिन्छ।

विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था , बाल तथा अपाङ्गमैत्री पूर्वाधारको व्यवस्था नभएका कारण प्रायः जसो विद्यालयमा वालमैत्री संरचना र सिकाई लागु हुन सकिरहेको छैन। विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु , बालविकास केन्द्रहरूमा बालमैत्री सिकाई तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु , वडास्तरमा सामुदायिक सिकाइ केन्द्रको स्थापना हुन नसक्नु पनि चुनौतीको रूपमा रहेको देखिन्छ। आफ्ना बालबालिकाको शैक्षिक स्थितिका बारेमा अभिभावकहरूमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासित विहीनता अवस्था समेत देखिन थालेको छ। विद्यालय व्यवस्थापन समिति तथा शिक्षकबिच सुझबुझ तथा समझदारी निर्माणमा कठिनाइ रहेको र प्रधानाध्यापक तथा शिक्षक बीच तहगत बेमेलका कारण शैक्षिक वातावरणमा सुधार गर्न चुनौती छ। शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला , कम्प्युटर, शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता , पुस्तकालयकोअभाव, शैक्षिक सङ्ग्रहालय स्थापना नहुनु र अतिरिक्त क्रियाकलापमा नियमितताको कमीका कारण गुणस्तरीय शिक्षामा नकारात्मक प्रभाव परिरहेको छ। यसका साथै विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनोपयोगी , व्यावसायिक र रोजगारमूलक पाठ्यक्रम तथा शैक्षिक प्रणाली अनुसार पठनपाठन नहुँदा पढाइ छाडनेहरूको सङ्ख्या बढेकै छ ।

### १.४ अवसर तथा सवल पक्षहरू

तीन तहका सरकार बिच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सकिने अधिकार हुनु , शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु , तीन वटै सरकार तथा अन्य सङ्घसंस्थाहरूबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु , स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवसर हुनु , स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता हुनु , गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह देखिनु, सकारात्मक लैङ्गिक समता सूचकाङ्क हुनु, शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता हुनु र व्यापक लगानी हुनु , वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु, स्थानीय सरकारलाई यहाँका नागरिकहरूको सहयोग, समर्थन र सहकार्य हुनु शिक्षाक्षेत्रको अवसरका रूपमा लिन सकिन्छ ।

### क) विगतको प्रयास

यस रोल्पानगरपालिकालाई शैक्षिक स्तरमा गतिवान बनाउनका लागि स्थानीय सरकार गठन भएपश्चात् शिक्षा क्षेत्रमा गरिएका प्रयासहरु देहाय बमोजिम रहेका छन्।

- विद्यालय भौतिक पूर्वाधार निर्माण गरिएको

- विद्यालयमा खेलकुदमा सहभागिता तथा प्रतिभा पहिचान गर्नका लागि नगरपालिका अध्यक्ष कप तथा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन
- पूर्व प्राथमिक कक्षा देखि कक्षा ३ सम्म कक्षा कोठा सवलीकरण तथा छापामय कक्षा कोठा निर्माण
- कक्षा ८ मा पालिकास्तरीय परीक्षा सञ्चालन
- निशुल्क स्यानिटरी प्याड वितरण
- शिक्षक कमी भएका विद्यालयहरुमा नगरपालिकाद्वारा नगरस्वयमसेवक शिक्षकको व्यवस्था गरिएको
- दिवा खाजाको व्यवस्था
- वाइफाइको नपहुँच भएका विद्यालयहरुमा वाइफाइ जडान/निर्माण गरिएको
- विद्यालयहरुमा शाखाबाट निरन्तर सुपरीवेक्षणमार्फत पृष्ठपोषण तथा आवश्यक अन्य प्राविधिक सहयोग प्रदान

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

सबल पक्षहरु

१. विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारको लागि प्रतिस्पर्धात्मक भावनाको विकास भएको छ।
२. स्थानिय तह नजिकको सरकारको रुपमा संरचना तयार भएपछि विद्यालयहरुको अनुगमन हुँदै आएको छ।
३. विद्यालयहरुमा अंग्रेजी तथा नेपाली माध्यमवाट पठनपाठन भईरहेको छ ।
४. नजिकका स्थानिय तहहरुको विचमा शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न अभ्यास भईरहेका छन्।
५. विद्यार्थीहरुले प्राविधिक शिक्षा अध्ययन गर्न टाढा जानुपर्ने बाध्यता हटेको छ।
६. कक्षा १२ सम्म अध्यापनका लागि तीन विद्यालय सञ्चालित छन् ।
७. पालिकाले जहाँ विधार्थी त्यहाँ शिक्षक भन्ने निति अनुरुप शिक्षक दरवन्दी मिलान कार्य शुरुवात गरेको छ।
८. विद्यालयमा शिक्षक जनशक्ती अभाब हुननदिन नगर अनुदान शिक्षक नियुक्त गरिएको छ।
९. विद्यालयहरूमा Science lab / ICT lab / library सञ्चालन क्रमश हुदै गरेका छन् । पाठ्यसामाग्री पनि बेलाबेलामा वितरण गरिदै आएको छ।
१०.शैक्षिक गुणस्तर सुधारको लागी मासिक प्र.अ. बैठक गरिदै आएको
११.कक्षा १ देखि ८ सम्म स्थानिय पाठ्यक्रम निर्माण गरिएको छ ।
१२.विषयगत शिक्षको पाठ्यक्रम प्रबोधिकरण एवंम तालिम बेलाबेलामा स्थानिय तहले दिने गरेको छ।
१३.विद्यार्थीहरुमा खेलकुद क्षेत्रको विकासको लागी माध्यामिक तह सञ्चालित विद्यालयहरु बीच राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गर्ने गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्ष**

१. पालिका स्तरमा सन्चालित विद्यालयमा तहगत र विषयगत शिक्षक व्यवस्थापन गर्नुपर्ने
२. विद्यालय अनुगमन र निरीक्षण समय-समयमा गर्नुपर्ने ।
३. बालमैत्री कक्षाकोठा बसाइ व्यवस्थापन मापदण्ड अनुसार बनाउनुपर्ने
४. विद्यालयमा हुने राजनैतिक हस्तक्षप बन्द गर्नुपर्ने ।
५. अभिभावक शिक्षा संचेतना कार्यक्रम सन्चालन गर्नुपर्ने
६. विद्यालय सञ्चालन तथा व्यवस्थापन स्थानिय सरकार र अभिभावकको साझेदारिमा गर्नुपर्ने
७. एक वडा एक नमूना विद्यालय प्रावधान ल्याउनुपर्ने ।
८. प्रधानाध्यापकको क्षमता विकास गरी समय सान्दर्भिक बनाउनुपर्ने
९. विषयगत शिक्षाका सञ्जाल तयार गरी आवश्यक छलफल गर्दै विषयगत नतिजा सुधार गर्नुपर्ने ।

**चुनैती हरू**

१. विद्यालय अनुसार कक्षागत र विषयगत शिक्षकको अभाब हुनु ।
२. वि.व्य.स., विद्यालय प्रशासन, शि.अ.सं., विद्यार्थी शिक्षक र अभिभावक बीच समन्वय कमहुनु।
३. स्थानिय सरकार तथा नियमन निकायबाट प्रभाबकारि रूपमा अनुगमन, निरिक्षणको कमी ।
४. अभिभावहरू विद्यालय शिक्षाप्रति कम चासो दिनु
५. आर्थिक अभावका कारण बैदेशिक रोजगारीमा जानु पर्ने बाध्यता
६. शिक्षक-विद्यार्थी विचको अनुपात मिलाउन संघ तथा प्रदेशबाट दरवन्दी मिलान नहुनु
७. बालमैत्री विद्यालयका लागि प्रशस्त खानेपानी सूचना प्रविधी प्रयोगशालाको अभाव
८. आवश्यकतानुसार खेल मैदान तथा खेल सामग्रीको अभाव
९. बालबालिकालाई विद्यालय पुग्नका लागि भौगोलिक विकटता हुनु
१०.प्राकृतिक विपत्ती जस्तै, बाढिपहिरो, चट्याङ आदिको जोखिम उच्च हुनु
११.समुदाय र विद्यालय सुमधुर सम्बन्धमा कमी

## १.४ अवसर

१. समुदायका बालबालिकाहरुका लागि सर्वसुलभ, शैक्षिक (विद्यालय) संस्थाको व्यबस्था हुनु ।
२. दरबन्दी अपर्याप्त विद्यालयहरुका लागी नगर अनुदान मार्फत केहि विद्यालयहसले राहत पाउनु।
३. प्रायजसो विद्यालयहरू सडक सञ्जालसँग जोडिनु ।
४. धेरै विद्यालयमा विद्दुत तथा इन्टरनेटको पहुँच तथा पालिका अनुदान उपलब्ध हुनु ।
५. मा.वि. तथा अधारभुत तहमा आइसीटी सुविधा क्रमशः उपलब्ध हुदै जानु ।
६. शैक्षिक व्यवस्थापन तथा क्षमता विकाससँग सम्बधित तालिमहरु निरन्तर थौरै संख्यामा भए पनि उपलब्ध हुँदै जानु ।
७. शैक्षिक विकासकालागि गैर सरकारी संस्था हरु मार्फत विविध खाले सहयोग उपलब्ध गराउनु।
८. स्थानीय पाठ्यक्रम १-८ सम्म व्यवस्था हुनु ।

# परिच्छेदः २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

**परिचय**

योजना भनेको भविष्यको अवस्था हेर्ने एक रचनात्मक कला हो। योजनाको यही विशेषताका आधारमा यस परिच्छेदमा अबको पाँच वर्षमा शैक्षिक क्षेत्रमा पुग्न सकिने रोल्पानगरपालिकाको शिक्षाको गन्तव्यलाई अनुमान गरिएको छ।

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ।यस खण्डमा हाम्रो स्थानीय तहको शैक्षिक योजना कार्या न्वयनबाट केके प्राप्त गर्ने तथा केके उपलब्धि हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्य गर्छौं ।जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्य निर्धारण गर्छौं तर यी कार्य गर्नुपूर्व तथा कार्यको दौरानमा हामीले उल्लिखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजको प्रावधानलाई योजनाको लक्ष्यमा प्रतिबिम्वित गर्नु अनिवार्य हुन्छ । यसकालागि हाम्रा नीति , ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजमध्ये केहीमा उल्लेख भएका प्रावधानलाई निम्नानुसार प्रस्तुत गरिएका छन् :

### २.१.१ संवैधानिक प्रावधान

धारा ३१

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।
२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने छ ।
३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ ।
४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोला इसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने छ।
५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

धारा ५१ राज्यका नीतिः <u>(ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिः</u>

१. शिक्षालाई वैज्ञानिक , प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एव म् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसैगरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५ , धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २ , धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

दफा ११ (२)ज**(स्थानीय तहका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार)**

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ , सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति , कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना , अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. नगर तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०.विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११.सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२.विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३.सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४.आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५.विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६.निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७.ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८.स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९.स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०.माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१.सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

२२.शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३.अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः

क) नगरपालिका तथा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने छ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन , लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्ने छ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने , स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पर्या् उने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याप्उने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

**२.१.३ सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):**

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीयतहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमास्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा , बजेट व्यवस्था तथा कार्यान्वयनगर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ ।
- सङ्घले आयोजनातर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्ने छ रत्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

१. दफा६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चारवर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मअनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ ।
२. चारवर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदानगर्नुपर्ने छ ।
३. दफा१४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने ।
४. दफा१५अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने ।
५. दफा१६अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने
६. दफा१७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था
७. दफा१८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा
८. दफा२०माध्यमिक तहसम्मको शिक्षा निःशुल्कहुने
९. पाठ्यपुस्तकउपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था
१०. साक्षरताकार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र , ख) आधारभूत प्रौढ शिक्षा , ग) परम्परागत तथाअनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
११. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जाननसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवाससुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)
१२. माध्यमिकतहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क , ख) मासिक पढाईशुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)
१३. छात्रवृत्तितथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक , सांकेतिक भाषामा पाठ्य तथा सिकाइसामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधासहितकोविद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्रीआदि) । (नियम ६)
१४. जनआन्दोलन, सशस्त्र संघर्ष , क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद , बेपत्ता पारिएकाव्यक्ति, द्वन्द्व पीडित , घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूततहसम्मको विद्यालय शिक्षामा दिवा खाजा , पोसाक तथा स्टेशनी वापतको छात्रवृत्तिमाआवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ ।

## २.२ दूरदृष्टि (Vision)

सक्षम,सिर्जनशील र संस्कारयुक्त नागरिक तयार गरी नगरपालिकाको सामाजिक आर्थिक रुपान्तरणको माध्यमबाट "**समृद्ध नगर सुखी खुशी नगरवासी**" आकाङ्क्षा पूरा गर्ने ।

## २.३ लक्ष्य (Goal)

राष्ट्रिय तथा अन्तराष्ट्रियस्तर सँग तुलनायोग्य गुणस्तर सहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सुब्यवस्थित , सक्षम, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा पद्धतिको विकास गर्ने।

## २.४ उद्देश्यहरु (Objectives)

यस योजनाको मूख्य उद्देश्य शिक्षालाई अधिकारका रुपमा स्थापित गरी मानव मूल्यमा आधारित गुणस्तरीय विद्यालय शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समावेशिताको प्रवर्द्धन गरी शिक्षित जनशक्ति निर्माण गर्नु निर्धारण गरिएको छ।यस योजनाको दीर्घकालीन सोच र लक्ष्यलाई पूरा गर्नका लागि निम्नलिखित उद्देश्यहरु निर्धारण गरिएको छनः

१. सबै बालवालिकालाई विद्यालयमा समतामुलक पहुच र सहभागिता सुनिश्चित गर्नु

२.आधारभूत शिक्षालाई अनिवार्य र नि :शुल्क तथा माध्यमिक शिक्षालाई क्रमश नि :शुल्क गर्दै शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु

३. बालमैत्री तथा अपाङ्गमैत्री भौतिक पुर्वाधार निर्माण गरी सिकाइ बातावरणमा सुधार ल्याउनु

४. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारीरुपमा कार्यान्वयन गर्नु

५. सवै विद्यालयमा नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको ब्यवस्थापन गर्नु

६. शिक्षामा सूचना तथा संचार प्रविधिको पहुच र प्रभावकारी कार्यान्वयन गर्नु

७. अनौपचारि शिक्षा तथा आजीवन सिकाइ अवसर सुनिश्चित गर्नु

८. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्नपाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारीरुपमा कार्यान्वयन गर्नु

९. प्राविधिक तथा ब्यवसायिक शिक्षामा र उच्च शैक्षिक संस्थामा पहुच विस्तार गर्नु

१०. समग्र शिक्षा प्रणालीमा शैक्षिक सुशासन प्रवर्धन, अन्तर सरकारी समन्वय तथा सहकार्यको सुदृढीकरण र विद्यालय शिक्षा सेवा प्रवाहमा संलग्न ब्यक्ति तथा संस्थाहरुको क्षमता विकास गरी प्रभावकारी गुणस्तरीय शैक्षिक सेवा प्रवाहको सुनिश्चितता गर्नु ।

## २.५ रणनीति

उल्लिखित उद्देश्यहरु पूरा गर्न देहाय बमोजिमका रणनीति तय गरिएको छः

| उद्देश्य | क्र.स. | रणनीतिहरु |
|---|---|---|

| नं. | | |
|---|---|---|
| १ | १.१ | सवै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्च गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुँच विस्तार गर्ने |
| २ | २.१ | अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा सवै बालबालिकाको समतामुलक पहुँच गुणस्तर र निरन्तरता सुनिश्चित गर्न विभिन्न प्रोत्साहन मुलक कार्यक्रम संचालन गर्ने |
| २ | २.२ | सवै आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको ब्यवस्था गर्ने |
| २ | २.३ | वडा नमूना विद्यालय घोषणा गरी कक्षागत र विषयगत दक्षशिक्षकको ब्यवस्था गर्ने |
| ३ | ३.१ | अपाङ्ग तथा बालमैत्री सिकाइ मुलक कक्षाकोठा निर्माण गर्ने |
| | ४.२ | आधुनिक प्रविधिसँग परिचित शिक्षक तथा बाल विकास सहजकर्ताहरु तयार गर्ने |
| | ४.३ | जस्तो सुकै विषम परिस्थितिमा समेत सिकाइ सहजीकरण गर्न सक्ने जनशक्ति भौतिक संरचना निर्माण गर्न आवश्यक कार्य गर्ने |
| ५ | ५.१ | आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निशुल्क घोषणा गर्ने |
| | ५.२ | माध्यमिक तहसम्मको शिक्षालाई निशुल्क सुनिश्चित गर्ने |
| ६ | ६.१ | सामुदायिक तथा संस्थागत विद्यालयहरु राष्ट्रिय मूलधारमा आवद्ध रहेको सुनिश्चित गर्ने |
| | ६.२ | राष्ट्रिय पाठ्यक्रमको मर्म बमोजिम शिक्षा प्रदान गर्न विद्यालयमा कार्यरत जनशक्तिहरुलाई आधुनिक शिक्षण पद्धतिसँग दखलता हासिल गर्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने |
| ७ | ७.१ | स्थानीय परिवेश, धर्म, संस्कृति, मौलिकता, कला, सीप, प्रविधि तथा माग समेतलाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम अद्यावधिक गर्ने |
| | ७.२ | स्थानीय भाषाहरु र शिक्षण सिकाइका अन्य माध्यम भाषा नेपाली, अंग्रेजीलाई समेत प्रयोग गर्न सक्ने खालका बहुभाषी शिक्षकहरु तयार गर्ने |
| ८ | ८.१ | अतिरिक्त क्रियाकलाप तथा खेलकुदका माध्यमबाट विद्यार्थीहरुले प्रतिभा प्रदर्शन गर्न सक्ने अवसर प्रदान गर्ने |

| | | |
|---|---|---|
| | ८.२ | पालिकाभित्र रहेका लुप्त प्रतिभाहरुलाई खोजी गरी उनीहरुको प्रतिभालाई निखार्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान दिन सहयोग गर्ने |
| ९ | ९.१ | प्रारम्भिक कक्षाहरुमा कक्षा दोहोर्याउने तथा छाड्ने दर घटाउन अभिभावक सचेतना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने |
| | ९.२ | माथिल्ला कक्षाहरुमा विद्यार्थी टिकाउन तथा कक्षा छाड्ने प्रवृत्तिको अन्त्य गर्न पढ्दै कमाउँदै अभियान, वर्ग लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने |
| १० | १०.१ | माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थी संख्यामा उल्लेख्य वृद्धि गर्न कक्षा ६-८ मा अध्ययन गर्ने विद्यार्थीहरु टिकाउने |
| | १०.२ | कक्षा ११ र १२ तथा उच्च शिक्षाको पहुँच र गुणस्तरीयता तथा रोजगारीको सुनिश्चितता हुन सक्ने अवस्था कायम गर्ने |
| | १०.३ | पालिकाभित्रका सबै शैक्षिक क्षेत्रमा कार्यरत सबै प्रकारका जनशक्तिलाई क्षमता विकासको अवसर प्रदान गर्ने |
| ११ | ११.१ | विद्यालय अनुगमनलाई निरन्तर र शैक्षिक सुधारको एक अभिन्न अंगका रुपमा विकास गर्ने |
| | ११.२ | अपाङ्गमैत्री, अल्पसंख्यकहरुको सहभागितायुक्त, हरित वातावरण उन्मुख तथा समतामूलक शैक्षिक वातावरण सिर्जना गरिने |

## २.६ कार्यनीति

यस योजनाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि तय गरिएका रणनीतिहरुको व्यावहारिक कार्यान्वयन गर्नका लागि तय गरिएका कार्यनीति (कार्यक्रम तथा क्रियाकलाप) लाई देहाय बमोजिम उल्लेख गरिएको छः

| कार्यनीतिहरु | रणनीति नं. |
|---|---|
| १. विद्यालय नक्साङ्कको आधारमा  प्रारम्भिक बालविका शिक्षा र विद्यालय स्थापना समायोजन र विस्तार गरिने छ ।<br>२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत अभियान अभिभावक शिक्षा नि:शुल्क पाठ्यपुस्तक छात्रवृति स्टेशनरी पोशाक वितरण जस्ता कार्यक्रम संचालन गरिने छ । | १.१ |

| | |
|---|---|
| | |
| १. हाल संचालनमा रहेका सबै आधारभूत र माध्यमिक विद्यालयमा दरबन्दी मिलान विद्यालयको समायोजन गर्दै विषय शिक्षकको ब्यवस्थापन गरिने छ ।<br><br>२. सबै माध्यमिक विद्यालय सम्म सडकको पहुच स्तरउन्ती र पक्की गरी निशुल्क स्कूल बसको ब्यवस्था गरिने छ ।<br><br>३. हरेक वडाको एक माध्यमिक विद्यालयमा आवासीय छात्रवासको ब्यवस्था गरी भौगोलिकरुपमा विकट र दुरी ताढा भएका विद्यार्थीहरुको लागि आवासिय सुविधा ब्यवस्था गरिने छ । | २.१ |
| १. विद्यालय नक्साङ्क तथा विद्यालय भौतिक सर्वेक्षण गरी अपाङ्ग तथा बालमैत्री सिकाइ मुलक कक्षाकोठा मर्मत तथा निर्माण गरिने छ ।<br><br>२. सबै प्रारम्भिक बालविकास देखि कक्षा ३ सम्म सबै कक्षा कोठामा बसाइ ब्यवस्थापन विषयगत सिकाइकुनाको ब्यवस्था गरिनेछ।<br><br>३. आधारभूत तथा माध्यमिक विद्यालयका सबै कक्षाका लागि सुविधायुक्त फर्निचर र डिजिटल बोर्डको ब्यवस्था गरिने छ।<br><br>४. औपचारिक शैक्षिक संस्थामा जान नसक्ने व्यक्तिहरुलाई विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा खुल्ला शिक्षाका माध्यमबाट शिक्षाको पहुँच सुनिश्चित गरिनेछ। | ३.१ |
| १. विद्यालयहरु आफैंले आवश्यक स्रोत साधनहरुको व्यवस्था गरी विद्युत जडान, कम्प्युटर, ल्यापटप, वाइफाइ जडान, एलइडी टिभी, साउण्ड सिस्टम, स्मार्ट बोर्ड जस्ता सामग्रीहरु खरिद गर्न प्रोत्साहित गरिनेछ।<br><br>२. पालिका तथा अन्य संघ संस्थाबाट विद्यालयहरुलाई ICT सम्बन्धी सामग्रीहरु उपलब्ध गराइ प्रयोग गर्न प्रोत्साहित गरिनेछ।<br><br>३. Artificial Intelligence लगायतका सिकाइका नयाँ प्लेटफर्म र ट्रेन्डसँग परिचित शिक्षक र ती प्लेटफर्म प्रयोग गर्न अवसर सिर्जना र प्रोत्साहन गरिनेछ। | ४.१ |
| १.आधुनिक प्रविधिहरुलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्न सक्ने जनशक्ति बनाउन आधारभूत तालिमको अवसर सबै सम्बन्धित व्यक्तिहरुलाई प्रदान गरिनेछ।<br><br>२. सामाजिक सञ्जालमार्फत समूह निर्माण गरी तथा भौतिक रुपमा समेत बैठक, | ४.२ |

| | |
|---|---|
| कार्यशाला जस्ता कार्यक्रमहरु आयोजना गरी अनुभव आदानप्रदानको अवसर सिर्जना गरिनेछ।<br>३. सबै विद्यालयहरुमा कम्प्युटर, प्रिन्टर, OHP र LED TV युक्त बनाइनेछ।<br>४. एक शिक्षक-एक ल्यापटप सुनिश्चित गरिनेछ। | |
| १. प्रविधि मैत्री तथा महामारीजस्ता विषम परिस्थितिमा समेत प्रयोग गर्न सकिने किसिमका शैक्षिक भौतिक संरचना निर्माणका लागि भौतिक तथा प्राविधिक शाखासँग समन्वय गरिनेछ।<br>२. महामारीजस्ता विषम परिस्थितिमा हुने शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न सक्ने किसिमका वैकल्पिक शिक्षण सिकाइका पद्धतिहरुको खोजी गरी त्यस्ता विधि पद्धतिलाई प्रयोग गर्न सक्ने किसिमको जनशक्ति तयार गर्न तालिमहरु प्रदान गरिनेछ।<br>३. बाल विकाससहित कम्तिमा प्रारम्भिक कक्षाहरु १-३ सम्मका कक्षाहरु लाई पार्टेशन गर्न कम्पाउण्डिङ्ग गरी बाल उद्यानसहित बाल मैत्री तथा सुरक्षित बनाइनेछ। | ४.३ |
| १. आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरु औपचारिक संस्थाहरुमा रहेको सुनिश्चित गरिनेछ।<br>२. आधारभूत तहसम्मको शिक्षा निशुल्क गर्नका लागि पालिकाबाट आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने र पालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य र निशुल्क सुनिश्चित रहेको घोषणा गरिनेछ। | ५.१ |
| माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने विद्यालयहरु प्रत्येक वडामा एक/एक वटा सञ्चालनगर्ने, विद्यार्थी सहभागिता बढाइने र माध्यमिक तहसम्मको शिक्षा सञ्चालन गर्न लाग्ने आवश्यक आर्थिक स्रोतको व्यवस्थापन पालिकामार्फत गरी निःशुल्क सुनिश्चित गरिनेछ। Big School हरु बनाउन र व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ। | ५.२ |
| १. सबै संस्थागत विद्यालयहरू अनुमति प्राप्त भएको यकिन गरिनेछ।<br>२. सबै संस्थागत विद्यालयहरुलाई एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा आवद्ध गरी आवश्यक तथ्याङ्क अद्यावधिक गरेको सुनिश्चित गरिनेछ।<br>३. नेपाल सरकारले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक लागू भएको सुनिश्चत गरिनेछ। | ६.१ |

| | |
|---|---|
| ४. केही प्राविधिक विद्यालयहरुमा निर्धारित र प्रचलित माथिल्लो तह वा कक्षा पढाइ हुने गरी कक्षा थप र जनशक्ति व्यवस्थापन गरिनेछ। | |
| १. नेपाल सरकारको वर्तमान मौजुदा पाठ्यक्रमको आवश्यकता र महत्त्वको बारेमा सरोकारवाला व्यक्तिहरुलाई अभिमूखीकरण गरिनेछ।<br>२. मौजुदा पाठ्यक्रमले अपेक्षा गरेको लक्ष्यानुरुप उपलब्धि हासिल गर्न सक्ने किसिमको जनशक्ति तयार गर्न आधारभूत शिक्षण विधिसम्बन्धि तालिम तथा पुनर्ताजगी तालिमहरु सञ्चालन गरिनेछ।<br>३. सामुदायिक विद्यालयका शिक्षकहरुलाई जस्तै विभिन्न पेशागत विकासका अवसरहरु प्रदान गरिनेछ। | ६.२ |
| १. स्थानीय परिवेश, धर्म, संस्कृति, मौलिकता, कला, सीप, प्रविधि तथा मागको बारेमा अध्ययन गरी अभिलेखीकरण गरिनेछ।<br>२. माथिउल्लेखित क्षेत्रहरुका बारेमा जानकारहरुसमेतको सहभागिता रहेको एक समितिमार्फत स्थानीय पाठ्यक्रम अद्यावधिक गरिनेछ। | ७.१ |
| १. नवप्रवेशी तथा स्थानीय कार्यरत शिक्षकहरुलाई नेपाली र अंग्रेजी भाषामा कमजोरहरुलाई यी दुई भाषाको आधारभूत प्रयोग सम्बन्धी तालिम सञ्चालन गरिनेछ। साथै बालविकास संयोजकलाई दिइएको नियुक्ति समेत निरन्तरता गरिनेछ | ७.२ |
| १. नगरपालिकामा खेलकुदसम्बन्धि आधारभूत सीप र अवधारणा विकास गर्न विद्यालयहरुका लागि नगरपालिकास्तरीय खेलकुद प्रशिक्षकहरुलाई दिइएको नियुक्तिलाई निरन्तरता गरिनेछ।<br>२. विद्यालय तथा नगरपालिकास्तरीय विविध अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ।<br>३. विद्यालयस्तरीय र अन्तरविद्यालयस्तरीय प्रतियोगिताहरु सञ्चालन गर्न विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ। | ८.१ |
| १. Talent Hunt कार्यक्रममार्फत पालिकाभित्र रहेका प्रतिभाहरुको खोजी गरिनेछ।<br>२. Youtube लगायत अन्य सामाजिक सञ्जालहरुमा रोल्पानगरपालिकाको Account बनाइ प्रतिभाहरुको प्रचारप्रसार गरिनेछ।<br>३. विद्यालय तथा पालिकास्तरबाट प्रतिभाहरुलाई थप अभ्यास गर्नका लागि एकेडेमी स्थापना गरी अत्याधिक सदुपयोग गर्ने अवसर सिर्जना गर्न तथा तालिम, | ८.२ |

| | |
|---|---|
| कार्यशालाहरु सञ्चालन गरिनेछ। | |
| १. प्रारम्भिक कक्षाहरुमा विद्यार्थीहरुको कक्षा छाड्ने र दोहोर्याउने दरका कारणहरु पत्ता लगाउन अध्ययन गरिनेछ।<br>२. ती कारणहरु निराकरण गर्न अभिभावक सचेतना कार्यक्रम तथा अभिभावक आयआर्जनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ। | ९.१ |
| १. आधारभूत तहको कक्षा ६-८ सञ्चालित विद्यालयहरुलाई भौतिक पूर्वाधार तथा जनशक्ति सम्पन्न बनाई गुणस्तर प्रवर्द्धनतर्फ अग्रसर सक्षम विद्यालयका रुपमा विकास गरिनेछ।<br>२. प्राविधिक तथा साधारण धारमा अध्ययनरत विद्यार्थीहरुलाई पढ्दै कमाउदै गर्न सक्ने खालका कामहरुको खोजी गरी परिचालन गरिनेछ।<br>३. छात्रा, विपन्न वर्गका विद्यार्थीहरुका लागि विशेष खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ। | ९.२ |
| १. कक्षा ६ मा विद्यार्थीहरुको उल्लेख्य भर्ना गर्ने र ती विद्यार्थीहरुलाई कक्षा ९ सम्मको कक्षामा भर्ना हुन प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>२. पढ्दै कमाउँदै कार्यक्रमलाई सार्थक तुल्याई कमाउनका लागि पलायन हुने प्रवृत्ति न्यूनीकरण गरिनेछ।<br>३. बाल बिवाह मुक्त पालिका घोषणा गरी छात्राहरुको माध्यमिक तहसम्मको अध्ययनलाई टेवा पुर्याइनेछ। | १०.१ |
| १. उच्च शिक्षा अध्ययनरत वा अध्ययन पूरा गरिसकेका व्यक्तिहरुलाई स्थानीयस्तर तथा विभिन्न आयोग, संघसंस्थाहरु तथा आयआर्जनमूलक कार्यक्रमहरुमा सहभागी गराइ पछिल्ला विद्यार्थीहरुलाई कक्षा ११, १२ र उच्च शिक्षामा सहभागिता गराइनेछ। | १०.२ |
| १. सबै तहका शिक्षकहरुलाई पेशागत विकासका लागि सान्दर्भिक र उपयुक्त विधिमार्फत निरन्तर पेशागत क्षमता विकास गर्न अवसर सिर्जना गरिनेछ।<br>२. शैक्षिक क्षेत्रमा कार्यरत विद्यालय कर्मचारी, वि.व्य.स. सदस्य तथा अन्य सरोकारवाला जनशक्तिहरुको कार्यदक्षता अभिवृद्धि गर्न तालिम, कार्यशाला, अनुभव आदानप्रदान तथा थप प्रोत्साहन जस्ता अवसरहरु प्रदान गरिनेछ। | ११.१ |

| | |
|---|---|
| १. विद्यालय अनुगमनको लागि संयन्त्र निर्माण तथा अनुगमन फाराम निर्माण गरी निर्धारित योजना र कार्यक्रम बमोजिम निरन्तर अनुगमन गरिनेछ।<br>२. अनुगमनबाट देखिएका सबल र दुर्बल पक्षहरुको समीक्षा तथा प्रतिवेदन सम्बन्धित सबै समक्ष पुग्ने गरी गरिनेछ।<br>३. अनुगमनबाट आएका सुझावहरुको पूर्ण पालना विद्यालयको जिम्मेवारी बनाइनेछ।<br>४. अनुगमनलाई त्रास नभइ पृष्ठपोषणको साधनका रुपमा विकास गरिनेछ। | ११.२ |
| १. नयाँ निर्माण हुने भौतिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री भएको सुनिश्चित गरिनेछ।<br>२. अल्पसंख्यक समुदायका बालबालिका लक्षित विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।<br>३. विद्यालयहरुमा वृक्षारोपण गर्न प्रोत्साहन गर्ने र Green School, Clean School बनाउन प्रेरित गरिनेछ।<br>४. हरेकदृष्टिकोणले भेदभावरहित समतामूलक शैक्षिक वातावरण निर्माणमा सरोकारवालाहरुलाई अग्रसर गराइनेछ। | ११.३ |

## २.७ अपेक्षित उपलब्धि

उल्लिखित रणनीति र सोअनुरूप लिइने कार्यनीति तथा कार्यक्रम सञ्चालन गरेपछि योजनाको अन्त्यमा हासिल हुने उपलब्धिहरुलाई देहाय बमोजिमले उल्लेख गरिएको छः

क) सबै उमेर समूहका साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको अवसर प्राप्त भएको हुनेछ।

ख)औपचारिक शिक्षाको अवसरबाट बञ्चित समूहलाई अनौपचारिक शिक्षा, विशेष र खुल्ला शिक्षाको अवसर प्रदान गरिएको हुनेछ।

ग) विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ।

घ) पूर्व प्राथमिक तथा आधारभूत तहको शिक्षालाई प्रविधि तथा वैकल्पिक सिकाइ पद्धतिसँग जोडेर शिक्षण सिकाइ गर्न गराउन सक्ने पूर्वाधार तथा जनशक्तिको विकास भएको हुनेछ।

ङ) आधारभूत तहको शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक तहको शिक्षा निशुल्क रहेको सुनिश्चित भएको हुनेछ।

च) स्थानीय भाषा र अन्य शिक्षण सिकाइका माध्यम भाषा जोड्न सक्ने स्थानीय पाठ्यक्रम र जनशक्ति तयार गरिएको हुनेछ।

ज) सबै बालबालिकाहरुलाई अन्तर्निहित क्षमता विकास गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्न अवसर प्रदान गरिएको हुनेछ।

झ) विद्यार्थीको कक्षा छोड्ने, दोहोर्याउने दर घटाउन तथा टिकाउ दर बढाउन अभिभावक शिक्षा लगायतका शैक्षिक अवसर सिर्जना गरिएको हुनेछ।

ञ) माध्यमिक तथा उच्च शिक्षा अध्ययनमा आकर्षण वृद्धि गरी रोजगार उन्मुख साधारण तथा प्राविधिक शिक्षाको अवसर सिर्जना गरिएको हुनेछ।

ट) शैक्षिक क्षेत्रमा रहेका जनशक्तिको क्षमता विकास गरिएको हुनेछ।

ठ) निरन्तर अनुगमन सुपरीवेक्षण तथा पृष्ठपोषणको माध्यमबाट शैक्षिक क्षेत्रको स्तर उकासी गुणस्तरीय शिक्षाको प्रवाहलाई मजबुत बनाइएको हुनेछ।

ड) हरित वातावरणप्रति प्रेरित तथा समतामूलक शैक्षिक वातावरण सिर्जना गरिएको हुनेछ।

### २.८ मुख्य कार्यसम्पादन सूचक Key Performance Indicators (KPIs) र लक्ष्य निर्धारण

यस योजनाले तय गरेको लक्ष्यानुसार विद्यालय शिक्षाका मुख्य कार्सम्पादन सूचकहरुको वर्तमान अवस्था विश्लेषण गरी यस योजनाको अन्तिम वर्षमा हासिल गरिने लक्ष्यलाई मात्रात्मक रुपमा देहाय बमोजिमले निर्धारण गरिएका छन्।

| क.स. | सूचक | | आधार वर्ष ०८१/०८२ | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिकबालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ९०.५ | ९२ | ९५ | ९८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४. | ९९. | दि.वि.ल. ४ (ने.रा.का.) | |
| १.२ | प्रारम्भिकबालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६२ | ७५ | ८५ | ९५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३. | ८५. | ९५. | दि.वि.ल. ४ (ने.रा.का.) | |
| | | | | | | | | |
| २.१ | कक्षा १ मानयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश | स्थानीय | ९६ | ९७ | ९८ | ९९ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दर (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९. | १०० | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | |
| २.२ | कक्षा १ मानयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२०.१ | ११५.५ | ११०.५ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.** | **१०७.** | **१०५.** | वि.क्षे.वि.यो. (सामान्य समायोजन) | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.१ | ९७.२ | ९८ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९. | ९९.५ | १०० | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १२७.८ | १२५.६ | १२२.५ | १२०. | | |
| | | प्रदेश | ११८.५ | | | | | |
| | | राष्ट्रिय | ११८. | ११५. | | | वि.क्षे.वि.यो. | |
| २.५ | आधारभूत तहकोकक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९५.५ | ९६ | ९८ | ९९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट | |
| २.६ | आधारभूत तहकोकक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ११० | १०९ | १०७ | १०५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३. | ११०. | १०७. | १०५. | दि.वि.ल. ४ (ने.रा.का.) | |
| २.७ | आधारभूत तहकोकक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८५ | ८६ | ८८ | ९० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३. | | | | फ्ल्यास | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | रिपोर्ट | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८४ | ९० | ९५ | १०० | | |
| | | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | दि.वि.ल. ४ (ने.रा.का.) दि.वि.ल. (रा.समीक्षा) | |
| २.९ | आधारभूततहमा (प्राथमिक कक्षा १-५) मा भर्नाभिएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १८ | १५ | १२ | १० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | फ्ल्यास रिपोर्ट दि.वि.ल. ४ (ने.रा.का.) | |
| २.१ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९२ | ०.९४ | ०.९६ | ०.९७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | दि.वि.ल. (रा.समीक्षा) | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.३ | ९५.६ | ९६.७ | ९७.३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९. | | १०० | पन्ध्रौं योजना वि.क्षे.वि.यो. | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११५. | ११२ | १०५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट | |
| २.१३ | आधारभूत तहकोकक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८२ | ८६ | ९० | ९५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५. | फ्ल्यास रिपोर्ट | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | दि.वि.ल. (रा.समीक्षा) | |
| २.१४ | आधारभूततह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९५ | ०.९७ | ०.९८ | १ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | फ्ल्यास रिपोर्टविक्षे. वि.यो. | |
| २.१५ | कक्षा ३ मा न्यूनतमसिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ कोआधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ९५ | ९५.५ | ९६ | ९८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | शै.गु.प.के. | |
| | | गणित | स्थानीय | ४० | ४५ | ५५ | ६० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१६ | कक्षा ५ मा न्यूनतमसिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ कोआधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४८ | ५५ | ६५ | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५. | ५२. | ६०. | ७०. | शै.गु.प.के. | |
| | | गणित | स्थानीय | ३५ | ४५ | ६० | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०. | ६०. | ७०. | शै.गु.प.के. | |
| | | अङ्ग्रेजी | स्थानीय | ५५ | ६० | ६५ | ७२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ८ मा न्यूनतमसिकाइ उपलब्धि | नेपाली भाषा | स्थानीय | ५५ | ६० | ७० | ७५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हासिल गरेका (कक्षा ८ को तह ३हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | शै.गु.प.के. | |
| | | गणित | स्थानीय | ४० | ५० | ६० | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०. | ६५. | ७०. | शै.गु.प.के. | |
| | | विज्ञान | स्थानीय | ४० | ५० | ६० | ७० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०. | ६०. | ७०. | शै.गु.प.के. | |
| | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ४७ | ५३.१ | ६०.२ | ७०.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५. | | फ्ल्यास रिपोर्ट सोह्रौंयोजना | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ६४ | ७५ | ८८ | ९९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | ९९. | फ्ल्यास रिपोर्ट दि.वि.ल. (रा.समीक्षा) | |
| ३.३ | माध्यमिक तहमाकूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.३६ | १.३६ | १.१८ | १.१४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०२ | १. | १. | १. | पन्ध्रौं योजना वि.क्षे.वि.यो. दि.वि.ल. (रा.समीक्षा) | |
| ३.४ | कक्षा १० काविद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | | स्थानीय | ५२ | ६२ | ७० | | |
| | | | | प्रदेश | | | | | |
| | | | | राष्ट्रिय | | | | | |
| | | गणित | | स्थानीय | ४० | ५० | ६० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | विज्ञान | स्थानीय | ४० | ५० | ६० | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४५ | ५५ | ६५ | | |
| | | | प्रदेश | | | | | |
| | | | राष्ट्रिय | | | | | |
| | | | | | | | | |
| ४.१ | साक्षरता दर (६वर्ष भन्दा माथि) (%) | स्थानीय | ८१ | ८९ | ९५ | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८२.** | **८९.** | **९५.** | **१००** | **दि.वि.ल.४ (ने.रा.का.)** | |
| ४.२ | साक्षरता दरमालैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.५४ | ०.६५ | ०.७ | ०.८ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **०.६५** | | | **०.८** | **दि.वि.ल. (रा.समीक्षा)** | |
| | | | | | | | | |
| ५.१ | कूल बजेटकोशिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४.५ | १० | १५ | २० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १०.६८ | १५.०० | १७.०० | २०.०० | **दि.वि.ल.४ (ने.रा.का.)** | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | **पन्ध्रौं योजना** | |

स्रोतः रोल्पा नगरपालिका शिक्षा शाखा

# परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

यस परिच्छेदमा शिक्षा क्षेत्रसँग सम्बन्धित मुख्य मुख्य उपक्षेत्रहरु समावेश गरिएका छन्। योजनाका सबै प्रमुख उपक्षेत्रहरु यस परिच्छेद अन्तर्गत समेटिने भएएकाले पनि यो परिच्छेद एक महत्त्वपूर्ण परिच्छेद हो। शिक्षाका प्रमुख उपक्षेत्रअन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा, अनौपचारिक शिक्षा, साक्षरता, निरन्तर र जिवनपर्यन्त सिकाइ आदिलाई समेटिएको छ।

नेपालको संविधानले निर्देशित गरेको दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना इत्यादि, शिक्षासम्बन्धि नीति, विभिन्न शिक्षा तथा अधिकारसम्बन्धि कानुनी प्रबन्ध, संयुक्त राष्ट्र संघीय दिगो विकासका लक्ष्य तथा दिगो विकासको लक्ष्य नं.४ सम्बन्धि नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालका प्रतिबद्धता, नेपालको सोह्रौं योजना, स्थानीय सरकार सञ्चालन ऐनका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रुपमा लिइएको छ। त्यसै गरी हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमलगायत विद्यालय शिक्षाको हालसम्मको प्रगति तथा अन्तरका आधारमा क्षमताको आँकलन गरिएको छ भने विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयनका लागि आवश्यक संरचना तथा तयारीलाई पनि क्षेत्रगत योजना निर्माणको एउटा महत्त्वपूर्ण आधार मानिएको छ।

## ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

### ३.१.१ परिचय

कक्षा १ मा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिले देखि नै रहेको भएतापनि २०५६ सालमा तत्कालिन शिक्षा विभागले समुदायमा आधारित बाल विकास कार्यक्रम सुरु गरे पछि नेपालमा सरकारी स्तरबाट बाल विकास र शिक्षा सुरुवात भएको हो। सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना २००३ को पहिलो लक्ष्यमा राखिए पछि यसको विस्तारमा व्यापकता आएको हो। नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई विद्यालय शिक्षा कैअंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्त्व थप पुष्टि भएको छ। बालबालिकाहरुहरुको चौतर्फी विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक छ।

आगामी ५ वर्षमा पालिका भित्रका ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई बाल विकास केन्द्रमा भर्ना गर्नका लागि बाल विकास केन्द्रको यो संख्या अपर्याप्त रहेकोले नयाँ बाल विकास

केन्द्रहरुको स्थापना जरुरी छ। प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्ग दर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लेखित मापदण्डानुसार बाल विकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दूरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले भएका बाल विकास केन्द्रहरुको पुनर्वितरण र थप नयाँ बाल विकास केन्द्रहरुको स्थापना गर्नु पर्ने नितान्त जरुरी छ।

लक्षित उमेर समूहका सबै बालबालिकाहरु विशेष गरी सीमान्तकृत, विपन्न तथा अपाङ्गता भएकाहरुलाई प्रारम्भिक बालविकास र शिक्षामा ल्याउनु, सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन गरी न्यूनतम मापदण्ड पूरा गर्नु र बालविकास सहजकर्ताहरुको न्यूनतम पारिश्रमिक व्यवस्थापन गर्नु तथा उनीहरुको पेशागत क्षमता विकास गर्नु प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख चुनौतीहरु रहेका छन्। प्रयाप्त लगानी तथा स्रोत व्यवस्थापन गर्नु, अनुगमन तथा मूल्याङ्कनको चुस्त संयन्त्र विकास गर्नु, बालबालिकाका अभिभावकहरुलाई अभिभावक शिक्षा प्रदान गर्नु र बालबालिकाहरुको स्वास्थ्य, सुरक्षा र पोषणको उचित व्यवस्थापन सहायक चुनौतीहरु हुन्।

### ३.१.२ वर्तमान अवस्था

सुनौला हजार दिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, दिवा खाजा, शिशु स्याहार केन्द्र, किण्डर गार्टेन विद्यालय, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा नामका कार्यक्रमहरु विभिन्न सरकारी निकाय, गैर सरकारी संघसंस्थाहरु निजी क्षेत्रको संलग्नतामा सञ्चालन, नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रुपमा उल्लेख गर्नु, र प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्त्व विकासको हकको प्रत्याभुत गर्नु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिकासम्बन्धी ऐन २०७५, पन्ध्रौं योजना २०७६/७७-२०८०/८१, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, विद्यालय क्षेत्र विकास योजना २०७३-२०८०, बहुपोषण योजना दोस्रो २०७५/७६-२०७९/८० र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी कानुनी प्रावधानहरु समेटिनु, नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषणसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन हुनु, बालाबालिकाको सुरक्षा र संरक्षणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु आदि प्रारम्भिक बाल विकास शिक्षाका अवसरहरु हुन्।

रोल्पा नगरपालिकामा ७२ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् जसमध्ये ६६ वटा विद्यालयमा र ६ वटा समुदायमा सञ्चालित रहेका छन्वडाहरुमा वडा नं.१ देखि १० सम्म क्रमशः ५,८,६,६,१३ र १२ वटा केन्द्रहरु सञ्चालनमा रहेका छन्।यी केन्द्रहरु सबै अलग-अलग नभएर कुनैमा १, कुनैमा २ र कुनैमा ३ केन्द्रहरु एकै विद्यालयमा रहेका छन्। शैक्षिक सत्र २०८१ मा बालविकासमा रोल्पा नगरपालिकामा १५३५ बालबालिका भर्ना भएका छन् भने छात्रा ७३३र छात्र ८०२रहेका छन्।प्रारम्भिक बालविकास केन्द्रमा कुल भर्ना दर ५७.८०% रहेको छ। बाल विकास शिक्षामा लुम्बिनी प्रदेश र राष्ट्रिय कुल भर्नादर क्रमशः१०७.८० र ९९.९० रहेको छ।खुद भर्नादर हेर्दा यस पालिकाको ५०.९० रहेको छ भने लुम्बिनी प्रदेशमा ७२.६० र राष्ट्रिय खुद भर्नादर ७०.६० रहेको छ। बालविकास तथा पूर्व प्राथमिक शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने ४५.९०प्रतिशत रहेको छ, लुम्बिनी प्रदेशको ८४.३० र ७६.९० प्रतिशत रहेको छ।

पालिकाका ७२ बा.वि.के.मा कार्यरत सहजकर्ताहरुमा ६७ महिला र ५ पुरुष सहजकर्ताहरु कार्यरत छन्।बालविकास केन्द्रमा सहजीकरण गर्ने सबै सहजकर्ता न्यूनतम शैक्षिक योग्यता प्राप्त छन्।यस नगरपालिकामा सबै सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम वर्षेणी दिइँदै आइएको छ।साथै यसै शैक्षिक सत्रमा युनिसेफ र युरोपियन यूनियन तथा कालिका स्वावलम्बन सामाजिक केन्द्र कपिलवस्तु र रोल्पा नगरपालिकाको साझेदारिमा १५ वटा वालविकासका सहजकर्ताहरुलाई ELDS तालिम र सिकाइको लागि सामग्री सहितको किट बक्स समेत दिइएको छ।नगरपालिकाले सशर्त अनुदानको तलव भत्ता बाहेक थप हुन आउने र थप सेवा सुविधाहरु उपलब्ध गराएको छ।प्रति केन्द्र एक कक्षा कोठा उपलब्ध नभएको अवस्था छ।प्राय सबै बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गरिएको छ।

### ३.१.३ उद्देश्य

सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित बालबालिकाको सर्वाङ्गिण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउन यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु लिएको छः

**उद्देश्यहरु**

- पालिकाभित्रका ४ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई एक वर्षको बाल विकास शिक्षाको पहुँच सुनिश्चित गर्ने
- बाल विकास केन्द्रहरु बालमैत्री र सिकाइमैत्री बनाउने
- बाल विकास शिक्षा प्रारम्भिक आधारभूत शिक्षाको आधारका रुपमा विकास गर्दै बाल विकास शिक्षालाई प्रविधिमैत्री बनाउने
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउने

### ३.१.४ रणनीतिहरु

- प्रारम्भिक बाल विकास उमेर समूहका बालबालिकाहरुको बाल विकास केन्द्रसम्म पहुँच सुनिश्चित गर्न आवश्यक स्थानहरुमा थप बालविकास केन्द्रहरुको स्थापना गर्ने
- विद्यालयहरु तथा बाल विकास केन्द्रहरु सुरक्षित, प्रविधिमैत्री, आवश्यक शैक्षिक तथा खेल सामग्रीहरुले युक्त बनाउने
- आधारभूत तथा माध्यमिक विद्यालयभित्र रहेका बाल विकास केन्द्रहरुलाई वाल उद्यानसहित कम्पाउण्डिङ्ग गरेर अलग्गै सुरक्षित बनाउने
- बाल विकासको महत्त्व र आवश्यकताका बारेमा अभिभावकहरुलाई सचेत गराउन सचेतना कार्यक्रम सञ्चालन गर्ने
- पालिकाभित्र प्रत्येक वडामा कम्तिमा एक/एकवटा नमुना बाल विकास केन्द्र स्थापना गर्ने
- बालविकास केन्द्रहरुमा आधारभूत खेल सामग्रीहरु भएको बाल उद्यान स्थापना गर्ने
- आधारभूत भाषिक तथा गणितीय सीपसहित कक्षा उन्नोती गर्नका लागि पाठ्यक्रम तथा बाल विकाससम्बन्धी व्यवस्थाहरुको जानकारीका लागि बाल विकास सहजकर्ताहरुको आधारभूत तथा पुनर्ताजगी तालिमहरु सञ्चालन गर्ने ।
- निरन्तर अनुगमन र सुपरीवेक्षणबाट आवश्यक पृष्ठपोषण प्रदान गर्ने तथा सञ्चालनमा नरहेका वा हुन नसक्ने बाल विकास केन्द्रहरुलाई अर्को स्थानमा सार्ने
- बालविकास केन्द्रहरुमा दिवा खाजा प्रभावकारीरुपमा लागू गर्ने
- No cost तथा Low cost एवम् स्थानीय स्रोत साधनको प्रयोग गरी शैक्षिक सामग्री निर्माण र प्रयोग गर्न शैक्षिक सामग्री निर्माणसम्बन्धि कार्यशाला सञ्चालन गर्ने तथा शैक्षिक मेलाको आयोजना गर्ने
- प्रत्येक बाल विकास केन्द्रहरुले अभिभावक भेलाहरु सञ्चालन गरी बालबालिकाहरुको प्रगतिमा प्रत्यक्ष सहभागी गराउने तथा प्रगति समिक्षा गर्ने
- बाल विकास कक्षा कोठाहरु ICT मय बनाउने र सही सदुपयोग गर्न बाल विकास सहजकर्तालाई सक्षम तुल्याउने

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

योजनावधिमा नगरपालिका क्षेत्रमा बसोबास गर्ने चार वर्ष उमेर समूहका सबै बालबालिकाहरुले प्रारम्भिक बाल विकास शिक्षाको अनुभव हासिल गरेका हुनेछन्। विद्यालय तथा समुदायमा सञ्चालन हुने बालविकास केन्द्रहरुमा न्यूनतम मापदण्ड हासिल भएको हुनेछ। सबै विद्यालयहरुमा कम्तिमा एउटा प्रारम्भिक बाल विकास केन्द्र वा पूर्व प्राथमिक कक्षा सञ्चालन भएको हुनेछ।

**ख) प्रमुख नतिजाहरु**

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई एक वर्षको प्रारम्भिक बालविकास शिक्षा कार्यक्रममा सहज पहुँच हुने।
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने
- सबै प्रारम्भिक बालविकास केन्द्रहरुमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाहरुको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारीसहितको व्यवस्था हुने
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरुको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने
- नगरपालिकाको सबै वडामा सबै बालबालिका तथा अपाङ्गता भएका बालबालिका समेट्नका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा संघीय, प्रदेश सरकार, परिवार, समुदाय, सरकारी तथा गैरसरकारी संघसंस्था र विद्यालयहरुको संयुक्त जिम्मेवारी भएको हुने
- बालविकास सहजकर्ताहरुलाई कम्तिमा न्यूनतम पारिश्रमिकको व्यवस्था भएको हुने
- सबै सहजकर्ताहरुले मन्टेश्वरी तालिम लिएका हुने
- नगरपालिकामा नियुक्त गरिएको बालविकास संयोजकलाई निरन्तरता दिने

**३.१.६प्रमुख क्रियालकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | इकाई | १ | २ | ३ | ४ | ५ |
| १ | अभिभावक सचेतना तथा अभिभावक भेला | विद्यालय | आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई बालविकास केन्द्र तथा मातृ विद्यालयले बालविकास शिक्षाको महत्त्वको बारेमा अभिभावक भेला गर्ने तथा सचेतनासम्बन्धि कार्यक्रमहरु समुदायसमेतमा गर्ने | पटक | १ | १ | १ | ० | ० |
| २ | बालविकासको | नगरपालि | वडागत तथा | पटक | १ | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नंक्साङ्कन, पुनर्वितरण तथा नयाँ स्थापना | का | बालबालिकाहरुको संख्याका आधारमा मौजुदा बाल विकास केन्द्रहरुको पुनर्वितरण गर्ने तथा थप आवश्यकता भएका स्थानहरुमा न्यूनतम मापदण्डहरु पूरा गरी नयाँ बाल विकास केन्द्रहरु स्थापना गरी सञ्चालन गर्ने | | | | | | |
| ३ | न्यूनतम निर्धारित सामग्री, बाल उद्यान निर्माण तथा ICT सामग्रीहरुको व्यवस्थापन | नगरपालिका तथा विद्यालय | बालबालिकालाई रमाइलो वातावरणमा सिकाइ गर्न खेल सामग्रीसहितको बाल उद्यान तथा सिकाइ प्रविधिमय बनाउन वाइफाइ जडान तथा एलइडी टिभी तथा स्मार्ट बोर्ड जडान गर्दै जाने | पटक | १ | १ | १ | १ | १ |
| ४ | बसाइ व्यवस्थापन | विद्यालय | बाल विकास कक्षाकोठाहरुमा गुणस्तरीय कार्पेट तथा राउण्ड टेवलसहितको अलग्गै कोठाको व्यवस्था गर्ने | पटक | १ | ० | ० | १ | ० |
| ५ | आधारभूत सीप सम्बन्धि तालिम, मन्टेश्वरी तालिम तथा पुनर्ताजगी तालिम | नगरपालिका | बालविकास कक्षामा भर्ना भएका बालबालिकालाई आधारभूत भाषिक तथा गणितीय सीपसहित कक्षा एकमा कक्षोन्नती गर्नसमेतका लागि प्रारम्भिक बाल विकास शिक्षाको पाठ्यक्रम सम्बन्धि आधारभूत तालिम सञ्चालन गर्ने तथा निरन्तर पुनर्ताजगी | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तालिम सञ्चालन गर्ने | | | | | | |
| ६ | शैक्षिक सामग्री निर्माण कार्यशाला | नगरपालिका | बाल विकास सहजकर्ताहरुले low cost no cost का तथा स्थानीय स्रोत साधन प्रयोग गरी शैक्षिक सामग्री निर्माण गर्न तथा शिक्षण सिकाइमा प्रयोग गर्न सक्षम तुल्याउन निरन्तर कार्यशाला सञ्चालन गर्ने र बालबालिकाले कक्षाकोठामा कपी कलमसहित अन्य सामग्रीहरु प्रयोग गर्न सक्ने वातावरण निर्माण गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ७ | नमुना बाल विकास केन्द्र स्थापना | नगरपालिका | प्रत्येक वडामा कम्तिमा एकवटा बाल विकास केन्द्र पर्ने गरी क्रमिकरुपमा बाल विकास केन्द्रहरुको स्तोरोन्नती गर्दै जाने | वटा | १ | १ | १ | १ | २ |
| ८ | बाल उद्यान तथा कम्पाउण्डिङ्ग | नगरपालिका तथा विद्यालय | आधारभूत तथा माध्यमिक विद्यालयहरुमा रहेका बाल विकास केन्द्रहरुलाई पार्टेशन गर्न प्रारम्भिक कक्षा १-३ सहित कम्पाउण्डिङ्ग गरी त्यस भित्र वाल उद्यानसहित सुरक्षित र बालमैत्री केन्द्रहरु स्थापना गर्ने | वटा | ४ | ४ | ४ | ४ | ४ |
| ९ | बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको | नगरपालिका तथा | संघीय सरकारबाट प्राप्त हुने बजेटका आधारमा स्थानीय खाद्यान्न वालीहरु प्रयोग गरी | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था | विद्यालय | पोषणयुक्त दिवा खाजाको व्यवस्था गर्ने | | | | | | |
| १० | बालबालिकाहरुको मासिकरुपमा स्वास्थ्य जाँच तथा खोपको जाँच गरी कुपोषण भएका बालबालिकाहरुका लागि आवश्यक प्रवन्ध गर्ने | नगरपालिका तथा विद्यालय | विद्यालयको नजिकै रहेको स्वास्थ्य केन्द्रसँगको समन्वयमा निरन्तर स्वास्थ्य जाँच र खोपको सञ्चालन गर्ने | ECD प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ११ | उत्कृष्ट बालविकास केन्द्रलाई प्रोत्साहन अनुदान | नगरपालिका | पालिकाभित्र सञ्चालित बालविकास केन्द्रहरुमध्येबाट सबैभन्दा निश्चित मापदण्डका आधारमा उत्कृष्ट छनौट गरी पुरस्कृत गर्ने तथा प्रोत्साहन अनुदान उपलब्ध गराउने | वटा | १ | १ | १ | १ | १ |
| १२ | बालविकास संयोजकको व्यवस्था | नगरपालिका | नगरपालिकाभरका बालविकास केन्द्रको अवस्थालाई नियमित परिचालन,अनुगमन,मुल्याङ्कन तथा पृष्ठपोषणसहितको प्रतिवेदन तयार गर्न नगरपालिकामा नियुक्त गरिएको बालविकास संयोजकलाई निरन्तरता दिदै थप जिम्मेवार प्रदान गरिने | पटक | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय हाल दुई तह भएको छ। आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिवी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई ने विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन्। आधारभूत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्धरुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि रोल्पानगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ।

गुणस्तरीय आधारभुत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्न सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन्। युनेस्कोको एउटा प्रतिवेदनले यदि कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभुत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट उठाउन सकिने तथ्य प्रकाशन गरेको छ। हाम्रो देश नेपालको आ.व. २०७९/०७९ क नीति तथा कार्यक्रमको बुदाँ नं. ६३ मा आगामी आर्थिक वर्षमा साक्षर नेपाल घोषणा गर्ने, बुदाँ नं. ७० मा बालबालिकालाई विद्यालय ल्याऔं र पढाइमा टिकाऔं कार्यक्रमलाई प्रभावकारी बनाउने र सार्वजनिक विद्यालय सवलीकरण दशक २०७६-२०८५ अभियान सञ्चालन गर्ने नीति लगायत थुप्रै आधारहरुले आधारभुत तहको शिक्षाको महत्त्वलाई दृष्टिगत गरेर नै यसलाई योजनाबद्ध रुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि रोल्पानगरपालिकाले यस योजनामा आधारभुत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ।

### ३.२.२ वर्तमान अवस्था

निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयहरुमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्त्व अभिवृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाइ सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिमा समेत उत्थानशिल बनाउनुका साथै समग्र शिक्षा पद्धतिलाई विद्यार्थीहरुको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई

विद्यालय भर्ना गर्नु, शैक्षिक सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु, कक्षा छाड्ने दर शुन्यमा झारी विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्नु, गुणस्तरको सुनिश्चितत‌तासहित सार्वजनिक शिक्षाप्रति आकर्षण अभिवृद्धि गर्नु, विद्यालयहरुको शिक्षाको गुणस्तर कायम गर्नु, विद्यालयका विद्यार्थीहरुको माथिल्लो कक्षाहरुको पढाइ सुनिश्चित गर्नु, विद्यार्थी संख्याको अनुपातमा योग्य र दक्ष शिक्षकको व्यवस्था गर्नु तथा विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रुपमा विकास गर्नु आधारभूत शिक्षा सम्बन्धित प्रमुख चुनौतीहरु रहेका छन्।

शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै अधिकार र जिम्मेवारीसहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने सिर्जना हुनु, देशमा संघीयताको कार्यान्वयनसँगै सरोकारवालाहरुमा सार्वजनिक विद्यालयहरुप्रतिको चासो बढ्नु, शिक्षकहरुको पेशागत संघसंस्था, राजनीतिक दल, नागरिक समाज आदिबाट शैक्षिक सुधारमा सकारात्मक प्रतिबद्धता प्राप्त हुनु, निशुःल्क तथा आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्ने तथा साक्षरता घोषणा अभियान संस्थागतरुपमा सबै तहका सरकारले अगाडि बढाउनु, शिक्षामा पहुँच र गुणस्तर अभिवृद्धिमा गैर सरकारी तथा निजी क्षेत्रको भूमिका बढ्दै जानु, विद्यालयमा आधारभूत तहको खुद भर्नादर र  लैंगिक समता सूचकांकमा प्रगति देखिनु, शिक्षा तीनवटै तहका सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा आधारभूत तहको शिक्षामा पर्याप्त लगानी गर्न सकिनु यस तहमा रहेका अवसरहरु हुन्।रोल्पा नगरपालिकाले पनि आधारभूत गुणस्तरीय शिक्षाको सुनिश्चतताका लागि बार्षिक रुपमा बिभिन्न कार्यक्रमहरु तय गरि कार्यान्वयन गरिरहेको अवस्था छ। साथै अझ ब्यवस्थित र प्रभावकारी कार्यक्रमको योजना मार्फत अगाडी बढ्नुपर्ने आवश्यकता रहेको छ।

## ३.२.३ उद्देश्य

सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रुपमा स्थापित गर्दै विद्यालयमा बालमैत्री वातारणमा आधारभूत तह उमेर समूहका बालबालिकाहरुका लागि समतामूलक तथा गुणस्तरीय शिक्षामा पहुँचको सुनिश्चितता गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु समेटेको छः

**उद्देश्यहरुः**

- रोल्पानगरपालिका भित्रका ४-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु,
- आधारभूत तहको शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाउनु,
- आधारभूत तहको शिक्षामा एकरुपता, समावेशीता तथा गुणस्तरीयता कायम गर्नु,

- विद्यालय भर्ना भएका ८०% भन्दा माथि कक्षा ८ सम्मको आधारभूत शिक्षा अनिवार्य रुपमा पूरा गर्ने सुनिश्चितता गर्नु
- आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, भयरहित र समावेशी बनाउनु

### ३.२.४ रणनीति

- हाल सञ्चालनमा रहेका  सामुदायिक विद्यालय तथा परम्परारगत विद्यालयहरुको स्तरोन्नति गर्ने तथा आवश्यकतानुसार समायोजनसमेत गर्ने
- नगरपालिकाभित्र रहेका ५-१२ उमेर समूहका अतिविपन्न, सहाराविहीन, अनाथ तथा अपाङ्ग बालबालिकाहरुको लागिआधारभूत शिक्षाको व्यवस्था गर्ने
- भर्ना अभियानलाई सशक्त र प्रभावकारी तरिकाले सञ्चालन गर्ने, विद्यालय नजाने र विद्यालय छोड्ने बालबालिकाहरुको तथ्यांक विद्यालयहरुले अद्यावधिक गर्ने तथा सोको कारण पत्ता लगाई निराकरणका लागि सरोकारवाला पक्षले आवश्यक सहयोग गर्ने
- दिवा खाजालाई स्थानीय उत्पादनमा आधारित बनाउने र यसको प्रभावकारी प्रयोजनमा जोड दिने
- कम विद्यार्थी संख्या वा दूरीका हिसावले नजिकै रहेका विद्यालयहरु मर्ज गरी सञ्चालनको प्रवन्ध मिलाउने
- विद्यालय व्यवस्थापन समितिलाई सक्षम बनाउन अभिमूखीकरण कार्यक्रम, नमूना विद्यालय भ्रमणजस्ता कार्यक्रम लागू गरी न्यूनतम सक्षमता कायम गर्न तत्पर बनाउने
- विद्यालयमा योग्य, सक्षम र सक्रिय प्रधानाध्यापक नियुक्तिका लागि वि.व्य.स.लाई निर्देशित गर्ने र प्र.अ.बाट पञ्चवर्षीय कार्यसम्झौता गर्ने गराउने तथा कार्ययोजना बमोजिम कार्यप्रगतिको समिक्षा गर्ने
- प्रत्येक विद्यालयका प्रधानाध्यापक तथा वि.व्य.स.ले प्रत्येक शिक्षकसँग कार्यसम्झौता गर्ने व्यवस्था मिलाउने
- स्थानीय परिवेशअनुकूल स्थानीय पाठ्यक्रम अद्यावधिक गरी लागू गर्ने
- प्रारम्भिक कक्षाहरुमा मातृभापाको माध्यमबाट शिक्षण सिकाइ गर्ने वातावरण मिलाउने तथा अन्य माध्यम भाषालाई पनि मातृभाषासँग तादत्म्यता कायम गर्न प्रेरित गर्ने गराउने
- अंग्रेजी भाषा मोहलाई मध्यनजर गर्दै प्रारम्भिक कक्षाहरुबाटै अंग्रेजी भाषा शिक्षणलाई सहजता प्रदान गर्न कार्यरत शिक्षकहरुलाई तालिम प्रदान गरी सक्षम तुल्याउने
- सम्भावित सबै स्थानीय विदा तथा कार्यक्रमहरु समेटिने गरी शैक्षिक क्यालेण्डर निर्माण गर्ने र निर्धारित कार्यक्रम बमोजिम विद्यालयहरुले शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गर्ने

- पाठ्यक्रमले निर्धारण गरेको आधारमा प्रत्येक शिक्षकले वार्षिक शैक्षणिक योजना बनाई शिक्षण गर्ने र शिक्षकले कक्षाकोठामा विताउने समयको योजनासमेत बनाई कार्यान्वयन गर्ने
- निरन्तर विद्यार्थी मूल्यांकन पद्धतिको मर्मानुसार सिकाइ उपलब्धिको मूल्यांकनलाई अनिवार्य लागु गर्ने र विद्यार्थीहरुलाई उपचारात्मक शिक्षण गर्ने परिपाटीको विकास गर्ने
- नगरपालिकाभित्र रहेका सम्पूर्ण शिक्षकहरुको पेशागत विकासका लागि विभिन्न विधिहरुको अवलम्वन गर्ने र सबै शिक्षकहरुलाई आवद्ध गर्ने
- अभिभावकहरुलाई उनीहरुको भूमिका तथा कर्तव्यसम्बन्धि विषयमा अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने
- सबै विद्यालयहरुमा शिक्षाको गुणस्तर सुनिश्चित गर्न गुणस्तरीय सिकाइ कार्यढाँचा तयार गरी कार्यान्वयन गर्ने
- गुणस्तरीय शिक्षा सम्बन्धि सुचकहरु तयार गर्ने  सोही अनुसार पालिकाले मापदण्ड तोकी सबै विद्यालयको विकास लागु गर्ने
- समुदायस्तरमा माथिल्लो कक्षाका विद्यार्थीहरुले तल्लो कक्षाका विद्यार्थीहरुलाई सिकाउने वातावरण सिर्जना गर्ने
- कक्षा कार्यलाई प्रभावकारी र दिगो बनाउन तथा बालबालिकाको कापी कलमविहीनताको अवस्थालाई दृष्टिगत गर्दै कक्षाकोठा मै मात्र प्रयोग गर्न मिल्ने गरी कलम कापी र अन्य शैक्षिक सामग्रीको प्रभावकारी व्यवस्थापन गर्ने
- विद्यालयमा सम्बन्धित सबै पक्ष (स्वास्थ्य, प्रहरी, महिला विकास) को सहभागिता गराइनुका साथै  विद्यालयको गतिविधि नियमन गर्न टोलस्तरीय सचेतक समिति गठन गर्ने
- शिक्षकहरुको नियमिततामा जोड दिने । यसका लागि आवश्यक संयन्त्र तथा कार्यक्रमहरु तय गरिनेछ।
- विद्यालयले गुणस्तरीय शिक्षक, गुणस्तरीय वातावरण, गुणस्तरीय स्थानीय शैक्षिक सामाग्रीको सुनिश्चितता गर्ने
- शैक्षिक मेला तथा प्रदर्शनीहरुको आयोजना गर्ने र त्यसमा शिक्षक, अभिभावक, विद्यार्थी तथा अन्य सरोकारवालाहरुको उपस्थिति सुनिश्चित गर्ने
- विद्यार्थीहरुको नियमितता जोड दिन विद्यार्थीहरुलाई परिचालन गर्ने, साथी नआएको बारेमा सम्बन्धित शिक्षकलाई विद्यार्थीले जानकारी दिने तथा सोको रेकर्ड विद्यालय तथा शिक्षकहरुले राख्ने संस्कार विकास गर्ने
- शिक्षण सिकाइ प्रविधि जस्तै टिभी, अनलाइन, प्रोजेक्टर तथा स्मार्ट बोर्ड प्रयोग गर्ने व्यवस्था गर्ने

- विद्यालयसम्म पहुँचमा सहजता ल्याउन विद्यालय स्वयम् तथा पालिकाद्वारा अन्य थप स्कुल बसहरुको सञ्चालनको व्यवस्था गर्ने
- सक्रिय तथा जागरुक अभिभावक तथा शिक्षा प्रेमीहरुलाई पालिका तथा विद्यालयमार्फत सम्मानित तथा पुरस्कृत गर्ने
- कक्षागत, विद्यालयस्तरीय तथा पालिकास्तरीय अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालनको कार्यक्रमलाई प्रभावकारी तरिकाले सञ्चालन गर्ने
- विद्यार्थीहरु सहभागी भएका सरसफाइ तथा अन्य सचेतनामूलक कार्यक्रम विद्यालय तथा पालिकामार्फत सञ्चालन गर्ने
- विद्यार्थीको शिक्षण सिकाइमा नगर टोलका शिक्षित युवा, कर्मचारी तथा अन्य जनशक्तिलाई स्वयम् सेवकका रुपमा विद्यालय तथा विद्यालयबाहिर सामेल हुन अभिप्रेरित गर्ने
- हरेक विद्यालयमा विषयगत शिक्षक आवश्यक भएको विषयका लागि विषयगत शिक्षकको व्यवस्था गर्ने
- कक्षागत सिकाइ उपलब्धिको मापदण्ड निर्धारण गरी लागू गर्ने
- कमजोर तथा सहायता आवश्यक पर्ने विद्यालयहरुमा भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्न सबैको संलग्नता बढाउने
- वि.व्य.स., जनप्रतिनिधि, शिक्षाप्रेमी तथा अभिभावकहरुबाट विद्यालयको निरन्तर अनुगमन तथा पृष्ठपोषण दिने प्रवन्ध मिलाउने
- अभिभावकहरुले नियमितरुपमा विद्यालयको अनुगमन शैक्षिक वातावरण तयार गर्ने
- पालिकाभन्दा बाहिरबाट आउने शिक्षकहरुको पलायनलाई रोक्न तथा शिक्षकहरुमा अभिरुचि बढाउन व्यवस्थित शिक्षक आवास स्थापना गर्ने
- शिक्षकहरुलाई न्यूनतम आधारभूत कम्प्युटर तालिम प्रदान गर्ने र प्रविधिसमेतमा आधारित शिक्षण गर्न सक्ने बनाउने
- साहित्य, संगीत तथा संस्कृति विधालाई अगाडि बढाउन उचित प्रवन्ध गर्ने
- स्काउटलाई गतिविधि व्यवस्थापन गरी बालबालिकामा सेवाभाव, जिम्मेवारी, नैतिकता, अपनत्त्व तथा क्रियाशिलता जागृत गर्ने गराउने
- सामुदायिक विद्यालयहरुको सेवा क्षेत्र निर्धारण गरी विद्यार्थी भर्ना व्यवस्थापन गर्ने
- आवधिक प्रधानाध्यापकको व्यवस्थापन गर्ने र शिक्षकहरुको आवधिक सरुवा व्यवस्थापन गर्ने
- स्थानीय पाठ्यक्रम अद्यावधिक गर्ने र कार्यान्वयन प्रभावकारी बनाउने
- विद्यालयमा बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण गर्नका लागि स्वास्थ्य संस्थासँग समन्वय गर्ने र आवश्यक नर्सहरुको व्यवस्था गर्ने

- दोहोरो भर्ना भएका विद्यार्थीहरुको एकिन गरी विद्यालयको इमिस तथ्यांकमा सुधार गर्ने
- सामाजिक अगुवा, जनप्रतिनिधि, बुद्धिजिवी र राजनीतिक दलका कार्यकर्ताहरुलाई शैक्षिक क्षेत्रमा सघाउन प्रशिक्षित गर्ने
- प्रधानाध्यापकहरुको प्रशासनिक कार्यलाई निश्चित समय छुट्याई बाँकी समयमा शिक्षण क्रियाकलापमा सहभागी भई जिम्मेवारी अगुवाई नैतिकता र आदर्शता प्रदर्शित गर्ने वातावरण तयार गर्ने
- प्र.अ., शिक्षक, वि.व्य.स. र शिक्षक अभिभावक संघले आ-आफ्नो जिम्मेवारीमा रहेको प्रशासनिक, शैक्षिक, भौतिक र आर्थिक पारदर्शिता, सहभागिता र जवाफदेहिता अनिवार्य कायम गरी प्रदर्शन गर्नु पर्ने व्यवस्था गर्ने
- आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भएको प्रारम्भिक कक्षा सिकाइ कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहजीकरण गर्ने

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

#### क) प्रमुख उपलब्धि

सबै बालबालिकाहरुको आधारभूत तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भइ आधारभूत तहको शिक्षा गुणस्तरोन्मुख भएको हुने

#### ख) प्रमुख नतिजाहरु

१) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै बालबालिकाहरु आधारभूत शिक्षाको पहुँचमा आएको हुने

२) आधारभूत तहको विद्यार्थीहरुको औषत सिकाइ उपलब्धि ७०% भन्दा माथि हुने

३) सबै विद्यालयहरुमा न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामगर्हरुको उपलब्धता र आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकहरुको व्यवस्था भइ बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने

४) विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्था सुधार हुने

५) विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशिल हुने

६) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ शिक्षण सिकाइ कार्यमा सहयोग हुने

७) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भइ आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने

### ३.२.६प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| **क्र.स.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **कार्यविधि** | **इकाई** | **भौतिक लक्ष्य ५ वर्ष** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **१** | **२** | **३** | **४** | **५** |
| १ | विद्यालय पुनर्संचना र समायोजन | नगरपालिका /नगर शिक्षा समिति | सबै विद्यालयहरुको स्थलगत अनुगमन गरी कुन विद्यालय कति कक्षासम्म चलाउन उपयुक्त हुन्छ भन्ने कुराको निर्क्यौल गर्ने र विद्यालय समायोजन कार्यविधिअनुसार गाभ्नु पर्ने देखिएका विद्यालय गाभ्ने। | पटक | १ | १ | ० | ० | ० |
| २ | सबैका लागि शिक्षाको सुनिश्चितता | नगरपालिका /नगर शिक्षा समिति | नगरपालिकाभित्र रहेका अति विपन्न, सहाराविहीन, अनाथ र अपाङ्ग बालवालिकाहरुको तथ्याङ्क संकलन गर्ने र उनीहरुलाई विद्यालयमा भर्ना हुन सहयोग गर्ने कार्यक्रम बनाउने | पटक | १ | १ | १ | १ | १ |
| ३ | विद्यार्थी भर्ना र | नगरपालिका | समुदायका ४-१२ वर्ष उमेर समूहका | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | टिकाउ | र विद्यालय | सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउने अभियान चलाउने र विद्यार्थीले विद्यालय छाड्ने कारण पत्ता लगाई पुनः विद्यालयमा आउन सहयोग गर्ने | | | | | | |
| ४ | खाजा व्यवस्थापन कार्यक्रम | वि.व्य.स./ अभिभावक | वि.व्य.स.ले अभिभावकहरुको भेला गरी प्रत्येक बालबालिकालाई दिवा खाजाको व्यवस्था गर्न विभिन्न विकल्पहरुमा छलफल गरी उपयुक्त विकल्प लागू गर्ने | निरन्तर | १ | १ | १ | १ | १ |
| ५ | कक्षागत र विषयगत शिक्षकको व्यवस्थापन | नगरपालिका | पालिकाभित्र अवस्थित विद्यालयमा मौज्दात दरबन्दी बमोजिमको संख्या र कक्षानुसार नपुग दरबन्दी पालिकाले उपलब्ध गराउने र दरबन्दी थपका लागि सम्बन्धित निकायसँग समन्वय | पटक | १ | ० | १ | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गर्ने | | | | | | |
| ६ | न्यूनतम सक्षमता र बालमैत्री विद्यालय बनाउने र प्रविधियुक्त कक्षाकोठा, पुस्तकालय, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, कृषि ल्याव आदिको व्यवस्थापन | नगरपालिका /विद्यालय | नगरपालिकाले विद्यालयको न्यूनतम गुणस्तर मापदण्ड निर्धारण गरी विद्यालयमा इनन्टरनेट कनेक्टिभिटी लागायत प्रविधियुक्त कक्षाकोठा, पुस्तकालय, कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, कृषि ल्याव आदिको व्यवस्थापन गर्न विद्यालय तथा अन्य निकायसँग समन्वय गरी बालमैत्री विद्यालय बनाउन प्रोत्साहन र सहयोग गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ७ | प्रधानाध्यापक व्यवस्थापन र थप प्रोत्साहन भत्ता व्यवस्था गर्ने | नगरपालिका /वि.व्य.स. | विद्यालयको नेतृत्त्व गर्न सक्ने योग्य व्यक्तिलाई वि.व्य.स.ले प्र.अ. नियुक्ति गर्ने र पालिका तथा वि.व्य.स.ले थप प्रोत्साहन भत्ताको | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | व्यवस्था गर्ने | | | | | | |
| ८ | स्थानीय पाठ्यक्रम अद्यावधिक | नगरपालिका /विद्यालय | नगरपालिकामा अध्यापनरत शिक्षकहरुमध्येबाट एक समिति गठन गरी विज्ञहरुको सहयोग समेतका आधारमा स्थानीय परिवेश र आवश्यकता सुहाउँदो स्थानीय पाठ्यक्रम अद्यावधिक गर्ने | पटक | १ | ० | १ | ० | १ |
| ९ | शैक्षिक पात्रो निर्माण | नगरपालिका /विद्यालय | सबै विद्यालयहरुको स्थानीय विदा तथा शैक्षिक गतिविधि समेट्ने गरी शैक्षिक पात्रो निर्माण गरी पूर्णतः पालना गर्ने वातावरण सृजना गर्ने | पटक | १ | १ | १ | १ | १ |
| १० | शिक्षक पेशागत सहयोग कार्यक्रम | नगरपालिका | आवश्यकता र मागमा आधारित पालिकामा कार्यरत शिक्षकहरुको पेशामा निखारता कायम गरि राख्न शाखाबाट निरन्तर शिक्षक पेशागत विकासका विभिन्न विधिहरुमार्फत | निरन्तर | | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षक, प्रधानाध्यापक, कर्मचारीहरुको पेशागत विकासमा सहयोग गर्ने | | | | | | |
| ११ | अभिभावक शिक्षा तथा सचेतीकरण कार्यक्रम | नगरपालिका /विद्यालय | आधारभूत शिक्षा, विद्यार्थी उपस्थिति, Drop Out, छात्रा सहभागिता, साक्षरोत्तर शिक्षा आदि सम्बन्धमा विद्यालयमार्फत अभिभावकहरुका लागि कार्यक्रमहरु सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| १२ | गुणस्तर परीक्षण कार्यक्रम | नगरपालिका | विद्यालयको भौतिक तथा शैक्षिक अवस्था एवम् विद्यार्थीहरुको शैक्षिक गुणस्तरसमेतलाई परीक्षण गर्न एक संयन्त्र तयार गरी आवधिकरुपमा गुणस्तर परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ |
| १३ | विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताहरु को थप | नगरपालिका | संघीय सरकारबाट विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताहरुलाई न्यूनतम | हरेक महिना | नियमित | नियमित | नियमित | नियमित | नियमित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पारिश्रमिक | | पारिश्रमिकको सुनिश्चितता नभएसम्मको लागि पालिकाबाट आधारभूत तलवभत्तामा थप पारिश्रमिक उपलब्ध गराउने | | | | | | |
| १४ | नमुना विद्यालयका लागि पूर्वाधार विकास | नगरपालिका र विद्यालय | नमुना विद्यालयका लागि आवश्यक न्यूनतम मापदण्डहरु तथा शर्तहरु निर्माणका लागि विद्यालयहरुलाई तत्पर बनाई समुदायसमेत पहलमा विद्यालयको पूर्वाधार विकास गर्ने | वटा | १ | १ | १ | १ | १ |
| १५ | खेलकुद तथा अतिरिक्त क्रियाकलापका व्यवस्थापन | नगरपालिका /विद्यालय | नगरपालिका तथा विद्यालयलेविभिन्न विधाका खेलकुद शिक्षकको व्यवस्था गरी खेलकुद तथा अतिरिक्त क्रियाकलाप निरन्तर सञ्चालन गर्ने | पटक (अति रिक्त क्रिया कलाप आव श्यक तानुसा र | १ | १ | १ | १ | १ |
| १६ | शिक्षकहरुलाई AI Platform र | नगरपालिका /विद्यालय | नगरपालिकाका प्रत्येक शिक्षकले | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ICT तालिम र व्यवस्थापन | | आधुनिक सुचना प्रविधिलाई शिक्षण सिकाइ कार्यमा प्रयोग गर्न सक्ने बनाउन न्यूनतम आधारभूत तालिमको व्यवस्था गर्ने र विद्यालयहरुमा ICT का सामग्रीहरु क्रमिकरुपमा विद्यालय तथा पालिकामार्फत व्यवस्थापन गर्दै जाने | | | | | | |
| १७ | वैकल्पिक प्रणालीबाट सिकाइ सहजीकरण | नगरपालिका / विद्यालय | जस्तो सुकै विषम परिस्थितिमा पनि हरेक शिक्षकले शिक्षण सहजीकरण तथा हरेक विद्यार्थीहरुले सिकाइ गर्न सक्ने सम्भाव्य उपायहरु अभ्यास गर्न नगरपालिका र शिक्षकहरुले अध्ययन गरी आवश्यक तालिमको प्रवन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ |
| १८ | विद्यालयहरुको स्तरोन्नती र व्यवस्थापन | नगरपालिका | विद्यालयहरुको भौतिक संरचनाहरुमा यथोचित स्तरोन्नती | आवश्यक तानुसा | आवश्य कता | आवश्यक तानु | आवश्य कता | आवश्य कता | आवश्यक तानु |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | गर्दै आधुनिक विधि र प्रविधि प्रयोग गरी पठनपाठन गर्न सक्ने शैक्षिक वातावरण तयार गर्ने | र गर्ने | नुसार गर्ने | सार गर्ने | नुसार गर्ने | नुसार गर्ने | सार गर्ने |
| १९ | छात्रछात्राहरु का लागि विद्यालय र छात्रावास | नगरपालिका | छात्र छात्राहरुको माध्यमिक तहसम्मको शिक्षालाई सुनिश्चित गर्न छात्रा विद्यालय र छात्रावासको स्थापना गर्ने | वटा | ० | १ | ० | ० | ० |
| २० | हरित विद्यालय स्थापना | विद्यालय | विद्यालयमा हरियाली कायम गर्न विद्यालयहरुले जोखिम नहुने तथा सौन्दर्य प्रदान गर्ने जातका बिरुवासहितको फूलबारी निर्माण गर्ने | निरन्तर | नियमित गर्ने | नियमित गर्ने | नियमित गर्ने | नियमित गर्ने | नियमित गर्ने |
| २१ | प्रतिभा खोजी र प्रवर्द्धन | नगरपालिका र विद्यालय | खेलकुद तथा Talent Hunt कार्यक्रममार्फत पालिकाभित्र रहेका बालबालिकाहरुमा रहेको हरेक प्रकारको प्रतिभा खोजी गर्ने र उक्त प्रतिभालाई प्रवर्धन गर्न विविध उपाय | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | तथा कार्यक्रम सञ्चालन गर्ने | | | | | | |
| २२ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा | नगरपालिका /विद्यालय | विद्यालयले पूर्णरुपमा आधारभूत तहको शिक्षा निःशुल्क दिने सुनिश्चत गर्न विद्यालयलाई विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्चवापतको रकम पालिकाबाट सुनिश्चित गर्ने र सबै बालबालिकाहरुलाई आधारभूत तहसम्मको शिक्षाको पहुँच सुनिश्चित गर्दै आधारभूत तहसम्मको शिक्षा पूरा गर्ने वातावरण सुनिश्चित गर्ने | पटक | ० | ० | १ | ० | ० |
| २३ | आधारभूत तह कक्षा ८ को परीक्षा | नगरपालिका | प्रत्येक वर्ष कक्षा ८ मा आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन र व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | शिक्षण सहयोग अनुदान | नगरपालिका | दरबन्दी कम भएका विद्यालय तथा कक्षा थप गरिएका विद्यालयहरुमा पालिकाबाट दरबन्दी सिर्जना गरी शिक्षक व्यवस्थापन गर्न शिक्षण सहयोग अनुदान उपलब्ध गराउने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने |
| २५ | शैक्षिक अनुभव आदान प्रदान तथा शैक्षिक भ्रमण | नगरपालिका / विद्यालय | नगरपालिकाभित्र रहेका विषयगत तथा तहगत शिक्षकहरुको अनुभव आदानप्रदान गर्न गराउन आवधिक बैठक वा कार्यक्रम आयोजना गर्ने तथा नमुना विद्यालयहरुको अवलोकन भ्रमणसमेतको व्यवस्था गर्ने | पटक | १ | १ | १ | १ | १ |
| २६ | खेलकुद एकेडेमीको व्यवस्था | नगरपालिका | पालिकाभित्र रहेका खेलकुद प्रतिभाहरुलाई औपचारिक अभ्यास तथा प्रतिभा प्रवर्द्धनका लागि एक खेलकुद एकेडेमीको | वटा | ० | १ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | निर्माण गर्ने | | | | | | |
| २७ | उत्कृष्ट विद्यालय तथा शिक्षक सम्मान | नगरपालिका | पालिकामा कुनै एक छनौट मापदण्ड बनाएर | पटक | १ | १ | १ | १ | १ |
| २८ | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम | नगरपालिका र विद्यालय | पालिकामा नियमित संचालन गर्ने | निरन्तर | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार | आवश्यकतानुसार |
| २९ | पढाइ उत्सव तथा मेला | नगरपालिका | हरेक वर्ष पालिकामा नियमित संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

आधारभूत तहको अध्ययन पश्चात विद्यार्थीको रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छानोट गर्ने अवसर प्रदान गर्नुपर्दछ।यस तहको शिक्षालाई जीवन उपयोगी , उत्पादन मूलक, प्रविधियुक्त र व्यावहारिक बनाउनुपर्दछ।शिक्षा जीवनको लागि तयारी हो।सुखी र समुन्नत जीवन यापनका लागि गुणस्तरीय शिक्षा अपरिहार्य छ। विश्व परिवेश सुहाउँदो माध्यमिक शिक्षा अहिलेको आवश्यकता हो।आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाईन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ ।यसरी विद्यार्थीहरुलाई प्राविधिक वा साधारण धार छनौट गर्न र भाबी जीवनका थुप्रै

विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ। यिनै कुराहरुलाई ध्यानमा राखेर रोल्पानगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधि युक्त , सीपमूलक,निःशुल्क,बालमैत्री र समावेशी गराउने नीति लिनु पर्दछ।

संवैधानिक व्यवस्था भएबमोजिम सबै बालबालिकाहरुका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु, माध्यमिक तहमा गुणस्तरीय रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नु, शिक्षक विद्यार्थी अनुपात तथा विषयगतरुपमा शिक्षक दरबन्दीको व्यवस्था गर्नु, विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार, शिक्षक दक्षतामा बृद्धि र सिकाइमा प्रभावकारी प्रयोग गरी सिकाइ सुधार तथा डिजिटल डिभाइडलाई कम गरी भौतिकरुपमा सञ्चालन गरिने शिक्षण सिकाइ पद्धतिको विकल्पका रुपमा अनलाइन/भर्चुअल/खुला सिकाइको अवसर सिर्जना गर्नु, माध्यमिक शिक्षालाई व्यवहारिक प्रयोगात्मक, रचनात्मक,सिर्जनशिल, स्वावलम्वी र रोजगारमूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारीरुपमा सम्पादन गर्न सक्षम बनाउनु प्रमुख चुनौतीका रुपमा रहेका देखिन्छन्। निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षा बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, माध्यमिक विद्यालयबाट टाढा रहेका विद्यार्थीहरुको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा व्यवस्थित गर्नु, विद्यार्थीहरुको सिकाइ उपलब्धी सुधार गर्नुजस्ता विषयवस्तुहरु माध्यमिक शिक्षामा देखिएका सवालका विषयहरु हुन्।

नेपालको संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनमा आउनु, शिक्षामा सूचना र प्रविधिको प्रयोगमा बृद्धि हुनु, शिक्षामा तीनै तहको सरकारको सहकार्य हुनु अवसरका रुपमा लिन सकिन्छ।

### ३.३.२ वर्तमान अवस्था

रोल्पा नगरपालिकारोल्पा अन्तरगत माध्यमिक तहको कक्षा १-१० सञ्चालनमा रहेको विद्यालय संख्या जम्मा १० रहेको छन भने कक्षा १ -१२ चलेका विद्यालय ३ वटा रहेका छन। यस नगरपालिकामा संचालनमा रहेका कक्षा १ -१२ चलेका विद्यालयहरु श्रीबालकल्याण माध्यमिक विद्यालय वडा नं .२ लिवाङ, श्री नेपाल माध्यमिक विद्यालय वडा नं .६ कोटगाउँ र श्री राष्ट्रिय

माध्यमिक विद्यालय वडा नं .३ खुमेलमा रहेका छन्। साथै यिनै विद्यालयमध्ये श्री बालकल्याण माध्यमिक विद्यालय वडा नं .२ लिवाङमा विज्ञान तथा प्राविधिकतर्फ सिभिल इन्जिनियरिङ धारको कक्षा समेत चलिरहेको छ।

माध्यमिक तहअन्तर्गत यस रोल्पा नगरपालिकामा संघिय स्वीकृत दरबन्दी द्वितीय ४, तृतीय ४,अस्थायी ३, राहत अनुदान ८, र नगरपालिका अनुदानबाट २ जना गरी २१ जनाको शिक्षकको दरबन्दी रहेको छ। हाल कार्यरत मध्ये १९ पुरुष र २ महिला शिक्षक रहेका छन्। विज्ञान तर्फ २ जना र सिभिल इन्जिनियरिङतर्फ ४ जना शिक्षकहरु रहेका छन्।

शैक्षिक सत्र २०८१ सालमा कक्षा ९-१० मा छात्र ६४१ र छात्रा ७४५ गरी जम्मा १३८६ जना र कक्षा ११-१२ मा छात्र ३६९ र छात्रा ४२८ जना गरी कुल ७९७ जना विद्यार्थी भर्ना भएका छन्। कुल भर्ना दर स्थानीय, प्रदेश र राष्ट्रिय तहमा क्रमशः ६४, ८०.९० र ८३.२० रहेको छ भने खुद भर्नादर स्थानीय, प्रदेश र राष्ट्रिय तहमा क्रमशः ४७, ५५.२० र ५६.८० रहेको छ।

### ३.३.३उद्देश्य

जीवनोपयोगी माध्यमिक शिक्षामा सबै बालबालिकाकाको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशिल, रोजगारोन्मूख, सकारात्मक चिन्तनयुक्त, सदाचार, स्वावलम्बी, उत्पादनशिल तथा उत्पादनमुखी जनशक्ति तयार गर्न यस योजनाले माध्यमिक शिक्षाका देहाय बमोजिमका उद्देश्य तय गरेको छः

**उद्देश्यहरु**

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरुलाई सीपमूलक र प्रविधियुक्त गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्नु।
- माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निशुल्क बनाउनु।
- माध्यमिक शिक्षामा सहभागी हुन उत्साह र सकारात्मक सोच वृद्धि गर्नु।
- माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरुलाई सरल दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीहरुको आधारभूत सीप प्रासिको सुनिश्चित गरी किशोरकिशोरीहरुलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु

### ३.३.४ रणनीति

- माध्यमिक तहको शिक्षण सिकाई क्रियाकलापमा समलोचनात्मकता ,रचनात्मकता, सिर्जनशिलता र उत्पादनसशिलतालाई जोड दिने ।

- हाल सञ्चालनमा रहेका १वटा माध्यमिक विद्यालयहरुमा दैनिक जीवनमा आवश्यकपर्ने र पेशागत तथा व्यवसायिक सीप विकासका लागि कार्यशालाको स्थापना गर्ने ।
- विद्यालयमा स्थानीय कला, संस्कृति,इतिहास र रहन सहन तथा आफ्नो नगरपालिका,जिल्ला देश र विश्वको परिचय दिने खालका सामग्री र फोटोहरु संकलन गरी संग्रहालय ,पुस्तकालय र प्रयोगशालाको निर्माण गर्ने ।
- माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई विभिन्न पेशागत क्षेत्र तथा भावी जीवनको पेशाका विषयमा परामर्श दिने ।
- स्थानीयस्तरमा प्राविधिक तथा व्यवसायिक सीप भएका व्यक्तिहरुको सुची तयार गरि विद्यालयले स्थानीय श्रोतव्यक्तिको रुपमा प्रयोग गर्ने ।
- विद्यालयका शिक्षकहरुलाई अनिवार्य रुपमा ल्यापटप किन्न अभिप्रेरित गर्ने र त्यसको लागि नगरपालिकाले आवश्यक बजेटको व्यवस्था मिलाउने ।
- विद्यार्थीहरुमा उद्यमसिलता र व्यवसायिकताको विकास गर्न प्राङ्गारिक मल बनाउने (पढ्दै कमाउदै) कार्यक्रमको लागि नगरपालिकाले एउटा उद्यम र व्यवसायिक कोषको व्यवस्था गर्ने
- बालबालिकाहरुलाई समुदाय स्तरमा परियोजना कार्यको माध्यमद्वारा अध्ययन गर्ने वातावरण निर्माण गर्ने ।
- कक्षागत क्रियाकलापहरु संचालन गर्दा व्यवहारको माध्यमद्वारा प्रयोगात्मक प्रदर्शन,चित्र,भिजिबल डकुमेन्ट्रीको माध्यमद्वारा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- आवश्यकताको आधारमा प्राविधिक र व्यावसायिक सीपमुलक रोजगारीमूलक विद्यालयहरुको स्थापना गर्ने ।
- स्थानीयस्तरमा भएका परम्परागत प्रविधिलाई आधुनिकीकरण गरी सम्भाव्यता अध्ययन गरी सीप सिकाउने पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्ने ।
- विद्यालयस्तरका अतिरिक्त क्रियाकलापहरु समुदायस्तरमा संचालन गर्ने र अभिभावकहरुको सहभागिता सुनिश्चित गर्ने ।
- सबै विद्यालयमा इन्टरनेटको सेवा उपलब्ध गर्ने ।
- छोटो अवधिको प्राविधिक सीप सम्बन्धि तालिम केन्द्रहरु संचालन गर्ने ।
- हरेक शिक्षकको आफ्नै ल्यापटप हुनेछ र त्यसको प्रयोग शिक्षण सिकाई क्रियाकलाप हुने सुनिश्चितता गर्ने ।
- एकविद्यालयका राम्रा गतिविधिहरु अर्को विद्यालयमा अभिमुखीकरण गराउने र सहकार्यको वातावरण निर्माण गर्ने ।
- प्रत्येक विद्यालयमा विज्ञान प्रयोगशाला अनिवार्य र पर्याप्त व्यवस्था गर्ने ।

- हरेक विद्यालयमा नेपाल रेडक्रस सोसाइटी र स्काउटका क्रियाकलाप संचालन गर्ने ।
- विद्यार्थीका सिर्जना (लिखित र भौतिक) वस्तु संकलन र प्रदर्शन गर्ने ।
- मा.वि.तहका कक्षा ११ र १२ मा हाल संचालन भएका बाहेक अन्य विषय तथा संकाय (विज्ञान/गणित/व्यवस्थापन/कानुन)लगायतका अन्य महत्वपूर्ण बिषयहरु पनि पढाइ हुने व्यवस्था गर्ने ।

## ३.३.५ प्रमुखउपलब्धि तथा नतिजा

क) उपलब्धि

१) माध्यमिक शिक्षामा सबैको सहभागिता सुनिश्चित भई गुणस्तरमा सुधार हुने।

२) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने

३) प्राविधिक धारमा विद्यार्थीहरुको आकर्षण बढेको हुने

४) माध्यमिक तहमा विद्यार्थीहरुको संख्या अत्यधिक बढ्ने

ख) प्रमुख नतिजाहरु

१) सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा बृद्धि हुने।

२) सबै माध्यमिक विद्यालयहरुमा पूर्वाधारका आधारभूत मापदण्ड पूरा भएको हुने

३) उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने

४) माध्यमिक शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने।

५) नगरपालिकामा रहेको  एक मात्र नमुना माध्यमिक विद्यालयलाई सच्चिकै नमुनाको रुपमा विकास भएको हुने।

६) प्रत्येक माध्यमिक विद्यालयमा कम्तिमा आवश्यक न्यूनतम विषयगत शिक्षकहरुको व्यवस्थापन भएको हुने।

७) सबै माध्यमिक विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको प्रबन्ध भएको हुने।

८) डिजिटल तथा भर्चुअल शिक्षण सिकाइ पद्धतिको समेत प्रवर्द्धन भएको हुने।

९) अधिकांश विद्यार्थीहरु पढ्दै कमाउँदै कार्यक्रममा जोडिएका हुने।

### ३.३.६प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधी | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | व्यवहारिक सिकाइ | विद्यालय,शिक्षक | प्रत्येक विषयमा विद्यार्थीको सिकाइलाई व्यवहारिक र जीवनोपयोगी बनाउनका लागि मा.वि.शिक्षकहरुको विभिन्न विषयगत समितिहरु बनाएर गोष्ठी, कार्यशाला ,तालिम आदि सञ्चालन गर्ने । | पटक | २ | २ | २ | २ | २ |
| २ | विद्यालयको मर्मत सम्भार र रंगरोगन | नगर पालिका र विद्यालय | तोकेको मापदण्ड बमोजिम पहिलो रंग रोगन प्रत्येक विद्यालयलाई गर्ने र जीर्ण भवनलाई मर्मत सम्भार गर्ने | पटक | १ | १ | १ | १ | |
| ३ | संग्रहालय स्थापना, पुस्तकालय र प्रयोगशाला स्तरोन्नति | नगर पालिका, वि.व्य.स. र विद्यालय | प्रत्येक माध्यमिक विद्यालयमा एउटा संग्रहालय स्थापना,,पुस्तकालय र प्रयोगशाला स्तरोन्नतिका लागिनगरपालिकाले विद्यालयहरुलाई सहयोग गर्ने । यसको लागि श्रोत साधन र सरसल्लाहका लागि विद्यालयले स्थानीय बुद्धिजीवी ,अभिभावक र नगरपालिका पदाधिकारीहरुको बैठक बोलाई छलफल गर्ने । विदेशमा काम गर्ने हरुलाई विद्यालयका लागी उपहार ल्याउन प्रोत्साहन गर्ने । | पटक | १ | १ | १ | १ | १ |
| ४ | परामर्श सेवा प्रदान गर्ने | विद्यालय, शिक्षक | माध्यमिक तहका विद्यार्थीहरु लाई | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | दैनिक जीवनका व्यवहारिक समस्या र तिनको समाधानका विषयमा शिक्षक वा समुदायका अन्य अनुभवी व्यक्तिले आफ्नो अनुभवजन्य परामर्श समय समयमा दिने व्यवस्था मिलाउने । यसका साथै विद्यार्थीहरुको रुचि र क्षमतालाई विचार गरेर अध्ययन गर्ने विषय तथा भावी जीवनको पेशा छनोटमा पनि सलाह दिने व्यवस्था मिलाउने । | | | | | | |
| ५ | प्रत्येक माध्यमिक विद्यालय र आधारभूत र विद्यालयको वेभसाइट निर्माण गर्ने | नगर पालिका र विद्यालय | विद्यालयको भौतिक आर्थिक शैक्षिक र अन्य गतिविधिलाई वेभ साइडमा अभिलेखीकरण गरी सुशासनकायम गर्ने । | पटक | ४ | ० | ० | ० | ० |
| ६ | नगर प्रमुख/अध्यक्ष/नगर कप | नगर पालिका र विद्यालय | प्रत्येक तहगत रुपमा खेलकुद प्रतियोगिता वार्षिकरुपमा संचालन गर्ने । | पटक | १ | १ | १ | १ | १ |
| ७ | शैक्षिक महोत्सव गर्ने | नगर पालिका र विद्यालय | तहगत रुपमा विभिन्न विधामा प्रतियोगितात्मक महोत्सव सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ |
| ८ | दरबन्दी न्यून भएका वा विद्यार्थी संख्याबढी भएका विद्यालयलाई शैक्षिक अनुदान । | नगर पालिका र विद्यालय | दरबन्दी न्यून भएका वा विद्यार्थी संख्या बढी भएका विद्यालयलाई शिक्षक अनुदान उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सबै विद्यालयमा इन्टरनेटको पहुँचको सुनिश्चितता गर्ने र कम्प्युटर , प्रोजेक्टर,वाइफाई इ- लर्निङ्गको वातावरण तयार गर्ने र AI जस्ता प्लेटफर्म प्रयोग गर्ने | नगर पालिका र विद्यालय | सबै विद्यालयमाकृतिम बुद्धिमत्ता (AI) र इ-लर्निङ्गबाट सिक्ने सिकाउने वातावरण तयार गरी भर्चुअल कक्षाको समेत व्यवस्थापन गर्ने | पटक | ० | ० | १ | ० | ० |
| १० | नमुना माध्यमिक विद्यालय | विद्यालय र नगरपालिका | पहिले नै भएको विद्यालयलाई सच्चिकै नमुनाकै रुपामा स्थापित गरी आवश्यक पूर्वाधार विकास गर्दै नमुना माध्यमिक विद्यालय निरन्तरता दिने | वटा | ० | १ | ० | ० | ० |
| ११ | माध्यमिक तहको शिक्षामा पहुँच वृद्धि गर्ने | नगर पालिका | यस नगरपालिकाको वडा नं. ८ मा हालसम्म मावि नभएकोले वडामा कम्तिमा एक ओटा मा.वि.विद्यालय संचालन गर्ने | पटक | ० | १ | ० | ० | ० |
| १२ | पढ्दै कमाउंदै कार्यक्रम लागु गर्ने | नगर पालिका र विद्यालय | साधारण तथा प्राविधिक धारतर्फ संचालनमा रहेका माविले विशेष गरेर विद्यार्थीहरुलाई पढ्दै कमाउदै लगायतका अन्य कार्यक्रम संचालन गर्ने । | निरन्तर | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने | आवश्यकतानुसार गर्ने |
| १३ | सिकाइ उपलब्धि र टिकाउदर वृद्धि गर्ने | विद्यालय र नगरपालिका | नेपाली,अंग्रेजी,गणित र विज्ञान बिषयको विशेष सहायता कक्षा संचालन गर्ने । विद्यालयलाई बाल मैत्री बनाउने । विद्यार्थीहरुलाई केन्द्र बिन्दुमा राखेर शिक्षण सिकाइ | निरन्तर | नियमित | नियमित | नियमित | नियमित | नियमित |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | क्रियाकलाप संचालन गर्ने | | | | | | |
| १४ | उत्कृष्ट विद्यालय तथा शिक्षकलाई सम्मान तथा पुरस्कार | नगरपालिका | निर्धारित मापदण्डका आधारमा छनोट भएको नगरपालिकाको कुनै १ माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालयमा कार्यरत शिक्षक तथा वि.व्य.स.पदाधिकारिहरुलाई सम्मान तथा पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ |
| १५ | प्रतिभा पहिचान कार्यक्रम | नगरपालिका तथा विद्यालय | विद्यार्थी प्रतिभा पहिचानका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन | पटक | २ | २ | २ | २ | २ |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

नेपालको संविधान २०७२ सँगसँगै "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्य अन्तर्गत उच्च र दीगो उत्पादन तथा उत्पादकत्त्व तय गरेको र त्यसका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको देखिन्छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तह देखि नै समेट्न खोजिएको छ। सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दीगो विकास लक्ष्यले पनि प्रत्येक व्यक्तिलाई गरी खाने शिक्षामा समावेशी, समतामूलक र समन्यायिक ढंगमा दिने अवसरलाई व्यापक बनाउन जोड दिएको छ। यस प्रकारको शिक्षाको विकासले नगरपालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् स्वरोजगारको अवसरहरु सिर्जना भई विदेशिने युवाहरु आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ।

व्यवहारिक शिक्षामा हाल बोलेर भन्दा पनि केहि गरेर देखाउने खालको हुनु आवश्यक छ। त्यसैले बोलि खाने भन्दा गरी खाने शिक्षा अहिलेको आवश्यकता हो। पछिल्लो समय नेपालमा बेरोजगारीको समस्या बढ्दै गैरहेको छ। बेरोजगारी समस्यालाई न्यूनीकरण गर्न निकै चुनौती थपिएको छ ।शिक्षाले गरिखाने सीप सिकाउन सकेन भने शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने केन्द्र मात्र बन्ने निश्चित छ ।

तसर्थ बदलिदो समय सुहाउँदो प्राविधिक शिक्षा नगरपालिकाका अन्य माध्यमिक विद्यालयमा संचालन गर्न/हुन आवश्यक छ।

संघीय संरचनामा विद्यालयको शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्ने संरचना र जिम्मेवारीको संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीको माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको, बजारको माग र तालिम प्राप्त जनशक्ति भएको हुने प्रणाली स्थापित गर्नु प्राविधिक तथा व्यावसायिक शिक्षाको मुख्य चुनौतीहरु हुन्।

### ३.४.२ वर्तमान अवस्था

प्राविधिक तथा व्यावसायिक तालिम परिषद, ऐन, नियमावलीका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, निजी क्षेत्रको संलग्नता बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेट्नु, स्थानीय पालिकाहरुका कृषि, पशु, स्वास्थ्य जस्ता पुर्वाधार विकास शाखाहरुको सक्रियता केही अवसरहरु हुन्।

हालसम्मयस रोल्पानगरपालिकाको श्री बालकल्याण माध्यमिक विद्यालय वडा नं .२ लिवाङमा मात्र प्राविधिकधारका कक्षाहरु सञ्चालनमा छ। यस विद्यालयमा (एनेक्स कार्यक्रम ) अन्तर्गत डिप्लोमा तहसम्म सिभिल ईन्जिनियरिङ्ग पढाइ भइरहेको छ। साथै यसै नगरपालिकाको मेवाङमा रहेको रोल्पा प्राविधिक शिक्षालयमा बाली विज्ञान ,पशुविज्ञान र सुचना प्रविधिमा डिप्लोमासम्म पढाइ संचालन छ। हाल बाल कल्याण माध्यमिक विद्यालय तथा रोल्पा प्राविधिक शिक्षालयमा करिव २०० भन्दा बढी विद्यार्थीहरु अध्ययनरत छन ।

### ३.४.३ उद्देश्य

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई पहुँच पुर्याई सीपयुक्त एवम् उत्पादनशिल जनशक्ति उत्पादन बढाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमअन्तर्गत यस योजनामा देहाय बमोजिमका उद्देश्यहरु तय गरिएका छन्

उद्देश्यहरु

- नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको नियमन, व्यवस्थापन र दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र विकास गर्नु।

- विद्यालय शिक्षाबाट बाहिर आएका,आउन सक्ने र व्यावसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतीहरुलाई रोजगार एवं स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिको व्यावसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्नु ।

## ३.४.४ रणनीति

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ,सानोठिमी भक्तपुरसंग समन्वयमानगरपालिकामा स्थापना भएको वहुप्राविधिक शिक्षालयलाई निरन्तरता दिने।
- नगरपालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका स्रोतव्यक्तिबाट परामर्श दिने व्यवस्था गर्ने ।
- स्थानिय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजी व्यवस्था तथा अन्य काममा सहयोग गर्ने
- लक्षित समूह तथा युवाहरुलाई छात्रवृत्ति लगायतका सहायता प्रणालीबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा आकर्षित गर्ने
- प्राविधिक शिक्षा सञ्चालनमा रहेको सामुदायिक विद्यालयमा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय साधन स्रोत सम्पन्नरुपमा व्यवस्थापन गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने

## ३.४.५प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

लक्षित समूह तथा युवाहरुलाई समतामूलक, समावेशी र समन्यायिकरुपमा प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुँच पुर्याउने।

**ख) प्रमुख नतिजाहरु**

१) छात्रवृत्ति जस्ता सहायताबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा लक्षित तथा युवा वर्गको भर्ना नियमित गरी चक्र पूरा गर्ने दरमा बृद्धि हुने।

२)सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्नरुपमा व्यवस्थापन गर्ने।

३) नगरपालिकामा स्थापना भएको बहुप्राविधिक शिक्षालयलाई निरन्तर रुपमा विकसित गर्दै लैजाने

४) तालिम प्राप्त प्रशिक्षकहरुलाई आकर्षण गर्नका लागि विभिन्न सेवा सुविधामा बढोत्तरी तथा पेशामा स्थायित्त्वको व्यवस्थापन हुने

५) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग तथा आवश्यकतानुसार विभिन्न आयोगको लागि योग्य तथा दक्ष जनशक्ति निर्माण गर्न सीप विकासका तालिमहरु नियमितरुपमा सञ्चालन हुने

### ३.४.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | बहुप्राविधिक शिक्षालयकोलाई निरन्तरता | नगरपालिका | नगरपालिकाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र भक्तपुरसंग समन्वयमा स्थापना गरेको रोल्पा बहुप्राविधिक शिक्षालयलाई अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा नगरपालिका भित्र विभिन्न व्यवसायिक र प्राविधिक बिषयको तालिम दिने नमुना संस्थाको रुपमा स्थापना गर्ने । | निरन्तरता | ० | १ | १ | १ | १ |
| २ | रोजगार परामर्श सेवा | नगरपालिका | स्थानीय बुद्धिजिवि ,उद्योगी व्यवसायी र पेसाकर्मीहरुको सहयोगी र समन्वयमा स्थानीय र अन्य बाहिरका स्रोतव्यक्तिहरुबाट नगरपालिका भित्रका रोजगारी तथा स्वरोजगारीका क्षेत्रहरुको पहिचान गर्ने एवं स्थानीय युवाहरुलाई सो बारे परामर्श दिने | पटक | ० | १ | १ | १ | १ |
| ३ | स्वरोजगार प्रवर्द्धन कार्यक्रम | नगरपालिका | व्यवसायिक रुपमा तालिम प्राप्त र स्वरोजगार हुन चाहने युवाहरुलाई विभिन्न बैंक र वित्तीय संस्थाहरु मार्फत ऋण सहयोग उपलब्ध गराउन र अन्य सहयोगका लागि आवश्यक वातावरण निर्माण र सहजीकरण गर्ने । | आवश्यकतानुसार | ० | १ | ० | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यावसायिक विद्यालय | नगरपालिका/विद्यालय | नगरपालिकाभित्र सञ्चालित अन्य थप माध्यमिक विद्यालयमा फरक फरक प्राविधिक तथा व्यवसायिक धारको शिक्षा सञ्चालन गर्ने गरी विद्यालयहरुलाई पूर्वाधार विकास गरी सञ्चालन गर्ने | आवश्यकतानुसार | ० | ० | १ | ० | ० |
| ५ | प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | | विद्यालय तथा बहुप्राविधिक शिक्षालयमा स्थापना भएका प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | वटा | १ | १ | १ | १ | १ |
| ६ | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ |
| ७ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | | नगरपालिकाकले प्राविधिक शिक्षा अध्ययन गरेका सबैलाई उद्यमी तथा उद्यमशिलताका लागि विकास कार्यक्रम संचालन गर्ने | पटक | १ | १ | १ | १ | १ |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

कुनै पनि मानिसको सिकाइ जीवन पद्धतिसँग जोडिएको हुन्छ। औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान,सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अनौपचारिक शिक्षा नै हो। अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि

आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका अवसरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइका लागि अवसर बृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्ने गर्दछ। सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेको साथै साक्षरता कार्यक्रमबाट साक्षर बनेका नवसाक्षरहरुका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर उपलब्ध गराउनु पर्ने हुन्छ। शिक्षाको औपचारिक संरचना बाहिर ठूलोसंख्यामा रहेका युवा, महिला र प्रौढहरुका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी लगायतका विशेष कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नती गरी यिनको अगुवाईमा यस्ता कार्यक्रमहरु आगामी दिनहरुमा संचालन गर्न सकिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनऔपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्रसम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

सबै नागरिकलाई कार्यमूलकरुपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्त्वसँग जोड्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, पठन संस्कृतिलाई समाजको जीवनको लागि अभिन्न अंग बनाउनु, र औपचारिक शिक्षाबाट वञ्चितहरुका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा वैकल्पिक शिक्षामा पहुँच र निरन्तरता मुख्य चुनौतीहरुरहेका छन्। साथै अनौपचारिक शिक्षाप्रति अभिरुचिको कमी, सहभागिहरुको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरुबिच समन्वयको अभाव, सबै वडाहरुमा सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन र सक्रियता कायम गर्न नसकिनु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता पक्षहरु चुनौतीका रुपमा रहेका छन्।

### ३.५.२ वर्तमान अवस्था

नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका शिक्षासम्बन्धि प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल सुखी नेपाली बनाउने सरकारको दीर्घकालीन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रुपमा लिन सकिन्छ।

वि.सं. २०७३ मा नेपालकै एक्काइसऔं साक्षर जिल्ला घोषणा भइसकेको जिल्ला हो रोल्पा। रोल्पा नगरपालिकामा ६ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन्। सिकाइ केन्द्रहरुले ४१ वटा आयआर्जन समुह गठन हुनुको साथै झण्डै ३० लाख बचत तथा ऋण परिचालन भएको छ। नवसाक्षरहरुलाई साक्षर तुल्याउदै औपचारिक र अनौपचारिक शिक्षाको सहकार्यको रुपमा विद्यालयमा आधारित अभिभावक शिक्षा कार्यक्रमको माध्यबाट अभिभावक सचेतना कार्यहरु सामुदायिक सिकाइ केन्द्रले गर्दै आइरहेका छन। आगामी दिनमा सामुदायिक सिकाइ केन्द्रले पुस्तकालय तथा वाचनालय, लक्षित वर्गलाई निःशुल्क इन्टरनेट, नयाँ प्रविधि प्रसार तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरु तथा आयआर्जनका साथै थप सीपमुलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ। जनगणना २०७८ को तथ्यांकमा यस नगरपालिकाकोसाक्षरता महिला ६९.४% र पुरुष ८३.६% गरी जम्मा ७६.२% जनसंख्या मात्र साक्षर भएको तथ्यांक रहेको

### ३.५.३उद्देश्य

अनौपचारिक शिक्षालाई साक्षरताको मूल आधारका रुपमा विकास गर्दैनगरपालिकाबासीको आजीवन सिकाइका लागि देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएका छन्।

**उद्देश्यहरु**

- सबै नागरिकलाई आजीवन सिकाइको अवसर प्रदान गर्नु
- शिक्षाको अवसरबाट वञ्चित, बिचैमा पढाइ छाडेका, नवसाक्षर तथा निरक्षर व्यक्तिहरुको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा, वैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु
- अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा सिकाइ सामग्री निर्माण र वितरण गर्नु
- अनौपचारिक, खुला र वैकल्पिक माध्यमाबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइ सुनिश्चित गर्नु
- सार्वजनिक पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरुको स्थापना, विकास र विस्तार गर्नु

### ३.५.४ रणनीति

- जिल्ला नै पुर्ण साक्षर घोषणा भएकोले यसको निम्ति दिगोपना र निरन्तरताको लागि नगरपालिकाको सबै सामुदायिक विद्यालय र सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास

साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरुलाई परिचालन गर्ने।

- विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको विकास गर्ने।
- सिकाइमा रेडियो, टेलिभिजन, मोबाइल, अनलाइनजस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागीमैत्री सामग्री तथा विधिसमेतमा पहुँच अभिवृद्धि गर्ने।
- नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लग्ने।
- मौलिक एवं परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्द्धन, आधुनिकीकरणसम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) सबै नागरिकका लागि निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने।

**ख) प्रमुख नतिजाहरु**

१) माग तथा आवश्यकताका आधारमा  निरन्तर शिक्षाका कार्यक्रमहरुको प्रबन्ध हुने।

२) नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्र ( Lifelong Learning Hub) का रुपमा विकास हुने।

३) आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरुको सिर्जना हुने।

४) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारुपअनुरुप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने।

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्षमा | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | सबै नागरिकलाई आजीवन सिकाइको अवसर प्रदान गर्नु | नगरपालिका | पालिकामा रहेका नागरिकहरुलाई आजीवन सिकाइको अवसर प्रदान गर्न विभिन्न खालका कार्यक्रम संचालन गर्ने | निरन्तरत | १ | १ | १ | १ | १ |
| २ | स्थानीय मागमा आधारमा सामुदायिक सिकाइ केन्द्र स्थापना, समायोजन तथा पुनर्वितरण | नगरपालिका | सञ्चालनमा रहेका CLC लाई अपेक्षित कार्यका लागि सक्रिय बनाउने र थप सिकाइ केन्द्रहरुको आवश्यकता अध्ययन गरी थप गर्ने वा समायोजन गर्ने | पटक | १ | ० | १ | ० | ० |
| ३ | सार्वजनिक पुस्तकालय तथा वाचनालयको स्थापना | नगरपालिका | प्रत्येक वडामा कम्तिमा १ वटा १ सामुदायिक केन्द्र स्थापना गरी सार्वजनिक पुस्तकालय तथा वाचनालयलाई सामुदायिक अध्ययन केन्द्रसँग आवद्ध गर्ने | पटक | १ | ० | १ | ० | ० |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा सञ्चार प्रविधिको व्यवस्था | नगरपालिका | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना तथा सञ्चार प्रविधिहरु जस्तै साउण्ड सिस्टम, इन्टरनेट, टिभीको व्यवस्था गरी सिकाइमा | पटक | १ | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रयोग गर्ने | | | | | | |
| ५ | सबै उमेर समूहका निरक्षर तथा साक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गरी आजीवन सिकाइका लागि तथ्यांक तयार गर्ने | नगरपालिका | सबै उमेर समूहका निरक्षर तथा साक्षर व्यक्तिहरुको तथ्याङ्क संकलन गरी आजीवन सिकाइका लागि डाटावेस तयार गरी विवरण अद्यावधिक गर्ने | पटक | १ | ० | १ | ० | १ |
| ६ | राष्ट्रिय योग्यता प्रारुप अनुसार योग्यता प्रमाणिकरण तथा समकक्षता सम्बन्धि कार्यविधि तयार तथा कार्यान्वयन गर्ने | | राष्ट्रिय योग्यता प्रारुप अनुसार योग्यता प्रमाणिकरण तथा समकक्षता सम्बन्धि कार्यविधि तयार तथा कार्यान्वयन गर्ने | पटक | ० | ० | १ | ० | ० |
| ७ | अनौपचारिक प्रौढ विद्यालय, गृहणी विद्यालय, खुला विद्यालयजस्ता आवश्यकतानुसार स्थापना र सञ्चालन गर्ने | नगरपालिका | अनौपचारिक प्रौढ विद्यालय, गृहणी विद्यालय, खुला विद्यालयजस्ता कार्यक्रमहरु विभिन्न संस्थाहरुको साझेदारीमा आवश्यकतानुसार स्थापना र सञ्चालन गर्ने | आवश्यकतानुसार | ० | ० | १ | ० | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | जेष्ठ नागरिक, श्रमिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको अवसरको प्रबन्ध गर्ने | नगरपालिका | जेष्ठ नागरिक, श्रमिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यकतामा आधारित निरन्तर सिकाइको अवसरको व्यवस्था तथा प्रबन्ध गर्ने | निरन्तर | ० | १ | १ | १ | १ |
| ९ | नवसाक्षर र विपन्न महिलाहरुलाई समावेश गरी समूह निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र परिचालन गर्ने | नगरपालिका | नवसाक्षर र विपन्न महिलाहरुलाई समावेश गरी समूह निर्माण गर्ने र आयआर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै बचत गर्ने बानीको विकास गर्ने संयन्त्र निर्माण र परिचालन गरी दिगो बनाउने | पटक | ० | १ | १ | १ | १ |
| १० | स्थानीय भाषा, कला, र संस्कृति संरक्षण, प्रबद्धन र विकास गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने | नगरपालिका | स्थानीय भाषा, कला, र संस्कृति संरक्षण, प्रबद्धन र विकास गर्ने कार्यक्रमहरु नगरपालिकाले सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सिकाइ प्रक्रियाका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टिभी, अनलाइन तथा अफलाइन डिजिटल सामग्री) गर्ने | नगरपालिका | सिकाइ प्रक्रियाका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग (रेडियो, टिभी, अनलाइन तथा अफलाइन डिजिटल सामग्री) को नगरपालिकामा व्यवस्था गर्ने | आवश्यकतानुसार | ० | १ | १ | १ | १ |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

योजनामा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरु अन्तर्गत प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौती र अवसरहरुको पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरु तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरुसहितको योजनाको खाका प्रस्तुत गरिएको छ।

प्रस्तुत परिच्छेदमा शिक्षा क्षेत्र अन्तर्गतका उल्लिखित विभिन्न उपक्षेत्रहरुसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरु जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन, शैक्षिक सुशासन, सबलीकरण र गुणस्तर व्यवस्थापन शिक्षामा सूचना र प्रविधि, शिक्षामा समतामूलक समावेशीकरण र मनोसामाजिक परामर्श, सुरक्षित विद्यालय व्यवस्थापन, भौतिक पूर्वाधार विकास समावेश गरी विश्लेषण गरिएको छ। यी अन्तरसम्बन्धित विषयहरुलाई योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ। यी विषयलाई यस खण्डमा अलग्गै प्रस्तुत गर्दा कतिपय रणनीति तथा क्रियाकलापहरु जाने भए पनि अघिल्लो परिच्छेदका रणनीति तथा क्रियाकलापहरुले सम्बन्धित खण्ड वा उपक्षेत्रमा प्रयोग गर्ने कुरामा विशेष ध्यान दिन्छ भने यस परिच्छेदले ती विषयलाई व्यवस्थित गर्न र विभिन्न उपक्षेत्रमा उपलब्धि प्राप्तिलाई सहयोग पुर्याउने काम गर्दछ।

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक,सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

समयको माग अनुसार पाठ्यक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो। नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नविनतम् शैक्षिक प्रवर्द्धन, प्रयोग तथा उपलब्धिहरु, राज्यको पुनर्संरचनासँगै शैक्षिक रुपान्तरण अपरिहार्य भइ पाठ्यक्रम विकास केन्द्रको नेतृत्त्वमा विद्यालय तहका पाठ्यक्रम २०७७ देखि परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई आधार तथा मार्गचित्रका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिस्प्रर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु, संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय पाठ्यक्रम निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक पाठ्यक्रममा कार्यघण्टा र पाठ्यघण्टाको व्यवस्था गरिएको छ।

विद्यार्थीहरुले सिकेका ज्ञान, सीपहरुको मापन गर्ने साधनपरीक्षा हो। आज पनि परम्परागतरुपमा चलिआएको Paper-Pencil Test को माध्यमले विद्यार्थीहरुको सिकाइ उपलब्धि परीक्षण गर्दै आइरहेको अवस्था छ। परीक्षणका साधनहरुमा जति विविधता अपनाउन सक्यो मूल्याङ्कन त्यती नै विश्वसनीय र वैध हुन्छ। कक्षा १-३ सम्म लिखित परीक्षा सञ्चालन नगर्ने, ४ र ५ मा ५०% प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५०% आवधिक परीक्षा, कक्षा ६ र ७ मा ४०% निरन्तर विद्यार्थी मूल्याङ्कन र ६०% आवधिक परीक्षाका माध्यमले मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रमले गरेको छ। निरन्तर विद्यार्थी मूल्याङ्कनमा हाजिरी, कक्षा कार्य, परियोजना कार्य, कक्षा सहभागिता, विद्यार्थीको रचनात्मक र सिर्जनात्मक कार्यजस्ता विविध पक्षहरुलाई आधार मान्ने गरिएको छ। आधारभूत तहको परीक्षा सञ्चालन र व्यवस्थापनको अधिकार स्थानीय तहको कार्य क्षेत्रभित्र रहेको छ।

हाल निर्माण गरिएको नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरोकारवालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, सबै शिक्षकहरुलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीहरुको अभिमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालबालिकाहरुका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरु प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु पाठ्यक्रम तथा पाठ्यसामग्रीसँग सम्बन्धित प्रमुख चुनौतीहरु हुन्। शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई उच्च तहको संज्ञान तथा सीप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोगसहितको वैकल्पिक विधिको प्रयोग गर्नु, मातृभाषाको पाठ्यक्रम र पाठ्यवस्तु निर्माण गर्न विज्ञको अभाव हुनु पाठ्यक्रम तथा पाठ्यसामग्रीसँग सम्बन्धित थप चुनौतीका विषयहरु रहेका छन्।

### ४.१.२ वर्तमान अवस्था

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्माण, विद्यालय शिक्षाको सम्पूर्ण कक्षाको पाठ्यक्रम तथा मूल्याङ्कनको क्षेत्रमा परिमार्जन र कार्यान्वयन गर्दै जानु, आधारभूत र माध्यमिक तहका सबै बालबालिकाहरुलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकासमा प्रभावकारी भूमिका निर्वाह गर्नु जस्ता पक्षहरु अवसरका रुपमा रहेका छन्।

हाल यस रोल्पानगरपालिकाले स्थानीय पाठ्यक्रम २०७९ निर्माण गरी लागू गरेको छ भने त्यससँग सम्बन्धित पाठ्यपुस्तक निर्माणका चरणमा रहेका छन्। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ का

प्रवोधीकरण दुई पटक गरिएको छ भने सबै विद्यालयहरुमा सोही पाठ्यक्रम बमोजिमले पठनपाठन गर्नु पर्ने प्रावधान गरिएको छ।शैक्षिक सत्र २०८१ मा भर्ना भएका सबै विद्यार्थीले यो पाठ्यक्रम पढिरहेका छन् ।

### ४.१.३उद्देश्य

- पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारीरुपमा कार्यान्वयन गरी सक्षम, सिर्जनशिल तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु।
- खोज, अनुसन्धान र व्यवहारिक जीवनमा आधारित स्थानीय पाठ्यक्रम अद्यावधिक गरी कार्यान्वयन गर्न सहयोग गर्नु।
- स्थानीय पाठ्यक्रममा मातृभाषाको प्रयोग गर्नु।
- मातृभाषा (मगरखाम) भाषाको पाठ्यक्रम र पाठ्यसामग्रीहरु निर्माण गर्नु
- शिक्षालाई दैनिक जीवनका आयामहरुसँग जोडी सम्बन्धित विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्नु।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सीप तथा व्यवहार विकासमा सहजीकरण गर्नु।
- सिकारुको सिकाइलाई समस्या समाधानोन्मूख गराइ निरन्तर, आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न सहयोग गर्नु।

### ४.१.४ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र तदनुरुपका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि सहजीकरण गर्ने।
- ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवं यस नगरपालिकाको शैक्षिक, सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक अवस्था र स्थानीय आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन गर्ने।
- पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रभावकारी कार्यान्वयन गर्न शिक्षक तथा अन्य सरोकारवालालाई प्रबोधीकरण गर्ने।
- विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षमता विकास गरी जिम्मेवार बनाउने।
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गर्ने।

- अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपी, सांकेतिक भाषा, श्रव्यदृष्य सामग्रीहरुको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिइ सबै बालबालिकाहरुको शैक्षिक अधिकारको सुनिश्चितता गर्ने।
- सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाइ शिक्षकको वृत्तिविकाससँग पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन र विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्ने व्यवस्था मिलाउने।
- कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लग्ने।
- प्रारम्भिक कक्षाहरुलाई व्यवस्थितरुपमा सञ्चालन गर्दै नतिजाको अभिलेख व्यवस्थापन तथा सरोकारवालासँग प्रवाहलाई व्यवस्थित गर्ने।

### ४.१.५प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भएको हुने।

२) स्थानीय विषयको पाठ्यक्रम समय सान्दर्भिकरुपमा अद्यावधिक हुने र मगरखाम भाषाको पाठ्यक्रम निर्माण भएको हुने।

३) निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने।

**ख) नतिजाहरु**

१) राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन हुने।

२) कक्षा १-३ मा व्यवहारकुशल सीपसहित एकिकृत पाठ्यक्रम लागू भएको हुने

३) विद्यालय तहको स्थानीय पाठ्यक्रम अध्यावधिक तथा कार्यान्वयन भएको हुने

४) विद्यालय तहको सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको सही र उचित व्याख्या गरेको हुने

## ४.१.६ प्रमुख क्रियाकलाप  र परिमाणात्मक लक्ष्य

| क.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को कार्यान्वयन अनुगमन | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २ | विद्यालय तहको पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमूखीकरण | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ३ | स्थानीय पाठ्यक्रम अद्यावधिक तथा पाठ्यपुस्तक विकास | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ४ | अपाङ्गता भएका बालबालिकाहरुज का लागि उपयुक्त पाठ्यसामग्रीको विकास र वितरण | नगरपालिका | | पटक | | १ | ० | ० | १ |
| ५ | अभिभावक शिक्षाको पाठ्यक्रम विकास | नगरपालिका | | पटक | १ | ० | ० | ० | ० |
| ६ | मातृभाषाको पाठ्यक्रम विकास | नगरपालिका | | पटक | ० | १ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | स्तरमापन परीक्षा सञ्चालन | नगरपालिका र विद्यालय | | पटक | १ | १ | १ | १ | १ |
| ८ | प्रारम्भिक बालविकास तथा कक्षा १ -३ मा CB-EGRA सञ्चालन | नगरपालिका र विद्यालय | | पटक | १ | १ | १ | १ | १ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षक शिक्षण सिकाइ क्रियाकलापमा एक जीवन्त स्रोत हो।शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्त्व प्रदर्शनले विद्यार्थीहरुको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। यही जीवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन्। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरुको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ।

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नु एवं शिक्षण पेसालाई रोजाइको पेसा बनाएकालाईशिक्षण पेसामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाहरुको रुचिअनुसार शिक्षकको आपूर्तीका निम्ति शिक्षकसेवा परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षकको आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यारलयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरुलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेसागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु, विद्यालयमा तहगत रुपमा न्यूनतम विषयगत दरबन्दीको व्यवस्थापन गर्नु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै स्रोतबाट व्यवस्थापन गर्नु, शिक्षकको सरुवा र वृत्ति विकासलाई पारदर्शी, निष्पक्ष,न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु, शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका चुनौतीहरु हुन्।

हालको अवस्थामा शिक्षक तयारी गर्ने काम विश्वविद्यालयहरु तथा विद्यालयहरुले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धि कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ। आयोगबाट सिफारिस भई आएका शिक्षकहरुको पदस्थापन गर्ने कार्य स्थानीय तहले गर्दै आएको छ। यसै गरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति, शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाटै हुँदै आएको छ। शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कस्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन्।

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि तथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउनु, शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु, शिक्षकलाई राजनीतिक थरीथरीका संस्थातिर नभइ पेसागत उन्नयनमा सहयोग पुर्याउने सबैको साझा पेसागत संस्थाप्रति प्रतिबद्ध बनाउनु, शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्नु, विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन तथा उपलब्ध शिक्षकहरुको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टतासहित आवश?यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिने सवालहरु हुन्।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकहरुको पदपूर्ति गर्नु, बढुवाका लागि नियमित कार्यहरु प्रभावकारीरुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेसागत विकास प्रारुपअनुसार पेसागत विकासका तीनवटै तरिकाहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेतले शिक्षक व्यवस्थापनम लगानी गर्दै आउनु आदि यस क्षेत्रका अवसरहरु हुन्।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा रोल्पानगरपालिकाको वर्तमान अवस्था र समसामहिक सवालहरुलाई निम्नानुसार प्रस्तुत गरिन्छः

**(क) शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेसालाई रोजाइको पेसाका रुपमा विकास गर्नका लागि शिक्षाको राष्ट्रिय नीति २०७६ ले सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा, पेसागत नैतिकता र सक्षमता अभिवृद्धि गर्नुका साथै शिक्षकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्ने नीति अघि सारेको छ। पन्ध्रौं योजनाले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अंक हासिल गरेको व्यक्तिलाई सोझै शिक्षण पेसामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने,स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नु पर्ने र पेसाको सुरक्षा लगायतका कारणले शिक्षण पेसालाई समाजमा प्रतिष्ठित पेसाका रुपमा लिइने अवस्थामा सुधार हुँदै गएको छ।

शिक्षक सेवा आयोगबाट आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा रिक्त शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गर्ने कार्य भइरहेको छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरुलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।विद्यालय र कक्षाकोठालाई नैतिक आचरण, कम्प्युटर सम्बन्धि दक्षता, बालबालिका प्रति सकारात्मक प्रवृत्ति र आर्थिक प्रलोभन भन्दा पनि सामाजिक प्रतिष्ठा र सम्मानलाई महत्त्व दिने स्वभावको शिक्षकको आवश्यकता रहेको छ।

**(ख) शिक्षक तयारी**

नेपालमा विद्यालयको शिक्षा शास्त्रको उच्च माध्यमिक तह र विश्वविद्यालयहरुले सञ्चालन गर्दै आएका बि.एड., एम.एड.लाई नै शिक्षक तयारी कोर्स वा प्राज्ञिक योग्यता दुबै मानिएको छ। यस्ता कार्यक्रमहरुमा विद्यार्थी भर्नाका आधारहरु न्यूनतम ग्रेड तोकिएको हुँदा यसकै परिणामस्वरुप विश्वविद्यालयका यी कार्यक्रमहरुमा उत्तीर्ण दर पनि न्यून रहेको देखिन्छ।शिक्षा ऐन २०२८(संशोधनसहित) र शिक्षक सेवा आयोग नियमावली २०५७ मा भएको व्यवस्थानुसार नेपालको प्राथमिक र निम्नमाध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ वा अन्य संकायबाट सो सरह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिई अध्यापन अनुमति पत्र प्राप्त गरेको र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्यबाट स्नातक तह उत्तीर्ण गरी एक वर्षे बी.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ।माध्यमिक तह कक्षा ११-१२ मा अध्यापन गर्नका लागि स्नातकोत्तर तह उत्तीर्ण

गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्ने प्रावधान छ। अध्यापन अनुमति पत्रको लागि परीक्षा शिक्षक सेवा आयोगले सञ्चालन गर्दै आएको छ।

### (ग) शिक्षण सिकाइ क्रियाकलाप

पन्ध्रौं योजनाले शिक्षन सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी संख्या कम भएकका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धतिमार्फत पढाइ सीप प्रवर्द्धन गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतका व्यवस्थामा जोड दिएको छ। विद्यालय क्षेत्र विकास योजना अवधिमा  कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थीकेन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन भएका छन्।  यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित कस्टमाइज्ड तालिमहरु सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।  यति हुँदा पनि हाम्रा शिक्षकहरुलाई एकातिर कक्षाकोठाका शिक्षण सिकाइ क्रियाकलापमा रमाउनका लागि उपयुक्त वातावरणको सिर्जना गर्न नसकेको अवस्था छ भने अर्कोतिर शिक्षण सिकाइ क्रियाकलापमा रमाउने स्वभावका शिक्षकहरु छनोट गरेर कक्षामा लिन नसकेको अवस्था पनि छ।  कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार, उच्च गतिको इन्टरनेट सुविधाको कमी, स्रोतको कमी, विषयगत दक्ष, योग्य र उत्प्रेरित शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमी, उपयुक्त कार्य वातावरणको कमी आदि कारणले कक्षाकोठाको शिक्षणसिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ।

### (घ) शिक्षकको पेसागत सहयोग पद्धति

नेपालमा शिक्षक पेसागत सहयोगका लागि बि.स.२०२८ मा लागू भएको राष्ट्रिय शिक्षा पद्धतिले लिडर र फिडर विद्यालय ( Leader and Feeder School)को अवधारणा अघि सारेको थियो।  यसै गरी विद्यालय सुपरीवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक शिक्षक निरीक्षक र माध्यमिक शिक्षक निरीक्षकहरुको व्यवस्था गरेको थियो। ग्रामिण विकासका लागि सेती  परियोजना (१९८१-१९९१) हुँदै नेपालको शिक्षा सुधारका लागि निरन्तर रुपमा धेरै परियोजना र कार्यक्रमहरु कार्यान्वयनमा आए। ती सबैले शिक्षक पेसागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन  भएका देखिन्छन्।

ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपलामा शिक्षक पेसागत सहयोगका ललागि स्रोत केन्द्रहरु स्थापना भएर क्रमशः तिनको संख्या विस्तार गरी १०५१ स्रोत केन्द्रहरुमार्फत शिक्षक पेसागत सहयोग प्रदान हुँदै आइरहेका थियो। संघीय संरचनाको कार्यान्वयनसँगै हाल आएर स्रोत केन्द्र पद्धति विघटन भएको हुँदा स्रोत केन्द्रबाट

सम्पादन हुने कार्यहरुमा गतिरोध भएको अवस्था छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने एवम् स्थानीय तहमा सेवा निवृत्त शिक्षकहरुलाई अध्ययन अनुसन्धान, शिक्षक सहायता, अनुगमन आदिमा प्रयोग गर्ने उल्लेख गरेपनि यसका लागि आवश्यक कानून र कार्यक्रमको व्यवस्था मिलाउन सकिएको छैन। दिगो विकास लक्ष्य (२०१६-२०३०) अनुसार सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरणका लागि शिक्षक पेसागत सहयोगका लागि गठन भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुबीच सञ्जाल विकास गर्न अति कम विकसित मुलुकका लागि दिइएको सुविधाको उपभोग हुन सकेको छैन।

शिक्षाका पुराना संरचनाहरु विघटन भएको र नयाँ संरचनाको विकास पनि नभइरहेको अवस्थामा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा झै यस नगरपालिकामा पनि शिक्षक पेसागत सहयोगका विभिन्न उपागमहरु जस्तैः अवलोकन र छलफल, मेन्टरिङ्ग, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, शिक्षकहरुको सिकाइ सञ्जाल, कन्फेरेन्स, सहपाठीसँगको अन्तरक्रिया, प्रतिविम्वित अभ्यास आदि दिशाविहीन भएको छ।

**(ङ) शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूचि १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तिमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तिमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ। नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १ :३०, पहाडी भेगमा १ :४० र तराईं तथा उपत्यकामा १ :५० रहेको छ। यही अनुपातलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरुको लागि नेपाल सरकारले शिक्षक सहायता अनुदान रकम प्रदान गर्दै आएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अभिलेखअनुसार प्रदेश, जिल्ला र विद्यालयपिच्छे शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। तराईमा शिक्षक विद्यार्थी अनुपात उच्च रहेको पाइन्छ भने हिमाली भेगमा यो अनुपात न्यून रहेको छ।

तालिका नं. २०

**सामुदायिक विद्यालयमा दरबन्दी**

| प्राथमिकतह | | निम्न माध्यमिक तह | | माध्यमिक तह | | विद्यालय सहायक कर्मचारी | विद्यालय सहयोगी | बालविकास सहजकर्ता | सामुदायिक सिकाइ केन्द्र सहजकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वीकृत दर बन्दी | राहत | स्वीकृत दर बन्दी | राहत | स्वीकृत दर बन्दी | राहत | | | | | |
| १३७ | २५ | २१ | १४ | ८ | ८ | ११ | ६६ | ७२ | ६ | |

*श्रोतः शिक्षा शाखा, रोल्पा नगरपालिका*

**बालविकासर प्रा.वि शिक्षक विवरण**

| बालबिकास | | | प्राथमिक | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | | | अस्थायी | रिक्त | राहत | पालिका अनुदान | कुल जम्मा |
| महिला | पुरुष | जम्मा | प्रथम | द्धितीय | तृतीय | | | | | |
| ६७ | ५ | ७२ | ५ | १२ | ११३ | ७ | ० | २५ | १४ | १७६ |

*श्रोतः शिक्षा शाखा, रोल्पा नगरपालिका*

**आधारभुत ६-८विवरण**

| स्थायी | | | अस्थायी | रिक्त | राहत | शिक्षण सिकाई अनुदान | पालिका अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | द्धितीय | तृतीय | | | | | | |
| ० | ४ | १७ | ० | ० | १४ | १२ | १२ | ४८ |

श्रोतः शिक्षा शाखा, रोल्पानगरपालिका

**मा.वि ९-१२ शिक्षक विवरण**

| स्थायी | | | | शिक्षण | पालिका | कुल |
|---|---|---|---|---|---|---|

| प्रथम | द्वितीय | तृतीय | अस्थायी | रिक्त | राहत | सिकाई अनुदान | अनुदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ० | ४ | ४ | ३ | ० | ८ | १८ | ८ | ४५ |

श्रोत:शिक्षा शाखा, रोल्पा नगरपालिका

### ४.२.३उद्देश्य

१) शिक्षकको तयारीको गुणात्मक पक्षको पुनरावलोकन गरी शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति र सक्षम शिक्षक आपूर्ति गर्न संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्नु।

२) शिक्षकको छनौट, नियुक्तिपुनर्वितरणलाई सुदृढ बनाउन सहजीकरण गर्नु।

३) नपुग शिक्षक दरबन्दीमध्ये नगरपालिकाले आर्थिक भार व्यहोर्ने गरी कानूनबमोजिम दरबन्दी सिर्जना गरी न्यायोचित  वितरण गर्ने।

४) सबै तहमा शिक्षकहरुको योग्यताको पुनरावलोकन गरीविषयवस्तुमा दक्ष र निपूण शिक्षकको सुनिश्चितता गर्न आवश्यक सहयोग गर्ने।

५) नगरपालिकामा शिक्षकलाई कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गर्नु।

६) शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु।

७) आवश्यक प्रोत्साहन, निरन्तर पेसागत  विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरुको प्रबन्ध गर्न सहयोग गर्न आवश्यक सहयोग गर्नु।

८) विद्यालय, सुपरीवेक्षण प्रणालीलाई चुस्त, नतिजामुलक र उपचारात्मक गराउनु।

### ४.२.४ रणनीति

१) नगरपालिकास्तरमा शिक्षक तथा विद्यालय कर्मचारीको सक्षमता प्रारुप विकास गरी कार्यान्वयमा ल्याउने।

२)नगरपालिकामा भएको दरबन्दीलाई न्यायोचित उपयोग गर्ने

३)नगरपालिकाभित्रका उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निश्चित अवधिका लागि स्वयमसेवकका रुपमा विद्यालयमा योगदान दिन सक्ने वातावरण गर्ने।

४) नपुग शिक्षकमध्ये नगरपालिकाले आर्थिक व्ययभार व्यहोर्ने गरी न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति तथा पदस्थापपन गर्ने

५) नगरपालिकाभित्र स्रोतसाधनले सम्पन्न तालिम हललाई व्यवस्थित बनाउने।

६) शिक्षकककहरुको पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइनेछ। यसका लागि नगरपालिकामा विषयगत शिक्षक सञ्जाल बनाइ वा अनुभवी सेवा निवृत्त शिक्षकहरुबाट सहयोग तथा मेन्टरिङ्ग पद्धतिको विकास गर्ने।

७) शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गर्ने।

८)नगरपालिकाको स्रोतबाट व्यवस्थापन गरिएका शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहनलगायतका वृत्ति विकासका प्रावधानहरुलाई पुनरावलोकन बनाउने।

९) योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा ल्याउन प्रधानाध्यापक तालिम तथा नेतृत्त्वसीप तालिम सञ्चालन गरिनेछ र योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गर्न कार्यविधिको विकास गर्ने।

१०)शिक्षक नियुक्ति, सरुवा तथा तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीहरुको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने।

११)शिक्षक पुरस्कार प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरुको अभिमतजस्ता मापदण्ड निर्माण गरी लागू गर्ने।

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) पर्याप्त मात्रामा सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइ सक्षमता सुधार हुने।

२) नियमित र औचित्यताका आधारमा दरबन्दी मिला भई विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुने।

३) शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजाहरु**

१) नगरपालिकामा शिक्षक सक्षमता प्रारुपको विकास भइ कार्यान्वयन भएको हुने।

२) शिक्षक तयारी कोर्सहरुमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धि सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार गर्ने कार्यमा संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिने।

३) कक्षाकोठाको आवश्यकता र पाठ्यक्रमको मर्म एवं बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका लागि पालिकामा आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गरिने।

४) शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने।

५) पेसागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई नगरपालिकास्तरमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने।

६) शिक्षकको उपस्थिति, शिक्षण सिकाइ विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने।

७) विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगतरुपमा उपयुक्त संख्यामा शिक्षक संख्या आपूर्ति भएको हुने।

८) योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गर्न कार्यविधिको विकास भई लागू भएको हुने।

९) पारदर्शी, वस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरस्कार पद्धति स्थापित भई कार्यान्वयनमा आएको हुने।

१०) शिक्षकहरु विद्यार्थीहरुको बढोत्तरी र आफ्नो पेसागत विकासका लागि एउटा साझा संस्थामा आवद्ध भएको हुने।

११) दरबन्दी मिलान भएको हुने

## ४.२.५ प्रमुख कार्यक्रम र परिमाणात्मक लक्ष्य

| **क्र.स.** | **क्रियाकलापहरु** | **जिम्मेवार निकाय** | **कार्यविधि** | **इकाइ** | **भौतिक लक्ष्य ५ वर्ष** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **१** | **२** | **३** | **४** | **५** |
| शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |
| १ | शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन, पुरस्कार, दण्ड | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा सुविधाका निम्ति वस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गर्ने | | | | | | | | |
| २ | अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरुको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने। | नगरपालिका | | पटक | ० | १ | ० | ० | ० |
| ३ | स्थानीय तहबाट थप प्रोत्साहन भत्तासमेतको व्यवस्था गरी शिक्षकहरुले वहन गर्ने थप जिम्मेवारी र परिश्रमको सम्मान गरी पेसालाई आकर्षक र सम्मानित बनाउने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ४ | शिक्षण पेसालाई रोजाइको पेसा बनाउन चाहनेहरुका लागि आयोग तयारी, सेवा प्रवेशका लागि पूर्व सेवकालीन तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गर्ने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ५ | योग्य, सक्षम तथा कुशल नेतृत्त्व सीप भएका व्यक्तिलाई प्रधानाध्यापकका रुपमा नियुक्ति गर्न कार्यविधिको विकास | नगरपालिका र विद्यालय | | पटक | १ | १ | १ | १ | १ |
| ६ | बाल विकास सहजकर्ता र | नगरपालिका | | हरेक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय कर्मचारीलाई न्यूनतम पारिश्रमिकको सुनिश्चितता | | | वर्ष | | | | | |
| शिक्षक तयारी | | | | | | | | | |
| ८ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरुलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| ९ | नव प्रवेशी शिक्षकहरुलाई सेवा प्रवेश तालिम सञ्चालन गर्ने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| शिक्षण सिकाइ | | | | | | | | | |
| १० | कमजोर तथा सिकाइमा पछि परेका विद्यार्थीहरुका लागि विशेष सहयोगी कक्षा सञ्चालन तथा उपचारात्मक शिक्षण पद्धति लागू गर्ने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| ११ | योग्य, दक्ष र उत्प्रेरित शिक्षकको व्यवस्थाबाट शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, परियोजनामा आधारित, समूहकार्यमा आधारित बनाउने गरी शिक्षण तथा सिकाइ सामग्री विकास गर्ने | नगरपालिका र विद्यालय | | निरन्तर | १ | १ | १ | १ | १ |
| १२ | प्रधानाध्यापकलाई जिम्मेवार बनाउँदै विद्यार्थीको सिकाइ सुनिश्चित गर्ने शिक्षकले | नगरपालिका र विद्यालय | | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | काममा बिताउने समय सुनिश्चित गर्ने | | | | | | | | |
| १३ | सुपरीवेक्षणलाई विद्यालयमा आधारित बनाउन विद्यालयका प्रधानाध्यापक, अनुभवी शिक्षक र समकक्षी शिक्षकहरुको विज्ञ समूहमार्फत अनुगमन, कक्षा अवलोकन तथा सुपरीवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| १४ | शिक्षकले प्रत्येक शैक्षिक सत्रमा कार्यमूलक अनुसन्धान गर्ने र उत्कृष्ट अनुसन्धानलाई पुरस्कृत र प्रकाशित गर्ने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| १५ | शिक्षण सिकाइ लगायत विद्यालयको समग्र पक्षको अनुसन्धान गरी प्रतिवदेन दिन विज्ञहरुको समूहलाई खटाउने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| शिक्षक पेसागत सहयोग पद्धति | | | | | | | | | |
| १६ | नगरपालिकाको शिक्षक पेसागत सहयोग मार्गदर्शन/कार्यविधि विकास गर्ने | नगरपालिका | | पटक | ० | १ | ० | ० | ० |
| १७ | मार्ग दर्शन/कार्यविधिका आधारमा सिकाइका लागि शिक्षकहरुको ई-सञ्जाल/समूह बनाउने | नगरपालिका | | पटक | १ | ० | ० | ० | ० |
| १८ | शिक्षक मेन्टरिङ्ग कार्यक्रम सञ्चालनका लागि क्षमता | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विकास कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | |
| १९ | विद्यालयमा आधारित नियमित र प्रभावाकारी अनुगमन तथा सुपरीवेक्षणको संयन्त्र विकास गरी कार्यान्वयनमा ल्याउने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| २० | प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन गर्ने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| २१ | सहपाठी कक्षा अवलोकन गर्ने | नगरपालिकार विद्यालय | प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ वटा कक्षा अवलोकन र पृष्ठपोषण आदानप्रदान | निरन्तर | १ | १ | १ | १ | १ |
| शिक्षक पेसागत (क्षमता) विकास | | | | | | | | | |
| २२ | तालिम केन्द्रबाट तालिम | | शिक्षकको पेसागत आवश्यकतानुसार शैक्षिक तालिम केन्द्रहरुमा | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | खटाइ शिक्षकहरु लाई पेसागत विकास तालिम लिन पठाउने र तालिमपश्चात विद्यालयमा आइ सिकाइ आदानप्रदानको संस्कार विकास गर्ने | | | | | | |
| २३ | नगरपालिकामा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेसागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |
| २४ | प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले विद्यालयको असल तथा अनुकरणीय | नगरपालिका | | मासिक | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अभ्यास प्रस्तुत गर्ने | | | | | | | | |
| २५ | सूचना तथा प्रविधिमा आधारित सिकाइका लागि छोटो अवधिको अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २६ | प्रधानाध्यापक तथा फोकल पर्सनलाई एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीसम्बन्धि छोटो अवधिको तालिम सञ्चालन गर्ने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २७ | प्रत्येक विद्यालयको कम्तिमा एकजना शिक्षकलाई ICT को आधारभूत सीपहरुमा दक्ष बनाउने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २८ | शैक्षिक अवलोकन भ्रमण | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २९ | शिक्षक तथा प्रधानाध्यापकहरुलाई मनोपरामर्श तथा रेफरेसमेन्ट कार्यक्रमहरु आयोजना गर्ने | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| शिक्षक उत्तरदायित्त्व | | | | | | | | | |
| ३० | शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापक र शिक्षा हेर्ने अधिकारीलाई जिम्मेवार बनाउने | नगरपालिका | | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | विद्यालयको त्रैमासिक प्रगति प्रतिवेदन शाखामा पठाउने व्यवस्था गर्ने | नगरपालिका र विद्यालय | | निरन्तर | १ | १ | १ | १ | १ |
| ३२ | शिक्षकले शिक्षणमा विताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने | विद्यालय | | निरन्तर | १ | १ | १ | १ | १ |
| ३३ | विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये हरेक हिसावले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने | नगरपालिका | | पटक | १ | ० | ० | ० | ० |
| ३४ | शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति र वि.व्य.स.ले पालिकासँग करार सम्झौता गरी कार्य गर्ने | नगरपालिका र विद्यालय | | पटक | १ | १ | १ | १ | १ |
| ३५ | नगरपालिकामा शिक्षक तालिम हल स्थापना गर्ने | नगरपालिका | | वटा | ० | १ | ० | ० | ० |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

मानव जीवनको सार्थकता प्रदान गर्ने अत्यावश्यक तत्त्व शिक्षा हो। मानिसहरुले प्राचीन युगमा शिक्षा अन्य प्राणी देखासिकी र प्रत्यक्ष भोगेका व्यवहारबाट प्राप्त गर्ने गर्दथे।समयको बदलिँदो विस्तारक्रमसँगै आफ्ना अग्रज, आश्रम, गुरुसन्त, महात्मा धर्म प्रचारक विभिन्न पुस्तक तथा ग्रन्थका श्रवणबाट प्राप्त गर्दै हाल विभिन्न विद्यालय, विश्व विद्यालय, पुस्तकालय संग्रहालय, रेडियो, टिभी, इन्टरनेट, कम्प्युटर, मोबाइल लगायत विभिन्न आधुनिक विद्युतीय उपरणबाट प्राप्त गरिएको अवस्था

छ। शिक्षालाई समय सुहाउँदो ढङ्गबाट प्रदान र ग्रहण गर्दै लैजानु पर्ने आजको टड्कारो आवश्यकता मानव समुदायले गर्दै आइरहेको छ।

समावेशी शिक्षा भन्नाले शिक्षाको मूलधारबाट वञ्चित भई राज्यले चाहेको जनशक्ति उत्पादन गर्न नसक्नु भन्ने बुझिन्छ। संकुचित अर्थमा अपाङ्गता भएका बालबालिकालाई शिक्षामा सहभागिता भन्ने बुझिएतापनि पनि व्यापक अर्थमा भौगोलिक, आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक, शारीरिक, मानसिक, जातीय ढङ्गबाट उपेक्षित भन्ने बुझिन्छ। हाल विकसित परिवेशसँगै सडक बालबालिका, अनाथ, घरेलु हिंसा पीडित, द्वन्द्व पीडित, सहिद परिवार, बेपत्ता, घाइते, अपाङ्ग किसिमका बालबालिकालाई शिक्षामा सहभागिता र सुनिश्चितता भन्ने बुझिन्छ। यस रोल्पानगरपालिका कुनै विशेष किसिमका लक्षित वर्ग विशेष कक्षाहरु वा विद्यालयहरु सञ्चालित छैन।

विद्यालयमा शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु, विशेष सुविधाको आवश्यकता पर्ने बालबालिकाहरुलाई सिकाइका लागि आवश्यक पर्ने सहयोग गर्ने प्रणालीको प्रभावकारी व्यवस्थापन गर्नु, सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष शिक्षाको सुनिश्चितता गर्नु, विद्यालयका पूर्वाधारहरुलाई छात्रामैत्री र अपाङ्गमैत्री बनाउनु र स्रोत कक्षाको सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारीता अभिवृद्ध गर्नु यस क्षेत्रमा देखिएका मुख्य चुनौतीका विषयहरु हुन्।

### ४.३.२ वर्तमान अवस्था

नेपालको संविधानमा कमजोर वर्गका बालबालिकाहरुलाई आधारभूत र माध्यमिक शिक्षामा निशुल्क तथा अपाङ्ग बालबालिकाहरुलाई उच्च शिक्षासम्म निःशुल्क दिइने व्यवस्था, छात्रा र दलित एवम् सीमान्तकृत बालबालिकाहरुका लागि छात्रवृत्ति प्रदान गरिनु, विद्यालय एवम् कक्षाकोठामा विविधता व्यवस्थापनको पाटो सशक्त बन्दै जानु, नगरपालिकाले कमजोर वर्गको शिक्षामा पहुँच पुर्याउनका लागि खेल्दै  गरेको भूमिका, शिक्षक लगायत हरेक पेशामा आरक्षणको व्यवस्था लागू गरिनु आदि यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन्।

### ४.३.३उद्देश्य

स्थानीय स्तरका कमजोर वर्ग तथा विविधता भएका बालबालिकाहरुको शिक्षामा सहभागिता सुनिश्चित गरी शिक्षामा समावेशिता कायम गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन्।

**उद्देश्यहरुः**

यस योजनाले शिक्षामा कमजोर वर्गको पहुँच र समावेशीकरणका उद्देश्यहरु निम्न बमोजिम रहेका छन्

१) आर्थिक, सामाजिक तथा साँस्कृतिक कारणले पछि परेका व्यक्तिहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न आरक्षण, सकारात्मक विभेद, प्राथमिकता, प्रोत्साहन लगायतका उपायहरु अवलम्बन गर्नु।

२) अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु उपलब्ध गराउनु।

३) अपाङ्गता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवम् विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्नु।

४) एक अर्काको धर्म, संस्कृति, परम्परा, सम्प्रदाय, लिङ्ग, रंग, जातजाति लगायतका विविधताका सम्पूर्ण पक्षहरुको सम्मान गर्दै एउटै प्लेटफर्ममा सँगै सिकाइ गर्ने अवसर सिर्जना गर्नु

### ४.३.४ रणनीति

यस योजनाले यस नगरपालिकामा बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थमा लागू र सफल पार्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१) नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिकरुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, नगरपालिका तथा गैह्रसरकारी निकायहरुको साझेदारीमा सञ्चालन गर्ने

२) जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गर्ने।

३) आर्थिकरुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा प्राथमिकता दिने।

४) शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने।

५) सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।

६) असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, वेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारण मृत्यु भएका अभिभावकाका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गर्ने।

७) नगरपालिकामा जिल्लाभरका अपाङ्गका लागि पुनर्स्थापना केन्द्र स्थापना गरी बहुउद्देश्यीय विशेष स्रोत कक्षा सञ्चालन भएकोले त्यसको लागि थप व्यवस्थित र सुविधा सम्पन्न बनाउनेगर्ने।

८) विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन गर्ने।

९) असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने।

१०) स्थानीय पाठ्यक्रममार्फत र अन्य विद्यालयीय क्रियाकलापमार्फत विविधताको सम्मान गर्न सिकाउने पठन सामग्री र अवसर सिर्जना गर्ने

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता गर्ने

**ख) मूख्य नतिजा**

१) नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिकरुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, नगरपालिका तथा गैह्रसरकारी निकायहरुको साझेदारीमा सञ्चालन हुने।

२) जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना हुने।

३) आर्थिकरुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा प्राथमिकता दिइएको हुने।

४) शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण भएको हुने।

५) सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था हुने।

६) असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, वेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारण मृत्यु भएका अभिभावकका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गरिने।

७) नगरपालिकामा जिल्लाभरका अपाङ्गका लागि पुनर्स्थापना केन्द्र स्थापना गरी बहुउद्देश्यीय विशेष स्रोत कक्षा सञ्चालन भएकोले त्यसको लागि थप व्यवस्थित र सुविधा सम्पन्न भएको हुने।

८) विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन भएको हुने।

९) असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण भएको हुने।

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | कमजोर वर्गको शिक्षामा पहुँच विस्तार तथा समावेशी शिक्षा सम्बन्धी नीति तर्जुमा | नगरपालिका | | पटक | ० | १ | ० | ० | ० |
| २ | कमजोर बालबालिका रहेको क्षेत्रको पहिचान, वर्ग विभाजन, स्तरीकरण | नगरपालिका र विद्यालय | | पटक | ० | १ | १ | १ | १ |
| ३ | नगरपालिकामा जिल्लाभरका अपाङ्गका लागि पुनर्स्थापना केन्द्र स्थापना गरी बहुउद्देश्यीय विशेष स्रोत कक्षा सञ्चालन भएकोले त्यसको लागि थप व्यवस्थित र सुविधा सम्पन्न बनाउने गर्ने | नगरपालिका | नगरपालिका जिल्ला सदरमु काम भएकोले जिल्लाभ रका अपाङ्गका लागि पुनर्स्थाप ना केन्द्र स्थापना गरी बहुउद्दे श्यीय विशेष | वटा | ० | १ | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्रोत कक्षा सञ्चालन भएकोले त्यसको लागि थप व्यवस्थित र सुविधा सम्पन्न बनाउने | | | | | | |
| ४ | पहुँच नभएका बालबालिकाका अभिभावकहरुसँग अन्तर्क्रियात्मक छलफल | विद्यालय र नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ५ | विविधता व्यवस्थापन/विशेष/समावेशी शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक विकास र कार्यान्वयन | नगरपालिका | | पटक | ० | १ | ० | ० | ० |
| ६ | शैक्षिक सामग्री विकास र वितरण | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ७ | विशेष शिक्षा शिक्षकको व्यवस्था | नगरपालिका | | पटक | | १ | ० | ० | ० |
| ८ | मनोपरामर्श दाता तथा विज्ञहरुबाट सहजीकरण | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषणको अवस्था प्रत्यक्ष सम्बन्ध हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाको राम्रो स्वास्थ्यको लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरुको प्राप्ति सहज रुपमा हुनु पर्दछ। यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मकरुपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ। बालबालिकाको पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउने-जाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर विद्यालयमा खानाखाजाको प्रबन्ध गर्न आवश्यक छ। त्यसैगरी बालबालिकाले विद्यालयमा प्राप्त सरसफाइ, स्वच्छता तथा पोषणसम्बन्धी शिक्षाले उनीहरुको स्वास्थ्य, सरसफाइ, स्वच्छता र पोषणको अवस्थामा सुधार हुनाका साथै उनीहरुमा यससम्बन्धी उपयोगी ज्ञान, सिप तथा क्षमता हासिल भई स्वस्थ जीवनका लागि सहयोग प्राप्त हुन्छ। खासगरी किशोरीहरुलाई सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरुले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धी सुधार गर्न सहयोग गर्दछ।

### ४.४.२ वर्तमान अवस्था

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्बन्धी अधिकारहरु, खाद्य सम्प्रभुता सम्बन्धी कानुन। राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिका सम्बन्धी कानुन इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको छ।

यस नगरपालिकामा विद्यालयमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गर्ने कार्य विगत केही वर्ष देखि जोड दिइएको र नयाँ विद्यालय भवन निर्माण गर्दा शौचालयसमेत समावेश गर्न थालिएतापनि सबै विद्यालयमा उचित र पर्याप्त शौचालय हुन पुर्याउन सकिएको छैन। विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि सुरक्षित र सहज चेन्ज कोठा/स्थानको अभाव छ। धैरै जसो विद्यालयमा भान्सा/खाजा घर/कोठाको प्रबन्ध छैन भने भएकाहरु मध्ये कतिपय सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विद्यालयमा स्वस्थकर र पौष्टिक खाजा सुनिश्चित गर्ने, सबै

विद्यालयहरु हेर्ने गरी विद्यालय स्वास्थ्य कर्मीको व्यवस्था गर्ने तथा विद्यालयमा स्वच्छ वातावरण बनाई बालबालिकाको सिकाइमैत्री वातावरण बनाउने कार्यहरु मूख्य चुनौतीका रुपमा रहेका छन्। साथै दिवाखाजाको निरन्तर अनुगमन गर्ने, विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्री उपलब्ध रहेको र प्रयोग भएको सुनिश्चित गर्ने, खोप लगायतका स्वास्थ्य सचेतना कार्यक्रमको निरन्तरता, विपद् पश्चात हुन सक्ने स्वास्थ्य जोखिम पहिचान र पूर्वतयारी तथा विद्यार्थिहरुलाई मौसमअनुकूल कपडा व्यवस्थापनका लागि परिवारमा चेतना जगाउने लगायतका कार्यहरु थप चुनौतीका रुपमा रहेका छन्।

यस नगरपालिकाका सबै विद्यालयलाई दिवा खाजाका सामग्री उपलब्ध गराउन सक्ने पसल व्यवस्थापन हुनु, स्थानीयस्तरमै दुध, अण्डा लगायत कृषि उत्पादनका सामग्रीहरु पनि उपलब्ध रहनु, स्वास्थ्य चौकी हुनु, रेडक्रस लगायतका विभिन्न संघसस्थाहरुले सिमीत भए पनि स्वास्थ्य सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु, स्यानिटरी प्याड प्रयोग गर्ने र सोको उपलब्धता रहनु, विद्यालयहरुमा महिला शिक्षिकाहरुको संख्या बढ्दै जानु लगायतका उपलब्धताहरु यस नगरपालिकामा विद्यालयको दिवा खाजा, पोषण, सरसफाइ र स्वास्थ्यका अवसरहरुको रुपमा लिन सकिन्छ।

### ४.४.३ विद्यालय पोषण र दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकाका आधारमा दिवा खाजा कार्यक्रम विद्यालयहरुमा सञ्चालन हुने गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्र सहजीकरण पुस्तिका २०७६ ले कार्यक्रम सञ्चालनका केही मापदण्ड र प्रक्रिया निर्धारण गरेको छ। धैरै जसो विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्ति लगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका कार्यका लागि बजेटको प्रबन्ध गरिएको छैन। पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु.१५ पर्याप्त देखिदैंन। दिवा खाजा स्थानीय उत्पादनसँग जोड्ने, आवश्यक बृहत तथा सुक्ष्म पौष्टिक तत्त्व समावेश भएका बहु मेनुहरु स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने छ। खाद्यान्न उत्पादन, वितरणमा साना किसान, स्थानीय व्यापारी तथा अभिभावकको सहभागिता बढाउनु छ। सबै विद्यालयहरुमा यस पालिकामा दिवा खाजा सञ्चालन भइरहेको छ। दिवा खाजा व्यवस्थापकको व्यवस्था पालिकाले गरेतापनि त्यसलाई बजेटको अभावले हाल सो जनशक्ति व्यवस्थापन गरिएको छैन। विद्यालयहरुले स्थानीय उत्पादन तथा सामग्री खरिद गरी ब्लेन्डेड मोडेलमा दिवा खाजा सञ्चालन गरिरेहका छन्। विद्यालयहरुले दिवा खाजाको लागि जनशक्ति, बनाउने भाडाकुडा व्यवस्थापन गरेका छन् भने प्रत्येक दिन विद्यालयमा नै तयार गरी खाजा सञ्चालन भइरहेका छन्। सबै प्राय

विद्यालयहरुमा जनशक्ति नहुँदा दिवा खाजा व्यवस्थापनमा कठिनाई रहँदै आएको छ। पोषणसम्बन्धी ज्ञानको कमीले विद्यालयहरुले सबै आवश्यक तत्त्व उपललब्ध हुने गरी खाजाको व्यवस्थापन गर्न नसकेको अवस्था रहेको छ।

### ४.४.४ विद्यालय स्वास्थ्य र सरसफाइ

यस नगरपालिकामा ग्रामिण भेगीय सोचाइ र जनचेतना अझै पनि रहेकोले बालबालिकाहरुको सरसफाइ र स्वास्थ्य दयनीय रहेको छ। एकै दम्पत्तिका धेरै बच्चा रहेका कारणले पनि बच्चाले उचित पालन पोषण र हेरचाह नपाएको अवस्था छ। लत्ताकपडा र सामान्य व्यक्तिगत सरसफाइसमेत अधिकांश बालबालिकाहरुले नपाएको देखिन्छ। भौगोलिक बस्तीका र कारणले समेत घरपरिवार र समुदायस्तर मै सरसफाइको दयनीय अवस्था देख्न सकिन्छ। विद्यालयमा न्यूनतम स्वास्थ्य सामग्री जस्तै साबुन, फेनाइल, कुचो, डस्टबिनहरुको समेत प्रयोग र व्यवस्थापन नगरिएको देखिन्छ। उचित शौचालय र खानेपानीको व्यवस्थापनसमेत सबै विद्यालयमा प्रायाप्त छैन। प्राथमिक उपचारसमेतको उचित प्रबन्ध देखिदैंन। नगरपालिकाको कार्यालयबाट र केही संघसंस्थासमेतबाट नगरपालिकाका केहीमा मात्र विद्यालयहरुमा उचित खानेपानीको व्यवस्था गरिएको छ। नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्य चौकीको समन्वयमा बालबालिकाहरुलाई खोप, जुकाको औषधी, भिटामिन लगायतका कार्यक्रम तथा केही सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइएको छ। सबै विद्यालयहरुमा स्यानिटरी प्याड व्यवस्थापन गरिएको  छ। नगरपालिकाको एक मात्र नमुना मावि श्री बाल कल्याण माध्यमिक विद्यालय, रोल्पा-२ लिवाङरोल्पामा विद्यालयको आफ्नै स्रोतबाट विद्यालय नर्स व्यवस्थापन गरिएको छ।

### ४.४.५ उद्देश्यहरु

यस योजनाले विद्यालय पोषणतथा स्वास्थ्य कार्यक्रमसम्बन्धी देहाय बमोजिमका उद्देश्यहरु राखेको छः

- प्रत्येक विद्यालयमा बालबबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु,
- विद्यालयमा प्राथमिक उपचार, न्यूनतम स्वास्थ्य तथा सरसफाइका सामग्रीहरुको उपलब्धता र प्रयोग सुनिश्चित गर्नु,
- विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु,
- बालबालिकाको स्वास्थ्य र सरसफाइसम्बन्धमा अभिभावकको चेतना र सहभागिता बढाई सिकाइ उपलब्धी सुधार गर्नु,

- किशोरीहरुको स्वास्थ्य संवेदनशिलताअनुरुपका संरचनाहरुमा वृद्धि गर्नु

### ४.४.६ रणनीतिहरु

यस योजनाले **विद्यालय पोषण, दिवा खाजा, सरसफाइ तथा स्वास्थ्य कार्यक्रमसम्बन्धी तय गरेको उद्देश्यहरु**प्राप्त गर्न देहाय बमोजिमका रणनीतिहरु तय गरिएका छन्।

- बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरु तथा समूहमा हात धुने लगायतका सुविधाहरु विस्तार गर्ने।
- विद्यालयमा दिवा खाजा व्यवस्थापकको व्यवस्था गर्ने।
- पालिकाबाट रकम थप गरी थप गुणस्तरयुक्त दिवा खाजाको उपलब्धता सुनिश्चित गर्ने।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने।
- विद्यालयहरुमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेट, भिटामिन ए र आइरन फोलिक एसिड आदिको वितरण र किशोरीहरुको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणललाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने।
- दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित कृषि उत्पादनलाई प्रोत्साहन गर्ने गरी खाद्य टोकरी निर्माण र यस टोकरीको आधारमा सामाजिकरुपले स्वीकार्य र सांस्कृतिक, बालबालिकाको रुचिसमेतलाई ध्यानमा राखी गुणस्तरीय तथा पोषिलो खाजा मेनु तयार गर्नको लागि आवश्यक प्रविधिको विकास तथा यस प्रविधिलाई सञ्चालन गर्न सबै विद्यालयहरुको क्षमता अभिवृद्धि गर्ने।
- स्वास्थ्यसम्बन्धी अभिभावक सचेतनाका लागि स्वास्थ्य शाखा तथा अन्य संघसस्थाहरुको सेमतको साझेदारीमा कार्यक्रमहरु सञ्चालन गर्ने।
- विपदको बेलामा र विपदपश्चात हुन सक्ने जोखिम पहिचान गरी विपत् व्यवस्थापन शाखाको समन्वयमा विद्यालयहरुमा योजना बनाउन लगाई पूर्व अभ्यास र पूर्व तयारी गर्न लगाउने।

### ४.४.७ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने।

**ख) प्रमुख नतिजाहरु**

१) विद्यालयहरुमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरुको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्म पोषक तत्त्व प्रदायक ट्यावलेट, भिटामिन ए र आइरन फोलिक एसिड आदिको वितरण र किशोरीहरुको महिनावारी स्वच्छताको लागि स्यानिटरी प्याड वितरणललाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी भएको हुने।

२) विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरुका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने।

३) बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरु तथा समूहमा हात धुने लगायतका सुविधाहरु उपलब्ध भएको सुनिश्चित भएको हुने।

४) विद्यालयमा दिवा खाजा व्यवस्थापकको व्यवस्था हुने।

५) बालबालिकाको न्यूनतम सरसफाइ र स्वास्थ्य प्रति सचेत अभिभावाक हुने।

६) विद्यालयहरुले दिवा खाजा मेनु वा खाजा टोकरी अनुसार दिवा खाजा सञ्चाललन गरेको हुने।

७) विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था भएको हुने

८) विद्यालयहरुको विपत् प्रतिकार्य योजना तयार भएको हुने

### ४.४.८ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवं थप | विद्यालय | पटक | ० | १ | ० | १ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | भाँडावर्तनको प्रबन्ध | | | | | | | |
| २ | दिवा खाजा व्यवस्थापक | नगरपालिका | पटक हरेक वर्ष | १ | १ | १ | १ | १ |
| ३ | दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ४ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | नगरपालिका | पटक | ५० | ५० | ५० | ५० | ५० |
| ५ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि, भिटामिन र आइरन ट्यावलेट कार्यक्रम | नगरपालिका | निरन्तर हरेक वर्ष | १ | १ | १ | १ | १ |
| ६ | किशोरी महिनावारी स्वच्छता कार्यक्रम | नगरपालिका | निरन्तर | १ | १ | १ | १ | १ |
| ७ | अभिभावक सचेतना कार्यक्रम | विद्यालय | निरन्तर | १ | १ | १ | १ | १ |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

प्राकृतिक प्रकोप, महामारी तथा युद्ध,द्वन्द्व,जस्ता प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बाललबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र

दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुका तयारी तथा सञ्चालन गर्नु हो।

विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षामा परेको प्रभाव, बि.स.२०६० को बाढी, २०७२ सालको विनाशकारी भुकम्प, वर्षेनी हुने आगलागी तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरुका साथै कोभिड-१९ लगायतका महामारीहरुका प्रभावका कारण बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रम, र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

आपतकालीन अवस्थामा शिक्षा अन्तरसम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बोधन गर्ने, छुट्टै योजना बनाउने कि योजनाको हरेक अंगमा यस विषयको प्रत्याभूति गर्ने, प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित ने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने, कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन् त कतिपय राष्ट्रिय त कतिपय स्थानीय तहका हुन्छन्, यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने, योजना तत्कालीन बनाउने कि दीर्घकालीन तथा संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने भन्ने विषय नै चुनौतीको रुपमा रहेका छन्।यस्ता चुनौतीहरुलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालिन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु संघीय सरकारका तीन अंगले अन्तरसम्बन्ध कायम गर्दै योजना निर्माण गरी कार्यान्वयन गर्न पाउनु यस नगरपालिकाले अवसरका रुपमा लिनु पर्दछ।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरुका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितता, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले छात्रवृत्ति, दिवा खाजा, त्यसैगरी बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७, विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ र बृहत् विद्यालय सुधार गुरुयोजना तथा कार्यान्वयन कार्यविधिले विद्यालय सुरक्षाका विभिन्न मापदण्डहरु कार्यान्वयन गर्ने सम्बन्धमा मार्गदर्शन गर्दछन्। दिगो र अनुकूल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य नं.४ को राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरु

तय गरेको छ। पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशिलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख छ। विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरुलाई क्षमतावान बनाउने नीति अख्तियार गरी विद्यालयको आधार तयार पारिनुलाई एक अवसरको रुपमा लिन सकिन्छ।

### ४.५.३ उद्देश्य

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा समेत बालबालिकाहरुको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न देहाय बमोजिमका उद्देश्यहरु कायम गरी यस योजनामा समावेश गरिएका छन्।

**उद्देश्यहरु**

१) संकटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु

२) सम्भावित संकटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु

३) संकटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु

४) अल्पकालीन पुनर्स्थापना गर्ने उपायहरु अवलम्बन गर्न अभ्यस्त बनाउनु

५) विपद् व्यवस्थापन नक्साङ्कन गर्नु

६) आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु

### ४.५.४ रणनीति

१)नगरपालिकाको शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्षरुपमा प्रभाव पार्ने, विपत वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने।

२)संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना र विद्यालयहरुले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने गराउने।

३)शिक्षासम्बन्धी ऐन, कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरुको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दा विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरुलाई एकीकृत गर्ने।

४) विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने।

५) शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधी, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

६) विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी, रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने।

७) विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्स्थापनामा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरुको सहभागिता र सहयोगसमेत परिचालन गर्ने।

८) विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्य जिल्ला र स्थानीय तहहरुमा तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका सफल अभ्यासहरुलाई स्थानीयकृत गर्ने।

९) विपद व्यवस्थापनका परम्परागत ज्ञान, सीप तथा अनुभवहरुलाई समयानुकूल पुनर्व्याख्या तथा प्रयोगमा ल्याउने।

१०)विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन स्थानीय राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरु र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाउने।

११)प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु, परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षाजस्ता कार्यक्रमहरुलाई कार्यान्वयनमा ल्याउने।

### ४.५.५ प्रमुख उपलब्धी तथा नतिजा

**क) उपलब्धी**

१)आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने।

२)विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने

३)सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीयतथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने

**ख) प्रमुख नतिजा**

१) विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने

२) भुकम्प प्रतिरोधी विद्यालय भवन र आपतकालीन शैक्षिक योजना स्वीकृति र कार्यान्वयन हुने।

३) महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह/सिकाइको निरन्तरता हुने।

४) सामाजिक द्वन्द्व, हिंसा,युद्ध, बसाइसराइ आदि भएको अवस्थामा पनि आधारभूत आवश्यकतासहित सिकाइको निरन्तरता भएको हुने

### ४.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| २ | नगरपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | नगरपालिका | जना | १० | १० | १० | १० | १० |
| ५ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | विद्यालय | निरन्तर | १ | १ | १ | १ | १ |
| ६ | विपत् प्रतिकार्य योजना निर्माण | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी

बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

यस खण्डमा यस पालिकाअन्तर्गत विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी विद्यालयको भौतिक पूर्वाधार विकासका लागि उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य उल्लख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकाअन्तर्गत रहेका विद्यालयहरुमा पर्याप्त, सुरक्षित र बालमैत्री भौतिक संरचनाहरु उपलब्ध हुन सकेका छैनन्। हाल सञ्चालनमा रहेका सम्पूर्ण विद्यालयहरुमा जम्मा ३३ वटा आरसिसी भवन र ८५वटा कच्ची भवन रहेका छन्। जम्मा कक्षाकोठा आरसिसी १३२ र कच्ची १७० रहेका छन्। अन्य प्रयोजन (प्रशासन,लेखा, स्टाफ, हल र प्रयोगशालाहरु)को लागि ७९ कोठा रहेका छन्। त्यसैगरी २ विद्यालयमा पक्की घेरावार र ५० विद्यालयमा तारबार रहेको छ। त्यसै गरी २५ छात्रा, २८ छात्र, १५ महिला शिक्षक, ९ पुरुष शिक्षक, पानीको सुविधायुक्त ९ -१२ सेनेटरी प्याडसहितको शौचालय रहेका छन्। त्यसै गरी इन्सिनेटरको व्यवस्था भएको र अपाङ्गमैत्री शौचालय ५ रहेको छन। पुराना बिल्डिङहरु ट्रसयुक्त र कमसल रहेका छन्। नयाँ बन्ने बिल्डिङहरु भुकम्प प्रतिरोधी र अपाङ्गमैत्री बनेका छन्। यस नगरपालिकाले भौतिक पूर्वाधार विकासमा देहाय बमोजिमका चुनौतीहरुको सामना गरिरहेको छः

- पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी एवं जवाफदेही बनाउनु
- सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी पालन गर्नु
- अधिकांश विद्यालयहरुको भोगचलनमा जग्गाहरु कम रहेकोले उपयुक्त भौतिक संरचना निर्माण गर्न ठाउँ नपुग्नु
- सबै विद्यालयमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री संरचना बनाउनु
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान नहुनु
- आवश्यक स्रोतको अभाव हुनु
-

### ४.६.३ उद्देश्य

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु

२) विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन अनुसार पालन गर्नु

३) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु

४) विद्यालयहरुको लागि आवश्यक मात्रामा जग्गाहरुको व्यवस्थापन गर्नु

६) आवश्यकतानुसार पूर्वाधारहरुको मर्मत, रंगरोगन र रेट्रोफिटिङ गर्नु

### ४.६.४ रणनीति

१) विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा भौतिक संरचनाहरु निर्माणको प्राथमिकीकरण गर्ने

२) विद्यालयको जग्गा व्यवस्थापनका लागि जग्गादातालाई प्रोत्साहन गर्ने र ऐलानीप्रति जग्गाहरुसमेत विद्यालयको नाममा गर्ने

३) पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोतका लागि संघीय, प्रदेश सरकार, चन्दादाता, संघसस्थाहरुसँग समन्वय गर्ने

४) एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी बजेट व्यवस्थापन गर्ने

५) विद्यालय पूर्वाधार विकास मास्टर प्लान विकास र कार्यान्वयन गर्ने

६) आवश्यकतानुसार मर्मत, रंगरोगन र रेट्रोफिटिङका कार्य गर्ने योजना कार्यान्वयन गर्ने

७) विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन अनुसार पालन गर्ने

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) सबै प्रकारका विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्रदान गर्ने

**ख) नतिजा**

१) विद्यालय पूर्वाधार विकास दिर्घकालिन योजना (मास्टर प्लान) तयार भई कार्यान्वयन भएको हुने

२) विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन भएको हुने

३) विद्यालयहरुलाई आवश्यकतानुसार पर्याप्त जग्गा उपलब्ध भएको हुने

४) पुराना संरचनाहरु मर्मत, रंगरोगन तथा रेट्रोफिटिङ भएको हुने

५) एक विद्यालय सम्पूर्ण पूर्वाधार ( A school with complete infrastructure) बमोजिमले कम्तिमा दुई विद्यालयको संरचना विकास भएको हुने।

### ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | बिद्यालय मर्मत तथा रंगरोगन | विद्यालय र नगरपालिका | पटक | ० | ५ | ७ | ९ | १० |
| २ | पूर्वाधार विकास मास्टर प्लान निर्माण | नगरपालिका | पटक | ० | १ | ० | ० | ० |
| ३ | जग्गादाता तथा जग्गादाता व्यवस्थापन | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ४ | एक विद्यालय सम्पूर्ण पुर्वाधारअनुरुप पुर्वाधार निर्माण | नगरपालिका | पटक | ० | २ | २ | २ | २ |
| ५ | भौतिक संरचना निर्माण अभिमुखीकरण | नगरपालिका | निरन्तर | ० | २ | २ | २ | २ |
| ६ | विद्यालय भवन निर्माण | नगरपालिका | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| ७ | शौचालय निर्माण तथा मर्मत | नगरपालिका | सख्या | ५ | ५ | ५ | ५ | ५ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

नेपालको संविधान २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिको कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिहरु उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा  सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षाको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरु उल्लेख  गरिएको छ। उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धि गुरु योजना २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षणस सिकाइका लागि इन्टरनेट कनेक्टिभिटीसहित सूचना प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरुमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तर्क्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, सूचना प्रविधि केन्द्रका रुपमा विकास गर्ने लगायतका कार्यक्रमहरु निर्धारण गरिएका थिए।

### ४.७.२ वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधिसम्बन्धि आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयमा विस्तार गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका

लागि डाटा सेन्टर, डिजिटल ल्याब, डिजिटल पुस्तकालयसहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धि उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगककर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधि( E-governance) को प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विद्यालयहरुमा शिक्षकक र कर्मचारीहरुको प्रविधिमा क्षमता विकास गरी प्रविधि मैत्री बनाउनु, कोभिडजस्ता महामारीको समयमा सिकाइ सहजीकरणको वैकल्पिक उपायको रुपमा प्रविधिलाई प्रयोग गर्नु र नगरपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरुका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रमुख चुनौतीहरु हुन्।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षणसिकाइका लागि इन्टरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरु वैकल्पिक सिकाइ सहजीकरणणका विषयमा संवेदनशील भएको, सबै विद्यालयहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड हुनु, कोभिड-१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु, छापाका शिक्षण सिकाइ सामग्रीहरु, रेडियोबाट प्रसारित सामग्रीहरु, टि.भी.बाट प्रसारित सामग्रीहरु, वेभसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरु, Online Based Zoom Meeting सिकाइको विधि हुनु, सबै माध्यमिक विद्यालय तथा केही विद्यालयहरुमा इन्टरनेट हुनु तथा अन्यमा केही समयमा जडान गर्न सम्भावना हुनु, शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु, वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरुको छनौट विकास र प्रयोगलाई नगरपालिकाले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरु हुन्।

हाल यस नगरपालिकामा सञ्चालनमा रहेका विद्यालयहरुमध्ये बिजुली जडान ५४ वटामा मात्र भएको छ, जुन ६६ विद्यालय मध्ये ११ वटामा मात्र विद्युत पुग्न बाकी छ। वाइफाई जडान ४२, डेस्कटप कम्प्युटर ५४, ल्यापटप ६६, प्रिन्टर ५४, स्मार्टबोर्ड ५, प्रोजेक्टर ५, ICT Lab ११ स्थानमा जडान भई प्रयोगमा रहेका छन्। साथै वैकल्पिक उर्जा प्रयोग गर्ने विद्यालय पनि ५ रहेका छन् ।नगरपालिकाकै नमुना माध्यमिक विद्यालय श्री बालकल्याण माध्यमिक विद्यालय रोल्पा -२

लिवाङ र श्री नेपाल माध्यमिक विद्यालय रोल्पा -६ कोटगाउँमा गरी २ विद्यालयमा इ-हाजिरी जडान गरिएको छ ।

### ४.७.३ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरी, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चितता गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएका छन्।

**उद्देश्यहरु**

१) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु।

२) डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा शिक्षामा पहुँच पुर्याउनु।

३) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरिटो र सस्तो बनाउनु।

४) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।

५) विपत् तथा संकटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु।

### ४.७.४ रणनीति

१) सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपचरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाउने।

२) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरुको विकास गर्ने।

३) नगरपालिकाका विद्यालयहरुलेशिक्षा तथा मानव स्रोत विकास केन्द्रको E-Learning Portal (सिकाइ चौतारी) शिक्षणसिकाइमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने।

४) विश्वव्यापीरुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा इनटरनेटको सुविधा विस्तारमार्फत विद्यालय एवं विद्यार्थीहररुको पहुँच विस्तार गर्ने।

५) EMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली ( SAS), शिक्षकको तलवी प्रतिवेदन पारित गर्नेजस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ।साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।

६) सामुदायिक अध्ययन केन्द्रहरुलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने।

७) संघ र प्रदेशसँग समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरुबिच समन्वयर सहकार्य वृद्धि गर्ने।

८) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरुको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सीपमा क्षमता विकास गर्ने।

९) विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्ने।

१०) विद्यालयहरुमा प्रविधिसँग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न संघ र प्रदेशसँग सहकार्य र समन्वयात्मक ढङ्गले एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिने।

११) विद्यालयमा शिक्षक तथा कर्मचारीलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहन गर्ने।

१३) कक्षा ८-१२ का महत्त्वपूर्ण विषयहरुमा भर्चुअल सिकाइका लागि आवश्यक व्यवस्थापन गर्ने।

१४) विपत् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने।

१५) महामारीको समयमा विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नलाई स्थानीय एफएम रेडियो र टेलिभिजनको प्रयोगलाई जोड दिने।

१६) सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट, विद्युतीय हाजिरी र सिसी टिभी क्यामेराको व्यवस्था गर्ने।

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पपुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन भएको हुने।

**ख) नतिजा**

१) नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन हुने।

२) नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको सहज पहुँच पुग्ने।

३) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीहरुमा विद्यार्थीहरुको सहज पहुँच हुने।

४) सबै सामुदायिक विद्यालयहरुले सिकाइ तथा व्यवस्थापन कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेको हुने।

५) सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

६) सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने।

७) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार गर्ने।

८) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत हुने।

९) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्ने।

१०) कक्षा ८-१२ का शिक्षण सिकाइमा भर्चुअल सिकाइ हुने।

११) विपत् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने।

१२) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो र टेलिभिजन प्रभावकारीरुपमा परिचालन हुने तथा विभिन्न वेभसाइट तथा Learning Portal हरुमा विद्यार्थीहरुको पहुँच र प्रयोग भएको हुने।

१३) सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सिसी टिभी क्यामेराको व्यवस्था हुने।

**४.७.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | नगरपालिका र विद्यालय | बिद्यालय | ० | २ | ३ | ३ | ३ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | विद्यालय र नगरपालिका | पटक | ० | १ | ० | ० | ० |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | नगरपालिका | पटक | १ | १ | ० | ० | ० |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ्ग सेन्टरको रुपमा | नगरपालिका | पटक | १ | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विकास | | | | | | | |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ७ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ८ | भर्चुअल कक्षा सञ्चालन | विद्यालय | आवश्यकतानुसार | | | | | |
| ९ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | ० | ० |

# परिच्छेद ५: अन्य उपक्षेत्र

## ५.१.१ परिचय

मुलुक सङ्घीयतामा प्रवेश गरेसँगै तीन तहको सरकारको साझा कार्यसूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेका छन्। आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी २३ वटा अधिकारहरु स्थानीय सरकारको एकल अधिकारमा सूचिकृत गरिएको छ। विद्यालयमा शैक्षिक प्रशासनको व्यवस्थापन गर्नका लागि नगर शिक्षा ऐन २०७५ सहित विभिन्न कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिएका छन्। विद्यालयहरुलाई आफूले सेवा प्रदान गर्ने समुदायप्रति उत्तरदायी बनाउन विद्यालय व्यवस्थापन समितिहरुको गठन गरिएको हुन्छ। विद्यालयको शैक्षिक, भौतिक, आर्थिकजस्ता विभिन्न पक्षहरुमा गुणात्मक सुधार र व्यवस्थापन समिति र विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथा समन्वय गर्न प्रत्येक विद्यालयमा सबै अभिभावक र शिक्षकहरु रहेको शिक्षा ऐनले व्यवस्था गरे अनुसारको एक शिक्षक अभिभावक संघ गठन हुन्छ। यी सबै समितिहरुको भूमिका र सक्रियतालाई बढाई चुस्त, दुरुस्त, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने, शैक्षिक सुशासन अभिवृद्धि कार्यम गर्ने कुरा नै विद्यालय व्यवस्थापन हो।

विद्यालय व्यवस्थापनअन्तर्गतविद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समितिलाई जिम्मेवार, सक्रिय र जवाफदेही बनाउन, विद्यालयमा दीगो वित्तीय स्रोत व्यवस्थापन गर्नु, व्यवस्थापकीय तहमा कार्य गर्ने समितिहरुको क्षमता विकास गर्नु, शैक्षिक संस्थाहरुको उत्तरदायित्व र जवाफदेहिताको संस्कारमा बद्धि गर्नु र विद्यालय व्यवस्थापन समिति गठन र सक्रियतामा स्वार्थले प्रभाव पार्नु यस क्षेत्रसँग सम्बन्धित मुख्य चुनौतीहरु रहेका छन्।

## ५.१.२ वर्तमान अवस्था

विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको योग्य र सक्षम प्रधानाध्यापकको व्यवस्थापन गर्नु, विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउण्ड, घेराबार, बालमैत्री बसाईं व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलवारी, स्वच्छ पिउने पानी, छात्रछात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण, प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड, बुक कर्नर जस्ता न्यूनतम सुविधाहरुको व्यवस्थापन, अतिरिक्त क्रियाकलापहरु विद्यालले स्काउट, रेडक्रस, बालक्लव, ईको क्लव तथा वातावरणमैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरुलाई नियमितरुपमा सञ्चालन गर्नुजस्ता सवालहरु विद्यालय व्यवस्थापनमा देखिएका छन्।

शिक्षालाई पहिलो प्राथमिकतामा राखी सधैं भेटिन सक्ने, अनुगमन, निगरानी हुन सक्ने, साधन स्रोत उपलब्ध गराउन महत्त्वपूर्ण भूमिका खेल्न सक्ने स्थानीय सरकार र त्यसका २३ वटा शिक्षाको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन गर्न सक्ने कानूनी तथा नीतिगत व्यवस्था हुनु, सूचना तथा सञ्चार प्रविधिमा पहुँच, अनलाइन तथ्याङ्क तथा शिक्षक कर्मचारी व्यवस्थापन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर प्रयोगशाला जस्ता न्यूनतम पक्षहरुमा निरन्तर बजेट विनियोजन हुनु, स्थानीय सरकारले दरबन्दी मिलान गर्नु, स्वयमसेवक शिक्षक व्यवस्था गर्नु, प्रधानाध्यापक सम्बन्धी कानूनी व्यवस्था गर्नु विद्यालय व्यवस्थापनमा अवसरहरु पनि रहेका छन्।

### ५.१.३ उद्देश्य

सबै विद्यालयहरुमा शैक्षिक, आर्थिक, भौतिक लगायतका पक्षहरुमा प्रभावकारी व्यवस्थापन भई गुणस्तरीय शिक्षातर्फ अग्रसर विद्यालय व्यवस्थापन बनाउन देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएको छः

**उद्देश्यहरु**

१) सबै विद्यालयहरुमा तोकिएअनुसार र आवश्यकतानुसारका समितिहरु कानूनसम्मतरुपमा गठन र सक्रिय बनाउनु।

२) सबै विद्यालयहरुमा दीगो वित्तीय व्यवस्थापन गर्नु।

३) योग्यता प्राप्त प्रधानाध्यापकको नियुक्ति र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी, जिम्मेवार व्यवस्थापन गराउनु।

४) विभिन्न समिति, प्रधानाध्यापक, लेखा तथा प्रशासनिक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नु।

५) विद्यालयमा शैक्षिक र वित्तीय सुशासनलाई चुस्त, दुरुस्त, पारदर्शी र जवाफदेही बनाउनु।

### ५.१.४ रणनीतिहरु

१) शैक्षिक कार्ययोजनाको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउने।

२) प्रधानाध्यापकको शिक्षा ऐनमा तोकिएअनुसार व्यवस्थापन र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी र उत्तरदायी रुपमा प्रशासन तथा व्यवस्थापन गर्ने।

३) सबै विद्यालयहरुमा दीगो स्रोत व्यवस्थापनका लागि एक डालो प्रणाली तथा विद्यालय कोषको व्यवस्था मिलाउने।

४) सबै विद्यालयहरुमा प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री बनाउने।

५) नियमितरुपमा विभिन्न समितिहरु, प्रधानाध्यापक, शिक्षक, कर्मचारीहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

६) सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधन परिचालन गर्ने।

७) सबै विद्यालयहरुमा प्रविधिमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री तथा शैक्षिक व्यवस्थापन गर्ने।

८) नियमानुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन गर्ने।

### ५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) सबै विद्यालयहरु जवाफदेही, प्रभावकारी र गुणस्तरीयरुपमा व्यवस्थित एवम् दक्षतायुक्त भएको हुने।

**ख) प्रमुख नतिजाहरु**

१) शैक्षिक कार्ययोजना निर्माण र कार्यान्वयन हुने।

२) प्रधानाध्यापकको शिक्षा ऐनमा तोकिएअनुसार व्यवस्थापन र करार सम्झौता गरी चुस्त, दुरुस्त, पारदर्शी र उत्तरदायीरुपमा प्रशासन तथा व्यवस्थापन हुने।

३) सबै विद्यालयहरुमा दीगो स्रोत व्यवस्थापनका लागि एक डालो प्रणाली तथा विद्यालय कोषको व्यवस्था हुने।

४) सबै विद्यालयहरुमा प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री हुने।

५) नियमितरुपमा विभिन्न समितिहरु, प्रधानाध्यापक, शिक्षक, कर्मचारिहरुको क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन हुने।

६) सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोत साधन परिचालन हुने।

७) सबै विद्यालयहरुमा प्रविधिमैत्री, लैङ्गिक तथा अपाङ्गमैत्री तथा शैक्षिक व्यवस्थापन हुने।

८) नियमानुसार विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भई सक्रिय रहने।

### ५.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | योग्य र क्षमतावान प्रधानाध्यापकको व्यवस्थापन | नगरपालिका र विद्यालय | पटक | ० | १ | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुलाई प्रोत्साहन | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ३ | विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ४ | विद्यालयमा गठन हुने विभिन्न समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ६ | विद्यार्थी तथा अभिभावकहरुको गुनासो सुनुवाईको व्यवस्था | विद्यालय | निर्माण भएकोमा निरन्तरता दिने | निर्माण भएकोमा निरन्तरता दिने | निर्माण भएकोमा निरन्तरता दिने | निर्माण भएकोमा निरन्तरता दिने | निर्माण भएकोमा निरन्तरता दिने | निर्माण भएकोमा निरन्तरता दिने |
| ७ | सामाजिक लेखापरीक्षण र प्रतिवेदन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ८ | लेखा, खरिद र जिन्सी व्यवस्थापनमा आधुनिक पद्धतिको प्रयोग र क्षमता विकासका माध्यमले वित्तीय सुशासन | विद्यालय | पटक | ० | १ | ० | ० | ० |

## ५.२ उच्च शिक्षा र माध्यमिक शिक्षासँगको उच्च शिक्षाको सम्बन्ध

### ५.२.१ वर्तमान अवस्था

नेपालको शिक्षा संरचनामा कक्षा १२ उत्तीर्ण गरेको जनशक्तिलाई प्रदान गरिने उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि स्नातक तह, स्नातकोत्तर तह, एम फिल तह र अनुसन्धान तह गरी चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगार उन्मुख तथा मूल्य उन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो। अहिले मुलुकमा संख्यात्मक रुपमा उच्च शिक्षा प्रदायक संस्थाहरुको विस्तार भएको देखिएतापनि गुणस्तरीय उच्च शिक्षाको पहुँच र अवसर समतामूलक बन्न सकेको छैन। यसका लागि तीनै तहका सरकारहरु, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रुपमा सहभागी हुने अवसर खुला गरिदिनुपर्दछ। स्थानीय स्रोत र साधनको अत्याधिक सदुपयोग गर्दै नगरपालिकामा सम्पत्तिको रुपमा रहेको प्राकृतिक स्रोत एवम् मौलिक ज्ञान, सीप, अनुभव, कला, संस्कति, सभ्यता आदिलाई अध्ययन अध्यापन र अनुसन्धानमार्फत नगरपालिकाको विकासमा योगदान पुर्याउन सक्ने जनशक्ति उत्पादन गर्ने उच्च शिक्षाको अध्ययन अध्यापन गर्ने कलेजको स्थापना गर्न आवश्यक छ।

उच्च तहको शिक्षामा नगरपालिका र समग्र मुलुकले अपेक्षाअनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिका रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमाबाट अध्ययन अध्यापनको व्यवस्था गर्नु, उच्च शिक्षाको निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधार र आर्थिक लगानी प्रवर्द्धन गर्नु, दक्ष र योग्य जनशकक्तिको व्यवस्थापन गर्नु, र हाल सञ्चालनमा रहेको साधारण विषयहरु अध्ययन अध्यापन गरिने कलेजहरुलाई प्राविधिक विषय अध्ययन अध्यापन गर्ने कलेजको रुपमा परिणत गर्नु, उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई नगरपालिकामा विद्यमान शैक्षिक बेरोजगारीको न्यूनीकरण गर्नु, उच्च शिक्षालाई उत्पादन र आर्थिक उपार्जनसवग जोड्दै जनताको समृद्धि र नगरपालिकाका लागि विकासको साधक बनाउनु, नगरपालिकामा उपलब्ध जल, जमिन, जङ्गल, जडीबुटि र जैविक विविधता, पर्यावरण, मौलिक कला, संस्कृति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने कलेजहरुको स्थापना गर्नु र उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरुलाई नगरपालिका भित्रै आकर्षित गरी रोजगार सिर्जना गर्नु जस्ता सवालहरुलाई नगरपालिकामा विद्यमान उच्च शिक्षाका चुनौतीका रुपमा लिन सकिन्छ।

## ५.२.२ वर्तमान अवस्था

यस नगरपालिकाभित्र रहेका श्री बाल बालकल्याण नमुना माध्यमिक विद्यालय, लिवाङले प्राविधिक धार तर्फ क्रमशः विज्ञान र सिभिल सव-ओभरसियर कार्यक्रम सञ्चालन भएको शैक्षिक क्षेत्रका लागि र यस नगरपालिकाका लागि सुखद पक्ष हो। यसका साथै यसै नगरपालिकाको मेवाङमा रहेको रोल्पा बहु प्राविधिक पोलिक्लिनिक प्रा लि मा ३ वर्षे बाली विज्ञान, पशु विज्ञान तथा सुचना प्रविधि कम्प्युटर कक्षा समेत संचालनमा रहेको छ। त्यस्तै माडीचौरमा रहेको जिल्लाकै एक मात्र कृषि क्याम्पस पनि प्राविधिक धारमा विएससीएजि सम्म पढाइ हुने गरेको छ । यति मात्र नभइ नगरपालिकामा डिग्रीसम्म पढाइ हुने मध्यपश्चिमान्चल विश्व विद्यालयबाट सम्बन्धन प्राप्त जलजला बहुमुखी क्याम्पस समेत रहेको छ । यसरी आगामी दिनहरुमा यस पालिकाभित्र उच्च शिक्षाको लागि जिल्ला बाहिर जाने र अन्य पालिकामा जाने समेत टरेको छ । अन्य प्राविधिक विषयहरुमा भने जिल्ला बाहिर जनुपर्ने हुन्छ । त्यसैले यस नगरपालिकालाई आधारभूत तथा मध्यमिक विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि आधार तयार गर्ने, गुणस्तरीय शिक्षाका मापदण्डहरु पूरा गर्ने गरी क्रियाकलाप नियमित गर्ने र शैक्षिक हवको रुपमा नगरपालिकालाई स्थापित गर्ने लक्ष्य राखेको छ। यस्ता उपयुक्त परिवेश हुनु आदिलाई यस नगरपालिकाको उच्च शिक्षाको अवसरका रुपमा लिन सकिन्छ।

उच्च शिक्षा नीति २०७६ ले उच्च शिक्षाको सम्बन्धमा केही महत्त्वपूर्ण कुराहरु सम्बोधन गर्नेगरी केही नीतिहरु अघि सारेको छ जसमध्ये विश्वविद्यालयस्तरको शिक्षाको शिक्षण सिकाइका विधि, प्रविधि, प्रक्रिया र पाठ्यक्रमा समयानुकूल परिमार्जन गर्नुका साथै सूचना प्रविधिको प्रयोग बढाउने, चिकित्सा शिक्षालाई सेवामूलक तथा गैरनाफामूलक बनाउने, आयुर्वेद चिकित्सा क्षेत्रमा स्वदेशमै विशेषज्ञ जनशक्तिको उत्पादन गर्न आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने, उच्च शिक्षामा विभिन्न विधामा अध्ययन तथा अनुसन्धान विस्तार गर्नुका साथै हालको शिक्षाशास्त्रको शैक्षिक कार्यक्रमको समयानुकूल पुनरावलोकन तथा पुनर्संरचना गर्ने, उच्च शिक्षा हासिल गरिसकेपछि कामको संसारमा प्रवेश गर्न आवश्यक पर्ने, ज्ञान, सिप र अभिवृत्तिको व्यवाहारिक अनुभव हासिल गर्न र उच्च शिक्षाको लाभ प्रत्यक्ष रुपमा जनतासमक्ष पुर्याउन अनिवार्य सामाजिक सेवाका रुपमा "राष्ट्रिय विकास सेवा" सञ्चालन गर्ने, पूर्वीय दर्शन, पूर्वीय चिन्तन, मौलिक दर्शन एवम् परम्परा, आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, मानविकी, समाजशास्त्र, मानवशास्त्र, जैविक विविधता, पर्यटन,जडीवुटी लगायत सम्पदामा आधारित अध्ययन तथा अनुसन्धानको व्यवस्ता मिलाउने, साधारण विषय अध्यापन गराइरहेका उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई आवश्यकता र नक्साङ्कनका आधारमा प्राविधिक शिक्षालयका रुपमा रुपान्तरण गर्ने आदि महत्त्वपूर्ण रहेका छन्। उल्लिखित नीतिहरु अवलम्बन गर्दै

रोल्पानगरपालिकाले समेत आफ्नो नगरपालिकामा उच्च शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्न सक्ने अवस्था देखिन्छ।

देशले विविध क्षेत्रमा उन्नति हासिल गर्नको लागि दक्ष जनशक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टिकृत हुने भएकोले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट समाज र देशले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ। रोल्पानगरपालिकामा उच्च शिक्षा प्रदायक शिक्षण संस्था रहेकाले यहाँका उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरु जिल्ला सदरमुकाममा आउने क्रम रही आएको छ। पालिकाको विकासको मूल आधारसमेत रहेको दक्ष जनशक्ति रहेकोले पालिकाभित्र उच्च शिक्षा अध्ययन गर्न ईच्छुक तथा अध्ययनरत विद्यार्थीहरुलाई पालिकाबाट प्रोत्साहनमूलक कार्यक्रमहरु तर्जुमा गरी अगाडि बढाउन जरुरी देखिन्छ।

### ५.२.३ उद्देश्य

यस नगरपालिकामा उच्च शिक्षा प्रदायक बहुमुखी क्याम्पस, विएससीएजि कृषि विज्ञान समेत भएकोले उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्न योगदान गर्न देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन्।

**उद्देश्यहरु**

- रोल्पा नगरपालिकामा उच्च शिक्षा प्रदायक बहुमुखी क्याम्पस , विएससीएजि कृषि विज्ञानलाई थप व्यवस्थित र सुविधा सम्पन्न गरी सञ्चालन गर्नु
- उच्च शिक्षामा नगरपालिका र समग्र मुलुकले अपेक्षा गरेअनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गर्नु
- पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूक बनाउन योगदान गर्नु
- उच्च शिक्षालाई नगरपालिकाको मौलिक ज्ञान र पहिचानको आधार स्तम्भका रुपमा स्थापित गर्नु
- नगरपालिकाको समग्र पक्षको रुपान्तरणको लागि कृषि विज्ञान, वन विज्ञान, पूर्वीय दर्शन, आयुर्वेद र विज्ञान एवम् प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संशासन विकास गर्नु

- नगरपालिकाको समग्र विकास र समृद्धिका सबै पक्षमा कुशल नेतृत्त्वदायी भूमिका निर्वाह सक्ने सान्दर्भिक, उपयोगी, गुणस्तर एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल प्रतिस्पर्धी र अब्बल जनशक्ति उत्पादन गर्नु

### ५.२.४ रणनीति

यस योजनामा उल्लिखित उद्देश्यहरु हासिल गर्नका लागि देहायका रणनीतिहरु अवलम्बन गरिने छः

१. रोल्पा नगरपालिकामा उच्च शिक्षा प्रदायक बहुमुखी क्याम्पस , विएससीएजि कृषि विज्ञानलाई थप व्यवस्थित र सुविधा सम्पन्न गरी सञ्चालन गरिनेछ ।

२. उच्च शिक्षामा नगरपालिका र समग्र मुलुकले अपेक्षा गरेअनुरुप दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरुमा गुणस्तरीय किसिमबाट विषयगत अध्ययन अध्यापनको व्यवस्था गरिनेछ ।

३. पूर्वीय दर्शन, थप प्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन हुने गरी कलेजहरुको स्थापना र सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

४. उच्च शिक्षालाई कमाउँदै र सिक्दैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्ष रुपमा आयआर्जनसँग आवद्ध गरी सञ्चालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

५. उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक उपयोग गर्दै नगरपालिका तहमा सञ्चालन गरिने उच्च शिक्षाका कार्यक्रमहरुलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरको हुने गरी स्तरीय र आकर्षक बनाउन संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

६. उच्च शिक्षाको पठनपाठनलाई परियोजनामा आधारित, खोजमुखी र अनुसन्धान केन्द्रित बनाई विद्यार्थीलाई स्वायत्त बनाउँदै ज्ञान निर्माण तथा उत्पादनमा केन्द्रित गरी उच्च शिक्षालाई उत्पादन र सेवाका अन्य क्षेत्रसँग गरिनेछ।

७. विश्वसनियता, प्रतिस्पर्धात्मक क्षमताको सुनिश्चितता हुने गरी खुला एवं दूर शिक्षामार्फत उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

८.उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरुलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिनेछ।

९. उच्च शिक्षामा पर्याप्त लगानीका लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

माध्यमिक शिक्षालाई उच्च शिक्षाको गतिलो पूर्वाधारको रुपमा विकास गरी नगरपालिकामा सञ्चालन भएको उच्च शिक्षाको कार्यक्रमबाट उत्पादित उच्च क्षमता, उच्च क्षमता, उच्च अभिप्रेरणा, उच्च मनोबल,उच्च नैतिकता र मातृभूमिप्रति उच्च सम्मानभाव भएको जनशक्तिमार्फत नगरपालिकालगायत प्रदेश र मुलुककै समृद्धिका लागि उच्च योगदान पुगेको हुने।

**ख) प्रमुख नतिजाहरु**

१. नगरपालिका र समग्र मुलुकले गरेको अपेक्षा अनुरुप उच्च तहको दक्ष र प्राविधिक जनशक्ति उत्पादनका लागि पूर्वाधारको रुपमा नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरुको क्षमता विकास भएको हुने।

२. उच्च शिक्षाबाट सेवाभावले ओतप्रोत, नैतिकवान, इमान्दार र खुशी नागरिक उत्पादन भएको हुने।

३.पूर्वीय दर्शन, थपप्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन हुने गरी कलेजहरुको स्थापना र सञ्चालन भएको हुने

४. स्वयमसेवकीय सामाजिक सेवाका रुपमा राष्ट्रिय विकास सेवाअन्तर्गत समुदायको सेवा तथा नगरपालिकाको विकासका लागि उच्च शिक्षाका विद्यार्थीहरु संलग्न गएका हुने।

५. उच्च शिक्षालाई पढ्दै कमाउँदैको अवधारणा अनुरुप शिक्षालाई प्रत्यक्षरुपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन गरिएको हुने।

६. उच्च शिक्षा प्राप्त गर्न चाहने अति विपन्न, गरिब, अपाङ्ग, दलित तथा अति सीमान्तकृत विद्यार्थीहरुलाई अहिलेको जस्तै उचित छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई अझै विस्तार गरी कार्यान्वयन गरिएको हुने।

### ५.२.६ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | इकाई | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | उच्च शिक्षा प्रदायक क्याम्पस लाई थप व्यवस्थापन सहित सञ्चालन गर्न सम्बन्धित निकायमा सहजिकरण गर्नसहयोग गर्ने | नगरपालिका | निरन्तर | ० | १ | ० | ० | ० |
| २ | पढ्दै कमाउँदैको अवधारणा | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अनुरुप शिक्षालाई प्रत्यक्षरुपमा आयआर्जनसँग आबद्ध गरी सञ्चालन | | | | | | | |
| ३ | पूर्वीय दर्शन, प्राविधिक विषयहरु तथा होटल व्यवस्थापन जस्ता विषयहरुको अध्ययन अध्यापन | नगरपालिका | शुरु गर्ने | ० | ० | १ | ० | ० |
| ४ | उच्च शिक्षामा सूचना तथा सञ्चार प्रविधिको उपयोग | नगरपालिका | पटक | १ | १ | | | |
| ५ | उच्च शिक्षामा छात्रवृत्ति | नगरपालिका | ५पटक | १ | १ | १ | १ | १ |

# परिच्छेद ६: सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल , चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ। सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोधवा जवाफदेहीपन , विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्य प्राप्तिमा सहयोग पुर्याहउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न , निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न , कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न , कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शितातथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाव्यवस्थित गरिनुपर्छ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ। विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास , योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कजन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापनअन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्र समावेश गरिएको छ। यस परिच्छेदमा

समावेश गरिएका क्षेत्रलाई पनि अरु परिच्छेदमा जस्तैः परिचय , वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि, नतिजा र मुख्य क्रियाकलाप र लक्ष्य निर्धारण गरि सातओटा उपशीर्षकहरूमा विभाजन गरी विश्लेषण गरिएको छ ।

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई संघीय राज्यको रुपमा व्यवस्था गरी मुलुकमा तीन तहको सरकारको कार्यान्वयन भइरहेको छ, जसअन्तर्गत मुलुकमा अहिले एउटा सङ्घीय, सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरु रहेका अवस्था छ। सङ्घीय संरचनाअनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि अनुसूचि ५,६,८ र ९ को व्यवस्था गरेको छ। जसअन्तर्गत अनुसूचि ५ को बुदाँ १५ ले संघको एकल शैक्षिक दायित्त्व तोकेको छ।अनुसुचि ६ को बुदाँ ८ ले प्रदेशको एकल शैक्षिक दायित्त्व उल्लेख गरेको छ।त्यस्तै अनुसूचि ६ को बुदाँ १८ ले भाषा, लिपी आदिलाई संघीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ। अनुसूचि ८ को बुदाँ ८ ले स्थानीय सरकारको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्त्वको व्यवस्था गरेको छ।अनुसूचि ९ को बुदाँ २ ले स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारको साझा शैक्षिक दायित्त्व उल्लेख गरेको छ। संघिय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाले शिक्षाको नेतृत्त्व गरेको छ।

संघीय तहमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय नीति, संघीय ऐन, नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा क्षेत्रमा लगानीको वातावरण बनाउने कार्य गरेको छ। उच्चदेखि मध्यम तहसम्मको जनशक्ति विकास, पाठ्यक्रम विकास, प्रमाणीकरण, व्यवस्थापन तथा नियमन गर्नका लागि संस्थागत संरचना विकास गरेको छ। संविधानले संघीय सरकार मातहत उच्च शिक्षातर्फ केन्द्रीय विश्वविद्यालयहरु र यससँग सम्बन्धित संकायहरु, आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरु, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्रहरु, विभिन्न आयोगहरु तथा कार्यालयहरु रहेका छन्।त्यसैगरी विद्यालय शिक्षातर्फ शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र लगायत विभिन्न समिति, आयोगहरु क्रियाशिल रेहका छन्।त्यसैगरी विभिन्न प्रज्ञा प्रतिष्ठानहरु, पुस्तकालयहरु, अनुष्ठानहरु पनि रहेका छन्।

संविधान र ऐन कानूनले तोकेका जिम्मेवारीहरु सम्पादन गर।नका लागि लुम्बिनी प्रदेशमा शिक्षा, विज्ञान तथा सामाजिक विकास मन्त्रालयको नेतृत्त्वमा शिक्षा तथा सामजिक विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र १२ वटा जिल्लाहरुमा काम गर्नका लागि ६ वटा सामाजिक विकास डिभिजन कार्यालयको स्थापना गरी कामकाज भइरहेको अवस्था छ। संघीय सरकारको मातहतमा रहेको शिक्षा विकास तथा समन्वय इकाई प्रत्येक जिल्लाहरुमा रहेको अवस्था छ।संविधानले तोकेबमोजिमका शिक्षाका कार्यहरु स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सञ्चालन हुँदै आइरहेका छन्।

### ६.१.२ वर्तमान अवस्था

मुलुकमा मूल कानूनको रुपमा संविधान जारी भए पनि सम्पूर्णरुपमा अरु कानूनहरु बनिसकेको अवस्था छैन। संविधानले कुन सरकारको शिक्षा सम्बन्धी कुन र कति हो भनी निर्धारण गरेर स्पष्ट र केही विषयमा कानून बनाई व्याख्या गर्नु आवश्यक छ।यस्तो अवस्थामा शिक्षा ऐन पुरानै छ र संघीयताको मर्मअनुरुप संशोधन हुन सकिरहेको छैन।कतिपय स्थानीय तहबाट संविधानले आफूलाई प्रदान गरिएको अधिकार भनेर शिक्षक नियुक्ति र सरुवा, एस.ई.ई. परीक्षा सञ्चालन, विद्यालयहरुको भौतिक पूर्वाधार विकासलगायतका सवालहरुमा काम गर्न रुचि देखाएको अवस्था छ।विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको अवस्थामा स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षामा केही द्विविधा र केही अलमलको स्थिति देखिएको छ।पुरानो संरचनाअन्तर्गतका स्रोत केन्द्रहरु खारेज गरिएका कारण विद्यालयहरुमा हुने अनुगमन र सुपरीवेक्षण प्रायः शून्य भएको अवस्था छ ।

संविधानमा संघ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबैको बुझाइमा एकरुपता कायम नहुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा एकअर्का बिचको समन्वयका लागि सुदृढ कानूनी एवं संस्थागत र संरचनागत व्यवस्था नहुनु, संघीय संरचनाअनुसारको शिक्षाको ऐन कानून निर्माण नहुनु, स्थानीय तहसम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था नहुनु जस्ता चुनौतीहरु प्रमुख रुपमा रहेका छन्।संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचिमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरुको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरुको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारीअनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि पनि उल्लेख्य चुनौतीका रुपमा रहेका छन्।

मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीसहित संघीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरुबाट शिक्षाको संरचनामा चासो राखेर काम गर्ने जमर्को भइरहेको छ। तीनवटै सरकारहरुले आ-आफ्नो किसिमले क्षमता विकासका कार्यक्रम सञ्चालन गरिरहेका छन्। विद्यालयहरुको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको छ। रोल्पानगरपालिकाले दरबन्दी अपर्याप्त रहेको अवस्थामा पालिकाबाट आफ्नै स्रोतबाट शिक्षक व्यवस्थापन, क्षमता अभिवृद्धि, भौतिक संरचनाको स्तरोन्नती र नव संरचना निर्माण जस्ता कार्यहरुमा चासो र बजेट खर्च गरिरहेको अवस्था छ। बालविकासदेखि कक्षा १२ सम्मको कक्षा सञ्चालनको अनुमति स्थानीय तहले नै दिने भएको हुँदा विद्यालयहरुमा तह वा कक्षा थप गर्ने काम सहज भएको हुने गरेको छ।

### ६.१.३ उद्देश्य

गुणस्तरीय शिक्षाका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमूलक क्षमता विकास गर्न देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन्।

**उद्देश्यहरु**

१) संविधानको मर्मअनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहको सरकारबिचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलहरुको निराकरण गर्न योगदान गर्नु

२) संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरुको प्रभावकारी रुपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्नु

३) शिक्षाको संरचनामा प्रभावकारी रुपमा कार्यसम्पादन गर्नका लागि ठीक पदमा ठीक व्यक्ति रहने गरी तदनुसारको क्षमता र छनौट पद्धतिको विकास गर्नु

४) अभिभावक, शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्नु

### ६.१.४ रणनीति

उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछः

१) संघीय सरकारबाट शिक्षासम्बन्धी नीति र मापदण्ड बनाउने, प्रदेश र स्थानीय सरकारलाई बजेट र मार्गदर्शन प्रदान गर्ने, पाठ्यक्रमको प्रारुप तयार गर्ने, शिक्षक र प्रधानाध्यापक छनौटसम्बन्धी काम गर्ने, माध्यमिक तहको अन्तमा हुने परीक्षासम्बन्धी काम गर्ने, शैक्षिक अनुसन्धानसम्बन्धी काम गर्ने, शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय निकाय र नियोगहरुसँग समन्वय र सहकार्य गर्ने, संस्थाहरुको सक्षमता मापनसम्बन्धी मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने।

२) स्थानीय तहमा शिक्षकहरुको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरुको सरुवा, कार्यसम्पादन मूल्याङ्कन, विद्यालयहरुको नक्साङ्कन, विद्यालयहरुको सञ्चालन अनुमति, टोल र वडावडामा पुस्तकालय एवं वाचनालयको व्यवस्था, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र साक्षरतासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरुको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तहअन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखामा एक संरचनाको विकास गर्ने।

३) शिक्षक दरबन्दी पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्ति एवम् विद्यालय कर्मचारीको पदपूर्तिका लागि प्रदेश सरकारसँग समन्वय गर्ने।

४) विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गर्ने। यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरुले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नु पर्नेछ। पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाउने।

५) बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाउने। बालाबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध गराउन आवश्यक कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने।

६) शिक्षण पेसाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेसामा प्रवेश गर्ने गराउने वातावरण सिर्जना गर्नका लागि व्यक्तिको मनोवैज्ञानिक र मनोसामाजिक पक्ष एवं प्रविधिसम्बन्धी सीप र दक्षता मापन गर्ने किसिमले शिक्षक छनौटको व्यवस्था मिलाउने।

७) तीनवटै सरकार र तिनका संरचनाहरुको बिचमा प्रभावकारी सहकार्यका लागि आवश्यक समन्वयात्मक वातावरण सिर्जना गर्ने।

### ६.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धी**

१) गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावाकारी अन्तर सरकार सम्बन्ध र उपलब्धीमूलक क्षमता विकास भएको हुने

**ख) नतिजा**

१) कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुने

२) संविधानको मर्मअनुसार नै तीनै तहको बिचमा समन्वय, सहकार्य र सहअस्तित्त्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरु गुणस्तरीय किसिमबाट सम्पादन भएको हुने

३) साझा चासो र हितका सम्बन्धमा सरकारहरुको तहहरुबिच सूचना आदानप्रदान र असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास भएको हुने

४) शैक्षिक निकाय र विद्यालयहरु गुणस्तर, सुशासन र क्षमता विकासका हिसाबले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएको हुने

५) पेसाप्रति समर्पित र सक्षम शिक्षकहरुको शिक्षण पेसामा बाहुल्यता भएको हुने

६) बालाबालिकालाई विद्यालय नपठाउने र घरमा सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई कानूनी कारवाही गर्ने कानून निर्माण भई लागू भएको हुने

### ६.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | साझा चासो र हितका सम्बन्धमा तहहरु बिच सूचना आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास गरिने | विद्यालय | सबै मावि मा निरन्तर | ० | १ | १ | १ | १ |
| २ | शिक्षण पेसामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउँमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई ऐन कानूनमा व्यवस्था गर्न सरकारहरु बिच समन्वय र सहकार्य गरिने | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ३ | शिक्षासम्बन्धि छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिने | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | शिक्षक दरबन्दी सिर्जना, मिलान र पुनर्वितरण गरी आवश्यकताअनुसार शिक्षक पदपूर्ति गरिने | नगरपालिका | पटक | ० | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सक्षम र अधिकार प्राप्त प्रधानाध्यापकको व्यवस्था गरिने | विद्यालय र नगरपालिका | पटक | १ | ० | १ | ० | ० |
| ६ | कानूनद्वारा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | नगरपालिका | वटा | ० | ३ | ४ | ४ | ४ |
| ७ | अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउन कानून निर्माण र कार्यान्वयन | विद्यालय र नगरपालिका | पटक | ० | १ | ० | ० | ० |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

यस योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरु तथा रणनीतिहरुका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरिएको छ। गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरु निर्धारण गरी योजनाको पाँच वर्षका लागि प्रत्येकक वर्षको नतिजा आँकलन गरिएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरु तथा तिनका सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने संख्यात्मक साधन हो। यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नाका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्छ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ। यस नगरपालिकामा शैक्षिक कार्यक्रमसँग सम्बद्ध नियामक, नियमनकारी तथा सहयोगी कार्यालय तथा संगठनहरु देहाय बमोजिम रहेका छन्।

क) संघीय निकायहरुः (मन्त्रालय, CEHRD, NEB, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय किताबखाना (शिक्षक), शिक्षा विकास तथा समन्वय इकाइ आदि)

ख) प्रदेश मातहतका निकायहरुः ( सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, सामाजिक विकास डिभिजन कार्यालय आदि)

ग) स्थानीय तहअन्तर्गतका निकायहरुः (कार्यपालिका, नगर शिक्षा समिति शिक्षा, युवा तथा खेलकुद शाखा, विषयगत शाखाहरु,विभिन्न समितिहरु, वडा कार्यालयहरु, विद्यालयहरु)

घ) विद्यालयअन्तर्गतः (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विभिन्न समितिहरु, बाल क्लव)

ङ) विभिन्न संघ संस्था तथा व्यक्तिहरु

### ६.२.२ वर्तमान अवस्था

नगरपालिकाभित्र शिक्षा, युवा तथा खेलकुद शाखाअन्तर्गत एक जना उपसचिवस्तर ,एक जना अधिकृतस्तर र एक जना प्राविधिक सहायकको दरबन्दी रहेको छ। उपसचिव र प्राविधिक सहायकको दरवन्दी हाल रिक्त रहेको छ। हाल नगरपालिकामा एक जना शिक्षा अधिकृत कामकाज चलाइरहेको अवस्था छ। नगरपालिकाले बालविकास संयोजक समेत नियुक्त गरेकाले यस शाखामा कामकाज गर्न सहज भएको छ। नगर शिक्षा समिति पनि गठन भई सक्रिय रहेको छ। त्यसै गरी विद्यालयहरुमा नियमानुसारले विद्यालय व्यवस्थापन समितिहरु समेत गठन भएका छन्। विद्यालयहरुमा शिक्षक अभिभावक संघ पनि गठन भएका छन्। सबै विद्यालयहरुमा प्रधानाध्यापकहरु नियुक्त भएका छन्। साथै वडाहरुमा वडाध्यक्ष लगायत वडा सदस्यहरु पनि शैक्षिक गतिविधिहरुमा सहभागिता जनाउने गरेका छन्। त्यसै गरी विद्यालयको अनुगमनका लागि नगरपालिकाका सामाजिक विकास समिति संयोजक रहने गरी एक शिक्षा समितिका समेत रहेको छ भने शिक्षक सहायताका लागि विषयविज्ञहरुको रोष्टर समूह पनि गठन भएको छ।

### योजनाको समग्र नतिजा खाका

यस शिक्षा योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाकाअन्तर्गत रोल्पानगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। तयसै गरी योजनाको दीर्घकालीन र मध्यकालीन तथा तत्कालीन उपलब्धिहरु उल्लेख गरिएको छ भने उपलब्धिका नतिजाका सूचकहरु तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरु पनि उल्लेख गरिएको छ।

योजनाको समग्र नतिजा खाका, अपेक्षित प्रभाव तथा उपलब्धिहरु

| अपेक्षित प्रभाव (IntendedImpact) वा गन्तव्य (Destination) पहिचान |
|---|
| आर्थिक तथा सामाजिक रुपान्तरणका माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित रोल्पानगरपालिकालाई समृद्ध र रोल्पा वासीहरुलाई सुखी बनाउन योगदान गर्नु |

| दीर्घकालीन उपलब्धि (Long-term Outcome) | | |
|---|---|---|
| एक्काइसौं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात् गर्न सक्ने आत्मनिर्भर नागरिक तयार हुने | | |
| मध्यकालीन उपलब्धि (Medium-term Outcome) | | |
| उपलब्धि | नतिजा सूचक | सत्यापनका स्रोत तथा तरिका |
| गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रुपमा स्थापित भई सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्द्धन हुने | मुख्य कार्यसम्पादन सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन<br>• विद्यार्थी उपलब्धि परीक्षण<br>• विद्यालयका कार्यसम्पादन प्रतिवेदनहरु<br>• विभिन्न विषयगत अध्ययन, अनुसन्धान, सर्वेक्षणहरु<br>• मध्यावधिक तथा अन्तिम मूल्याङ्कन |

| तत्कालीन उपलब्धि ( Immediate Outcome) | | |
|---|---|---|
| उपलब्धि | नतिजा सूचक | सत्यापन स्रोत तथा तरिका |
| १. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक शिक्षाको अवसर सुनिश्चित हुने<br>२. अनिवार्य तथा निःशुल्क आधारभूत | -मुख्य कार्यसम्पादन सुचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन |

| | | |
|---|---|---|
| शिक्षामा पहुँच र सहभागिता भई गुणस्तर अभिवृद्धि हुने<br>३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने<br>४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने<br>५. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीमा विकास हुने<br>६. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारोन्मुख नागरिक तयार गर्न सहयोग हुने<br>७. सक्षम र अभिप्रेरित शिक्षकहरुको व्यवस्था भई विद्यार्थीहरुको सिकाइ सुधार हुने<br>८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने<br>९.बालाबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुग्ने<br>१०. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालाबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने<br>११. सबै विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त | - कार्यक्रम नतिजा सूचकहरु | • वार्षिक अनुगमन प्रतिवेदनहरु<br>• विभिन्न तहका वार्षिक प्रगति समीक्षाहरु<br>• सार्वजनिक परीक्षा नतिजा विश्लेषण |

| | | |
|---|---|---|
| भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने<br>१२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुग्ने | | |

### ६.२.३ उद्देश्य

योजनाको कार्यान्वयन एवंङ्क दिगोपन, प्रभावकारिता तथा कार्यकुशलताका लागि देहाय बमोजिमका उद्देश्य तय गरिएका छन्।

१) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु
२) निर्धारित विधि र पद्धति बमोजिमले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु
३) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयार गर्नु
४) सरोकारवालाहरुको क्षमता विकास गर्नु
५) आवश्यक स्रोतको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरी अपेक्षित उद्देश्य हासिल गर्नु

### ६.२.४ रणनीति

उल्लिखित उद्देश्य हासिल गर्न अपाउनु पर्ने रणनीतिहरुलाई देहाय बमोजिम तय गरिएको छः

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
१०. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

## ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

१) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन, कार्यविधि तथा निर्देशिका तयार भई वार्षिक योजना र यथोचित बजेटको सुनिश्चिततासहित सरोकारवालाहरुको सहभागितामा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने

### ख) प्रमुख नतिजा

१) शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता हुने
२) निर्धारित विधि र पद्धति बमोजिमले वार्षिक योजना तथा बजेट तर्जुमा गरिएको हुने
३) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयार भएको हुने
४) सरोकारवालाहरुको क्षमता विकास भएको हुने
५) आवश्यक स्रोतको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरी अपेक्षित उद्देश्य हासिल भएको हुने

## ६.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | शिक्षा शाखा | | पटक | १ | १ | १ | १ | १ |
| २ | विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक | विद्यालय | | पटक | १ | १ | १ | १ | १ |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली | शिक्षा | | पटक | २ | २ | २ | २ | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सुदृढीकरण | शाखा | | | | | | | |
| ४ | कानुन, कार्यविधि र निर्देशिका निर्माण | कार्यपालिका | | पटक | १ | ० | ० | ० | ० |
| ५ | अनुगमन | शिक्षा शाखा | | पटक | १ | १ | १ | १ | १ |
| ६ | सरोकारवालाको क्षमता विकास | शिक्षा शाखा | | पटक | १ | १ | १ | १ | १ |
| ७ | प्रगति प्रतिवेदन तयारी र समीक्षा | शिक्षा शाखा | | पटक | १ | १ | १ | १ | १ |

# परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन

## ७.१ लगानी र स्रोत व्यस्थापन

### ७.१.१ परिचय

मुलुकको समुन्नतिका लागि सक्षम मानव संशाधनको विकास विकास गर्न जरुरी छ। त्यसका लागि आजका बालबालिकाको शिक्षामा लगानी गर्नुपर्ने हुन्छ। बालबालिकाको शिक्षाका लागि गरिने लगानीले व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रुप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। शिक्षामा राज्यको लगानीले प्रमुख तिन पक्षलाई ध्यान दिनु पर्छ। पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग सुनिश्चितता हुनु पर्दछ ।

शिक्षामा लगानीको विश्वव्यापी प्रवृत्ति तथा राष्ट्रिय आकाङ्क्षालाई विचार गरेर नेपालमा पनि सरकार तथा समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ। नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, यस सम्बन्धि विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ। यसलाई विभिन्न नीतिगत दस्तावेजहरुले आधार प्रदान गरेका छन्। नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धि ऐन २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धि नियमावली २०७७ पनि स्वीकृत गरेको छ। संवैधानिक एवम् कानूनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्त्व भएको छ। यसका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धि व्यवस्था गर्नु आवश्यक छ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्त्व, पूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित

स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लगानीका सम्बन्धमा अहम् महत्त्वको विषय बनेको छ।

यसमा शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु गरिएको छ। पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आँकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

### ७.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थाको विश्लेषणका आधारमा लगानी र स्रोत व्यवस्थापनका सवालमा देखा परेका चुनौतीहरुमध्ये शिक्षासम्बन्धि अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रुपमा सम्बोधन गर्नका लागि शिक्षा क्षेत्रमा लगानी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्नु, सङ्घीय संरचना अनुसार संङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागनीको जिम्मेवार बनाउनु, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरुप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरुप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रुपमा विकास गर्नु, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिबद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्नु, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरुमा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्नु, विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, सङ्घीय सरकारबाट प्राप्त समानीकरण अनुदानमध्येबाट शिक्षा क्षेत्रका निम्ति पर्याप्त बजेट उपयुक्त विषयमा विनियोजन गर्नु, शिक्षामा समता तथा समावेशितामा अपेक्षित सुधारका लागि पर्याप्त लगानी गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु, वित्तीय व्यवस्थापनको कार्यकुशलताका लागि व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्नु, वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्नु, व्यक्ति वा पदाधिकारीको कुण्ठित उद्देश्यभन्दा माथि उठेर सार्वजनिक हितलाई ध्यानमा राखी बजेटको विनयोजन गर्नु प्रमुख रहेका छन्।

लगानी र स्रोत व्यवस्थापनका क्षेत्रमा अवसरको रुपमा सरकारका तीनवटै तहहरुले शिक्षामा लगानी अभिवृद्धि गर्न सक्ने सम्भावना देखिएको, कतिपय शिक्षण संस्थाहरुले थोरै बजेट चाहिने तर अति

आवश्यक भएको अवस्थामा स्थानीय तह र प्रदेश सरकारहरुबाट विभिन्न शीर्षकहरुमा सजिलो किसिमबाट अनुदान प्राप्त गरिरहेको, बालविकासका महिला शिक्षक लगायत विभिन्न क्षेत्रको बजेट विनियोजनमा सङ्घ, प्रदेश र स्थानीय तहको बिचमा सहकार्य र सहलगानी भइरहेको, शिक्षण संस्थाहरुको भौतिक पूर्वाधार विकास, आइसिटी र शिक्षक व्यवस्थापनमा प्रदेश र स्थानीय तहको लगानी तुलनात्मक हिसाबले बढी देखिएको, रोल्पानगरपालिकाको सन्दर्भमा कुरा गर्दा शिक्षामा यथेष्ट बजेट विनियोजन गरेको छ।

नेपालमा वि.सं. २०४९/०५० मा शिक्षामा राज्यको लगानी कुल राष्ट्रिय बजेटको ८.५ % मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन १९९० को दशक) सँगै आ.व.२०६७/०६८ मा आइपुग्दा १७.१ % पुगेको थियो।कुल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि.सं. २०५२ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कुल गार्हस्थ उत्पादनको औषत ३.७ रहेको थियो।विगत एक दशक अवधिमा सरकारमा सरकारबाट कुल राष्ट्रिय बजेटको औसत १३.२% बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ।नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ। विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्ता हेर्दा कुल शिक्षा बजेटको औसत १०.६८% वैदेशिक सहायता रहेको छ। यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

शिक्षामा गरिने लगानी सिकारु (विद्यार्थी)का लागि हो। त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ।भौतिक पूर्वाधार तथा संरचना, छात्रवृत्ति, पाठ्यपुस्तक, दिवा खाजा आदि लगानीका प्रमुख विषयक्षेत्र हुन्।नेपालमा विद्यालय क्षेत्रको कुल खर्चको ८५% भन्दा बढी हिस्सा शिक्षक तलबमा भइरहेको छ। विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरुमा दुई आर्थिक वर्षको लगानीको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

लुम्बिनी प्रदेशले पनि शिक्षामा बजेट विनियोजन गरी कार्यान्वयन गरिरहेको अवस्था छ। प्रदेश सरकारले यसरी बजेटको विनियोजन गर्दा नगरपालिकासँग समन्वय नगरी सिधैं विद्यालय र क्याम्पसहरुमा निकासा दिने भएको हुँदा नगरपालिकासँग यसको अभिलेख देखिदैंन।सामाजिक विकास डिभिजन कार्यालय, प्युठानको अभिलेख अध्ययन गर्दा प्रदेश सरकारले शिक्षा तथा सामाजिक विकास निर्देशनालय हुँदै विद्यालय र क्याम्पससम्म बजेट निकासा दिएको देखिन्छ। प्रदेशले यसरी बजेट विनियोजन गर्दा विद्यालय र क्याम्पसहरुको भौतिक पूर्वाधार अन्तर्गत कक्षाकोठा निर्माण, शौचालय निर्माण, तारबार र पर्खाल निर्माण आदिमा सहयोग गरेको देखिन्छ भने यसका अतिरिक्त पुस्तकालय, कम्प्युटर ल्याब, उच्च शिक्षा अध्ययनका लागि विद्यार्थीहरुलाई छात्रवृत्ति आदिमा पनि प्रदेश सरकारले बजेट विनियोजन गरी कार्यान्वयन गरेको अवस्था छ।

### ७.१.३ उद्देश्य

तीनै तहका सरकारहरुले शिक्षामा गरेको लगानीको अवस्था पहिचान गरी योजना अवधिका लागि आवश्यक पर्ने लगानी र स्रोतको अभिवृद्धि गर्न देहाय बमोजिमका उद्देश्यहरु तय गरिएका छन्।

**उद्देश्यहरु**

- योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरुको प्रक्षेपण गर्नु
- शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
- बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्त्व स्पष्ट गर्नु
- विभिन्न संघ संस्था, अभिभावक तथा दाताहरुलाई शिक्षामा लगानी गर्न प्रोत्साहित गर्नु

### ७.१.४ रणनीति

योजनाको वित्तीय व्यवस्थासम्बन्धि रणनीतिहरु देहायबमोजिम हुनेछन्

- शिक्षाको लागि कानूनमा तोकिएअनुसारको आर्थिक दायित्त्व तीनै तहका सरकारहरु बिचको लागत साझेदारीमा गर्ने।
- सङ्घिय सरकार र प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा पहिचान गरी सोही अनुपातमा स्थानीय सरकारले पनि शिक्षामा आफ्नो लगानीलाई सुनिश्चित गर्ने।
- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तहभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न र सोहीअनुसार जवाफदेही समेत हुनका लागि आवश्यक पद्धतिको विकास गर्ने।
- सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने एकाइ शिक्षण संस्था वा विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने सवालमा विद्यालयलाई जवाफदेही बनाउने।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गर्न स्थानीय तहको कुल वार्षिक बजेटको कम्तिमा ३०% पुर्याउन पहल गर्ने।
- शिक्षाका उपक्षेत्रहरु अन्तर्गत लगानी गर्ने क्रममा कुन उपक्षेत्र र विषयलाई कति प्राथमिकता दिने भन्ने मापदण्ड निर्धारण गरी सोहीअनुसार लगानी व्यवस्थापन गर्ने।

- सार्वजनिक सेवा, सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रुपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, सशर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गर्ने।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी/ल्याई वित्तीय कार्यकुशलता, मितव्ययिता, स्वच्छता, पारदर्शिता, जम्मेवारी र उत्तरदायित्त्वलाई थप सबल बनाउने।
- शिक्षा क्षेत्रमा कार्यरत संघसंस्थाहरुलाई शिक्षाका विविध पक्षमा लगानी गर्न साझेदारी गर्ने
- चन्दादातालाई दान गर्न विविध कार्यक्रमहरुको आयोजना गर्ने तथा सम्मान कार्यक्रम गर्ने
- अभिभावक लगानीलाई हौसला दिन अभिभावक लगानी कार्यक्रम गर्ने
- विद्यालयको आन्तरिक स्रोत बलियो र मजवुत गर्न विविध विकल्प खोजीका लागि कार्यशाला गर्ने,

### ७.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासका आवश्यक स्रोतको व्यवस्थापन भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्त्व सुदृढ भएको हुने

ख) प्रमुख नतिजा

- योजना अवधिका लागि शिक्षामा आवश्यक स्रोत र लगानीका लागि प्राथमिकताका क्षेत्रहरुको प्रक्षेपण भएको हुने
- शिक्षा क्षेत्रका लागि पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गरिएको हुने
- उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गरिएको हुने
- बजेट विनियोजन र सहलगानीका सवालमा तीनै तहका सरकारको भूमिका र दायित्त्व स्पष्ट गरिएको हुने
- विभिन्न संघ संस्था, अभिभावक तथा दाताहरु शिक्षामा लगानी गर्न प्रोत्साहित भएको हुने

### ७.१.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

उपक्षेत्रगत रुपमा प्रस्ता वत कार्यक्रम तथा अनुमानित बजेट

| प्रारम्भिकबाल विकास तथा शिक्षाका क्रियाकलाप र आंकलित बजेट | | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावितकार्यक्रमहरु | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| पूर्व प्रा.बि./ECED कक्षा/केन्दमा तोकिएकान्युनतम मापदण्डहरूको (Minimum Standards) कार्यन्वयन गर्ने | ० | २०० | २०० | २५० | ३०० |
| Revisting the existing ECED/PPE (including the institutional schools facilities) and establishment of new ECED centers based on need identification | ० | ५०० | ५०० | ५०० | ५०० |
| बालविकासमा WASH का सुबिधा सुनिश्चित गरि न्यूनतममापदण्ड कार्यान्वयन गर्ने | ६०० | ६०० | १००० | १००० | १००० |
| बालबालिकाहरुका लागि दिवा खाजा कार्यक्रम | १९४४३ | १८९९४ | १९१७० | १९६८३ | २०२२३ |
| बालबालिकाहरुकव सर्वाङ्गिन विकासका लागि पूर्वबाल्याबस्था र सिकाई कार्यान्वयन(Implementation of the early childhood and learning standards for facilitating holistic development and learning of children) | ० | १०० | १०० | १०० | १०० |
| कार्य सम्पादनमा आधारीत बालविकास शिक्षक अनुदानPerformance grant to ECED centers and teachers (based on imporvement against set standards) | ७५० | ९०० | ११७० | ११७० | ११७० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाईसहयोग(Support to disable students) | ० | ८० | ८० | ९० | १०० |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फतत्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जांच गर्ने साथै बालबालिकाहरूमाअपाङ्गता परीक्षण गरी पहिचान गर्ने(Assement and identification of disabilities) | ० | २५० | २५० | २५० | २५० |
| पालिकाको बालिवकास संयोजकको तलबभत्ता | ० | ४६१५ | ४७१५ | ४८१५ | ४९१५ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागिपोशाक भत्ता | ३९० | ३९० | ३९० | ३९० | ३९० |
| ECED कक्षाका सहयोगीहरूका लागि तलब/भत्ता | ९६७२ | ९६७२ | ९६७२ | ९६७२ | ९६७२ |
| ECED कक्षाहरूका सामग्री र सिकाई कुनाका लागि बजेटअनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ECED कक्षाहरूका सिकाई सामग्री र बिद्धुतीय सिकाईसामग्रीका लागि बजेट अनुदान | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति बिपन्न रलक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि बजेट अनुदान | ५३५ | ५४५ | ५६० | ५७० | ५८६ |
| **प्रारम्भिक बाल विकास तथा शिक्षाको आंकलित जम्माबजेट** | ४२१६२ | ४३००३ | ४३८६४ | ४४४४७ | ४५०६३ |
| **आधारभुततहका प्रस्तावित क्रियाकलाप तथा आंकलित बजेट** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृतर राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | ८२१४४ | ८२१४४ | ८२१४४ | ८२१४४ | ८२१४४ |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृतर राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमाकार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक) | ३४०० | ३४०० | ३४०० | ३४०० | ३४०० |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुकालागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ३३०० | ३३०० | ३३०० | ३३०० | ३३०० |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुकालागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | १४०० | १४०० | १४०० | १४०० | १४०० |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | २५० | २५० | २५० | २५० | २५० |
| आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन रव्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूकोक्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिकालागि) | | १४५० | १४५० | १४५० | १४५० |
| बहुकक्षा/बहुभाषिक कार्यक्रम (MGML program) सन्चालन भएका बिद्यालयका लागि सन्चालन अनुदान | ० | ६०० | ६०० | ६०० | ६०० |
| Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र संचालनका लागि बिद्यालयहरुलाई बजेट अनुदान | ० | ४३० | ४३० | ४३० | ४३० |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमाबिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | | २३० | २३० | २३० | २३० |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिदर बितरण अनुदान | ६४६९ | ६१८५ | ६०९२ | ६०९८ | ६०६९ |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक | ३१९८.८ | २९२८.२ | २६५३.२ | २४०६.८ | २४०६.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| खरिबर बितरण अनुदान | | | | | |
| पालिका भित्रका आधारभूत तह (कक्षा १-५) काबालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | ५४२१३ | ५१८३२ | ५१०५४ | ५११०३ | ५०८६० |
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्येबिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै क्षेत्रका बिध्यार्थीलाईसमेत) बापतको बजेट अनुदान | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्नअपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | २०० | १८५.५ | २०० | २०० | २०० |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरणबापतको बजेट अनुदान | १२७४ | ११६९ | १०६०.५ | ९६४.२५ | ९६६ |
| बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | ३००० | ४५०० | ७००० | १०००० | १२००० |
| समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षितस्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याईउनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | | २०० | २०० | २०० | २०० |
| शुन्य दरबन्दी भएका बिद्यालयहरूलाई एकमुष्ठ बजेटअनुदान | १००० | १००० | १००० | १००० | १००० |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाईसचेतना कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापनर सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | २०० | २०० | २०० | २०० | २०० |
| आधारभूत तहका बिद्यालयहरुको नक्साङ्कन, पुनर्बितरणतथा समायोजन गर्ने | ० | १५० | १५० | | ० |
| बिद्यालयहरुमा सिकाई आपुरण तथा द्रुत सिकाई योजना (ReAl Plan) को कार्यान्वयन गर्ने | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| सामुदायिक बिद्यालयहरुमा प्रबिधिमैत्री शिक्षाकार्यक्रम सञ्चालन | ० | १०५० | १०५० | १४०० | १७५० |
| आधारभूत तहका शिक्षकहरुलाई प्रविधि विकास र शिक्षणसिकाई सम्बन्धी तालिम | ० | ५०० | ५०० | ५०० | ५०० |
| कक्षाहरुमा आवश्यकता तथा मागमा आधारितबसाई | ० | १२०० | १२०० | १२०० | १२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ब्यवस्थापन तथा फर्निचर ब्यवस्थापनकार्यक्रम | | | | | |
| बिद्यालयको जोखिम न्यूनिकरण कार्यक्रम (खेलमैदान, बिद्यालय घेराबार, रंगरोगन लगायत) | ० | ७५० | ७५० | ७५० | ७५० |
| वडा शिक्षा समिति, बिब्यस तथा शिक्षकहरुलाईआपतकालिन अवस्थामा शिक्षा निरन्तरता तथा बिद्यालय सुरक्षा तालिम कार्यक्रम | ० | ५०० | ५०० | ५०० | ५०० |
| आधारभूत तह नमूना बिद्यालय सहयोग कार्यक्रम (हरेकबर्ष नमूना बिद्यालयको अवधारणा/प्रस्ताव आव्हान गरि क्रमश संख्यामा बढोत्तरीगर्दै लैजाने) | ० | १००० | १००० | १००० | १००० |
| वडा स्तरमा बार्षिक बिद्यार्थि भर्ना अभियानसंचालन (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबको परिचालन) | | १६० | १६० | १६० | १६० |
| स्थानीय तहमा शैक्षिक सुधारका लागि सहलगानी तथालागत साझेदारी का कार्यक्रम संचालन गर्ने | | | | | |
| कार्यसम्पादन तथा सूचकहरुको आधारमा उत्कृष्ठबिद्यालय तथा कर्मचारी सम्मान कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| आधारभूत तहको अनुमानित बार्षिक बजेट | १८१२९९ | १८७९६४ | १८९२२४ | १९२१३६ | १९४२१६ |
| **माध्यमिकतहका प्रस्तावित कार्यक्रम तथा बजेट आंकलन** | | | | | |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन रपुनर्वितरण कार्यक्रम सन्चालन | ३०० | ० | ३०० | ० | ३०० |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२)स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | ३१५५६ | ३१५५६ | ३१५५६ | ३१५५६ | ३१५५६ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | | | | | |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२)बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाकभत्ता सहित) | २६०० | २६०० | २६०० | २६०० | २६०० |
| माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापनबापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा१/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्धपिउने पानी, बिद्धुत महशुल, आदि) | १५०० | १५०० | १५०० | १५०० | १५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठअनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावकशिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तकखरिद र बितरण अनुदान | ५८० | ५८० | ५८० | ५८० | ५८० |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तकखरिद र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसारहुने) | १००० | १००० | १००० | १००० | १००० |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०)अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएकाबिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२)अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएकाबिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरणबापतको बजेट अनुदान | १०८० | १०८० | १०८० | १०८० | १०८० |
| माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना रसन्चालन बजेट अनुदान | ० | ७०० | ७०० | ७०० | ७०० |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशालास्थापना र सन्चालन बजेट अनुदान | ३१५ | ४४१ | ५६७ | ६३० | ६९३ |
| माध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | ३५० | ४५० | ५८० | ६०० | ७०० |
| नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिकबिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | ० | ५००० | ५००० | ५००० | ५००० |
| प्र.अ.हरूकालागि कार्य सम्पन्नका आधारमाप्रोत्साहन र नमूना बिद्यालय कार्यक्रम सन्चालन भएका बिद्यालयमा कार्य सम्पन्नकाआधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | ० | २०० | २०० | २०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएकाबिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतकोबजेट अनुदान | ० | २२०० | २२५० | २२५० | २३०० |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएकाबिद्यालयमा प्रत्ति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | १००० | १००० | १००० | १००० | १२०० |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएकाबिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेटअनुदान | १००० | १००० | १००० | १००० | १०० |
| बिद्यालयहरुमा पेरियोडिक रुपमा माध्यमिक स्तरियअन्तर बिद्यालय प्रतिष्पर्धात्मक अतिरिक्त क्रियाकलाप संचालन | ० | ५०० | ५०० | ५०० | ५०० |
| बिद्यालय स्तरिय उत्कृष्ट बालक्लव प्रोत्साहनकार्यक्रम संचालन | ० | ५० | ५० | ५० | ५० |
| माध्यमिक बिद्यालयमा सेनीटरी प्याड चेन्जिङ रुमब्यवस्थापन सहयोग | ० | ४५० | ४५० | ४५० | ४५० |
| वडा स्तरमा बार्षिक बिद्यार्थि भर्ना अभियानसंचालन साथै सेवाक्षेत्रभित्रका सबै बिद्यार्थिलाई माध्यामिक तहको शिक्षामापहुँच सुनिश्चितता गर्ने (वडा शिक्षा, टोल शिक्षा बिब्यस शिक्षक र बालक्लबकोपरिचालन) | ० | २०० | २०० | २०० | २०० |
| प्राबिधिक धार सांचालित बिद्यालयहरुमा आवश्कतामाआधारित सामग्री, ल्याब र प्रबिधि विकास कार्यक्रम | | | ५०० | १००० | १५०० |
| माध्यमिक तहको जम्मा आंकलित बजेट | ४२७८१ | ५२००७ | ५३११३ | ५३३९६ | ५३७०९ |
| **समाबेशि शिक्षाका प्रस्तावित कार्यक्रम तथा आकलित बजेट** | | | | | |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँगसमन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका बिद्यार्थीहरुकोअपाङ्गतासम्बन्धी स्वास्थ्य जांच र परीक्षण गरी निदान गर्न बजेट अनुदान (बर्षको२ पटक ६/६ महिनामा) | ८० | ८० | ९० | १०० | १०० |
| बिशेष शिक्षा परिषदबाट सहयोग प्राप्त भई सन्चालितबिशेष बिद्यालयहरुमा शिक्षण सिकाई सामग्री बितरण बापतको बजेट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| बिशेष शिक्षा अन्तगतका स्रोत कक्षाहरू सन्चालन | १००० | १००० | १००० | १००० | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| रव्यवस्थापन बापतको बजेट अनुदान | | | | | |
| श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाकालागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० |
| पालिकाहरुमा बिशेष शिक्षा र अन्तरगतका छात्रबाससुबिधा, छात्रवृत्ति र तथ्याँक प्रमाणिकरणका लागि बजेट अनुदान | ५० | ५० | ५० | ५० | ५० |
| समुदायभित्र अपाङ्गता भएका बालबालिकाहरुक पहिचानतथा पहुँच विस्तार कार्यक्रम | ० | ६० | ६० | ६० | ६० |
| समाबेशि शिक्षण सिकाई सम्बन्धी तालिम | ० | २०० | | २०० | २०० |
| समाबेशि शिक्षाका प्रस्तावित बजेट | 1780 | 2040 | 1850 | 2060 | 2060 |
| अनौपचारिक शिक्षाका प्रस्तावित कार्यक्रम र बजेट | | | | | |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्यसङ्ग-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धीस्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गर्ने | ० | १०० | ० | १०० | ० |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्यसङ्ग-सँस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सन्चालन रव्यवस्थापनसम्बन्धी लागत सहभागिताको तौरतरिका तथा बिधिका लागि ढाँचा र स्वरूपविकास गर्ने | ० | १०० | ० | १०० | |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय रसहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाईचरणबद्ध रूपमापूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सन्चालन बापतको बजेटअनुदान | | ० | २५० | ० | ५०० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सन्चारका साधनहरूको उपयोग गर्न बजेट अनुदान (स्थानीय तहमाअनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी बिषयबस्तुहरुको विकास, बितरण रप्रचारप्रसार गर्ने) | | २०० | २०० | २०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय तहको प्रत्येक वार्डमा सन्चालित सामुदायिकअध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदायस्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | ० | १५० | १५० | २५० | ४०० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका अययन, अद्यापन र व्यवहारिक बिषयबस्तु विकास गर्दा वातावरणको परिवर्तन, संरक्षण, प्राथमिक स्वास्थ्य, परम्परागत ज्ञान र सीपहरूको अभिबृधि, स्थानीयस्तरका बिभिन्नसवालहरू र अन्य स्थानीय बिकासात्मक पक्षहरूलाई समेटेर तयार गर्ने | ० | १०० | १०० | १०० | १०० |
| हाल सन्चालनमा रहेका समुदायिक केन्द्रहरूमाआवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थपगरी सवलिकरण गर्ने साथै समुदायिककेन्द्रहरूको सन्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापनप्रणालीको कार्यान्वयन गरी तथ्याँक बिबरण तयार गर्ने बापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० |
| हाल सन्चालनमा रहेका सामुदायिक अध्ययनकेन्द्रहरुमा कम्तिमा १२ कक्षा उत्तीर्ण पूर्णकालिक परिचालकको व्यवस्था गर्नसोको तलबभत्ता बापतको बजेट अनुदान | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी NQF कार्यन्वयन (समकक्षता मूल्यांकन र निर्धारणका लागि ऐन, निर्देशिका साथै सँस्थागतसंरचना, मानव स्रोत विकास र तिनको क्षमता अभिबृधि गर्ने) का लागि बजेटअनुदान | | १०० | | १०० | |
| शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा हालसन्चालनमा रहेको Online Learning Portal मा अनौपचारिक शिक्षा र निरन्तरशिक्षासम्बन्धी सम्बन्धी Online सामाग्रीहरुको विकास र कार्यान्वयन साथै नमुना CLC हरुका लागि Online र Offlline नमूना सामाग्रीहरु विकास र प्रयोग गर्न बजेटअनुदान | ५० | ५० | ५० | ५० | ५० |
| CLC परिचालकहरुको क्षमता अभिबृधि/तालिमका लागिबजेट अनुदान | ५० | ५० | १०० | १२० | १२० |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमनबापतको बजेट अनुदान | १५० | १५० | १५० | १५० | १५० |
| सामुदायिक सिकाई केन्द्र CLC मार्फत जीवन उपयोगीसीप तथा सचेतना कार्यक्रम संचालन (घरेलु | ० | ३०० | ३०० | ८०० | ८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| बुनाइ, साक्षरता शिक्षा) | | | | | |
| सामुदायिक सिकाई केन्द्र CLC का लागि प्रबिधि तथा इन्टरनेट सुबिधा | ० | १५० | १५० | २५० | २५० |
| समुदायमा जनसंख्याको तथ्यांक संकलन बर्गिकरणबिष्लेषण गर्ने बिद्यालय बाहिर रहेका बालबालिका पहिचान गर्ने | ० | ९० | ९० | २४० | २४० |
| एक वडा एक सामुदायिक सिकाइ केन्द्र/सूचना केन्द्रस्थापना तथा सहयोग कार्यक्रम | ० | १२० | १८० | ४८० | ४८० |
| अनौपचारिक शिक्षा प्रवाहका लागि समुदाय स्तरमाबालक्लव, यूवा क्लब र नागरिक समाज संजालको परिचालन गर्ने । | ० | ५० | ७५ | २०० | २०० |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको जम्माबजेट | 1000 | 2460 | 2545 | 3890 | 4240 |
| **शिक्षक ब्यवस्थापन तथा तालिम** | | | | | |
| शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डकाआधारमा शिक्षक व्यवस्थापन (पुनर्बितरण र समायोजन) | ० | १०० | ० | १०० | १०० |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेशतालिम | ० | २०० | २०० | २०० | २०० |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञानर अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम | | १०० | १०० | १०० | १०० |
| शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | ३०० | ३०० | ४०० | ५०० | ५०० |
| प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिनेशिक्षक तालिम | ० | २५० | ० | २५० | ० |
| ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँमापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक्षक प्रशिक्षणसन्चालन गर्ने | ० | २०० | ० | २०० | ० |
| सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयनगर्ने | | ५० | ५० | ५० | ५० |
| बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणालीअन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | | १०० | १०० | १०० | १०० |
| शिक्षक तथा बिद्यालय अनुगमन कार्यक्रमका | २०० | २०० | २०० | २०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| लागिक्षमता अभिबृद्दी | | | | | |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | ० | २०० | ० | २०० | ० |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ० | ० | ० | ० | २५० |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्वविकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिनेतालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ० | १००० | १००० | १००० | १००० |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमामागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षणसिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | ० | २०० | २०० | २०० | २०० |
| शिक्षकहरुलाई प्रबिधि विकास र शिक्षण सिकाईसम्बन्धी तालिम संचालन गर्ने | ० | २०० | २०० | २०० | २०० |
| शिक्षकहरुलाई स्तरिय परिक्षा संचालन निरन्तरमूल्यांकन पद्दति र प्रश्न निर्माण तालिम संचालन गर्ने | ० | २०० | २०० | २०० | २०० |
| हरेक बिद्यालयका फोकल शिक्षकलाई बिद्यालयस्वास्थ्य तथा पोषण सम्बन्धि तालिम कार्यक्रम | ० | ४५० | ४५० | ४५० | ४५० |
| शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट | 500 | 3750 | 3100 | 3950 | 3550 |
| **पाठ्यक्रमकोमूल्यांकनका प्रस्तावित कार्यक्रम र बजेट अनुमान** | | | | | |
| राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कोकार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका रसन्दर्भ सामग्रीहरुको विकास गर्ने) | १५० | १५० | १५० | १५० | १५० |
| पाठ्यक्रमको मूल्यांकन (मुल्यांकन, सुधार रबिद्यालयमा आधारित पाठ्यक्रम विकास र नमूना परीक्षण) | ० | ० | १०० | ० | १०० |
| Digital सामाग्रीहरुको कार्यन्वयन (विधुतीयअन्तरक्रियात्मक सामाग्रीहरुको विकास र तिनलाई Online/Offline माध्यमबाटबिद्यार्थी (अपाङ्गता भएका बिद्यार्थी समेत्) र शिक्षकको पँहुचसम्म पुर्याउनेसुनिश्चित गर्ने, पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै सामाग्रीहरुलाईविधुतीय प्रती बनाई तिनलाई e-library को विकास गरी सबैको पँहुच | ० | १५० | ३०० | ३०० | ३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| सुनिश्चितगर्ने | | | | | |
| सँस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (बिज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको विकास रकार्यान्वयनका लागि प्राबिधिक सहयोग प्रदान गर्ने बिधि र पद्धति स्थापित गर्ने) | ० | २०० | ० | | |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | १३४.४ | २०१.६ | २०१.६ | | |
| आन्तरिक र बाहिय दुवै विधिका बिद्यार्थी मुल्यांकनर तिनको कार्यन्वयनको मापदण्डहरू विकास गर्ने (जसमाः- नमूना सामाग्रीहरु विकासगर्ने, कक्षाकोठामा आधारित मुल्यांकनका मापदण्डहरूको विकास र तिनको बारेमाअभिमुखीकरण साथै बिद्यार्थी प्रगतीको प्रतिबेदन र सुझाव सङ्कलन) | १९० | १९० | १९० | १९० | १९० |
| प्राबिधिक धारका बिषयहरुको पाठ्यक्रम र सिकाईसामग्रीहरुको विकास र कार्यान्वयन गर्ने (जसमाः- प्राबिधिक धारका बिषयगत समस्यातथा सवालहरू पत्ता लागउने, तिनलाई पाठ्यक्रममा समायोजन गर्ने र सोका आधारमापाठ्यपुस्तक, सिकाई सामग्रीहरूको विकास, मुल्यांकन पद्धतिको विकास र तिनकोप्रबोधिकरण, बितरण, प्रयोग बिषयहरु समाबेश गर्ने) | ० | १०० | १०० | १०० | १०० |
| बहूपाठ्यपुस्तकहरूको कार्यान्यिन गर्ने (जसमाः- बहूपाठ्यपुस्तक नीतिको कार्यान्यिन गर्ने, गुणस्तर सुनिश्चित गर्ने, पाठ्यपुस्तकहरुको मुल्यांकन र छनौट, बहूबर्षिय पाठ्यपुस्तकहरूको परिक्षण गर्ने रअपाङ्गता भएका बिद्यार्थीहरूका लागि उपयुक्त पाठ्यपुस्तकहरूको विकास गर्ने) | ० | ० | ० | ० | ० |
| बिद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्यबिषय क्षेत्रका निर्देशिका, बिधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने रतिनलाई एकीकृत गर्ने) | | ० | ० | ० | ५०० |
| स्थानीय पाठ्यक्रमको आवश्यक परिमार्जन, संशोधन र विकास प्रबोधिकरण गर्ने | | ३०० | ० | ० | ३०० |
| आवश्यकतामा आधारित पाठ्य सामग्री तथा सामग्रीब्यवस्थापन | | ५०० | ५०० | ५०० | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| बिषय बस्तु तथा पाठ्यक्रममा जलवायू परिवर्तन तथाउत्थानशिलता सामग्री समायोजना र कार्यान्वयन | | १०० | ० | १०० | ० |
| स्थानीय शिक्षा योजनाको मध्यावधि रुपमा पुनराबलोकन | | ० | ३०० | ० | ३०० |
| पाठ्यक्रम र मूल्यांकनको जम्मा बजेट | ४७४.४ | १८९१.६ | १८४१.६ | १३४० | २४४० |
| **भौतिकपूर्वाधार विकास** | | | | | |
| स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधार फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | १३५८५ | १३५८५ | १७२९० | २०९९५ | १७२९० |
| स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा१-५ सम्म सन्चालित बिद्यालयहरूलाई बिद्यालय मर्मत खर्च बापतको अनुदान दिने | २७५५ | २७५५ | २७५५ | २७५५ | १६५३ |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपनसम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माणगर्ने | ७८० | ११७० | ७८० | ७८० | ३९० |
| बिद्यालयहरुमा नक्साङ्नका आधारमा कक्षाकोठामा बुककर्नर, शारिरीक अवस्थाका आधारमा डेस्क बेन्चको ब्यवस्थापन कार्यक्रम गर्ने | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| आधारभूत तहमा बालमैत्री तथा अपाङ्गमैत्री बिद्यालयभवन निर्माण मर्मत कार्यक्रम | ० | १००० | १५०० | १५०० | १५०० |
| आधारभूत तहमा बिद्यालय मर्मत सहयोग कार्यक्रम | ० | ९०० | १२०० | १२०० | १२०० |
| बिद्यालय शौचालय, खानेपानी तथा सरसफाई ब्यवस्थापनकार्यक्रम | | ९०० | ९०० | ९०० | ९०० |
| नमूना बालविकास निर्माण तथा कार्यान्वयन | ० | २४०० | २४०० | २४०० | २४०० |
| बिद्यालयमा बालमैत्री पूर्वाधारतथा संरचनाहरकोनिर्माण र विकास गर्ने | | ९०० | १२०० | १२०० | १२०० |
| बालविकास केन्द्र तथा आधारभूत तह कक्षा १-३ मारंगरोगन तथा भित्ते लेखन कार्यक्रम | | ५०० | ६०० | ६०० | ८०० |
| आधारभूत तह (कक्षा ०-५) का बालबालिकाहरुका लागिदिवा खाजा घर ब्यवस्थापन कार्यक्रम | ४०० | १२०० | १६०० | २००० | २४०० |
| बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागिप्रस्तावित कार्यक्रमको जम्मा बजेट | १८७७० | २६५६० | ३१४७५ | ३५५८० | ३०९८३ |
| **क्षमता अभिबृद्दि तथा अनुगमन मूल्यांकन** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमननिर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधिकरण गर्ने | ० | २०० | ० | ० | २०० |
| शैक्षिक तथ्याँक व्यवस्थापन, प्रतिबेदन तयारी रप्रबोधिकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिती प्रतिबेदन तयार गर्ने | २०० | २०० | २०० | २०० | २०० |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक, आर्थिक रअन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | | १५० | १५० | १५० | १५० |
| विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोकोसुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तरवृद्धि गर्ने | | ५०० | ५०० | ५०० | ५०० |
| विद्यालयहरूमा सन्चालित शैक्षिक, भौतिक र अन्य सबैकार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षणगर्ने | ५७० | ५७० | ५७० | ५७० | ५७० |
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरीगुणस्तर अभिबृधि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामाराख्न स्थनीय तहका र वाहिय बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues माआधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तिमा १ समस्यामा) | १०० | १०० | १०० | १०० | १०० |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | ० | ० | १०० | ० | १०० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमताअभिबृधि गर्ने (जसमाः- १/२ महिने लामो अवधिको तालिम, शैक्षिक नीति/नियम, योजना, कार्यक्रम, अनुगमन, मुल्यांकन र अन्य बिषय क्षेत्रमा बार्षिक रूपमा अभिमुखीकरण, आदि) | | २०० | २०० | २०० | २०० |
| स्थानीय तहमा कार्यरत शिक्षा कर्मचारीहरूको क्षमताअभिबृधि गर्न शैक्षिक योग्यता अभिबृधि कार्यक्रम गर्ने | ० | ४०० | ० | ४०० | ० |
| बार्षिक शैक्षिक क्यालेन्डर निर्माणकार्यक्रम | ० | १५० | १५० | १५० | १५० |
| पालिकाको शिक्षा शाखाको बार्षिक प्रगति प्रतिबेदनप्रकाशन | ० | २०० | २०० | २०० | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| शैक्षिक सिकाई आदानप्रदानका लागि कर्मचारी, शिक्षकर जनप्रतिनिधिहरुको संयूक्त शैक्षिक भ्रमण कार्यक्रम | ० | ० | ५०० | ० | ५०० |
| बिद्यालयहरुको अनुगमन, सुपेरिबेक्षण तथा पृष्ठपोषणकार्यक्रम | ० | ४०० | ४०० | ४०० | ४०० |
| स्थानीय तहको शिक्षामा क्षमता अभिबृद्धि, अनुगमन रमुल्यांकन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट | ८७० | ३०७० | ३०७० | २८७० | ३२७० |
| **बिद्यालयस्वास्थ्य तथा पोषणका कार्यक्रम तथा बजेट** | | | | | |
| बिद्यालय घुम्ति शिविर मार्फत बिद्यालय नर्स रस्वास्थ्यकर्मि मार्फत बिद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन गर्ने | ० | २०० | २०० | २०० | २०० |
| आधारभूत तहको बिद्यालयमा खाजा तयार गर्नका लागिआवश्यक सामग्रीहरुको ब्यवस्थापन | | १५० | २०० | २५० | ३०० |
| दिवाखाजाको लागि खाद्य वस्तु ब्यवस्थापनका लागिस्थानीय उत्पादक सहकारीसंग समन्वय र सहकार्य | | २०० | २०० | २०० | २०० |
| पोषणयुक्त खानेकुराको महत्व बुझाउन जनचेतनात्मककार्यक्रम संचालन | ० | ८० | ८० | ८० | ८० |
| बिद्यालयमा बिद्यार्थिको संख्याका आधारमा सरसफाईकासामग्री ब्यवस्थापन | ७६ | ७६ | ७६ | ७६ | ७६ |
| बिद्यालयमा प्राथमिक उपचार सामग्रीकोब्यवस्थापन | १६० | १६० | १६० | १६० | १६० |
| स्थनीय तहको शिक्षा क्षेत्रकोबिद्यालय सरसफाई, घरमा तयार गरेको पौष्टिकयुक्त खानाबिषयमा जनचेतना अभिबृद्धि गर्न बालक्लव परिचालन र योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्यांकन गर्ने | ० | १०० | १०० | १०० | १०० |
| बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको बजेट | २३६ | ९६६ | १०१६ | १०६६ | १११६ |
| **प्रबिधिमैत्रीबिद्यालयका कार्यक्रम तथा बजेट** | | | | | |
| विद्यालयमा ICT संरचना विस्तार | ० | १००० | १००० | १००० | १२०० |
| प्रत्येक विद्यालयमा Internet Connectivity कोव्यवस्था | ० | ५०० | ५०० | ५०० | ५०० |
| विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीकोउपलब्धता | ० | ४५० | ६०० | ६०० | १००० |
| IEMIS व्यवस्थापन कार्यक्रम | ० | २०० | २०० | २०० | २०० |
| सामुदायिक सिकाइ केन्द्रहरूका परिचालकहरूकोक्षमता विकास | ० | १०० | १०० | १०० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअलकक्षा सञ्चालन सहयोग | ० | २०० | २५० | २५० | २५० |
| प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायतको व्यवस्थापन | ० | ५०० | ५०० | ५००५ | ५०० |
| प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत प्रयोगकालागि तालिमकोव्यवस्था | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| प्रारम्भिक कक्षाका बालबालिकाहरूको लागिश्रव्यदृश्य सामग्री सहयोग कार्यक्रम | ० | २०० | ३२० | ४८० | ६८० |
| बिद्यालय ICT कार्यक्रमको जम्मा बजेट | ३०० | ३४५० | ३७७० | ८४३५ | ४७३० |
| **बिद्यालयबिपद जोखिम न्यूनिकरणका कार्यक्रम तथा बजेट** | | | | | |
| उत्थानशीलताका लागि whole school approach काआधारमा सचेतना विकास गर्ने | ० | २०० | २०० | २०० | २०० |
| स्थानीय तहमा संकटासन्नता मूल्याङ्कनका आधारमायोजना निर्माण तथा पुनराबलोकन | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षकविद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन (बालक्लबद्वारा जोखिम पहिचाननक्साङ्कन) | ० | १०० | १०० | १०० | १०० |
| हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्धन | ० | १०० | १०० | १०० | १०० |
| शिक्षाका सबै उपक्षेत्रमा उल्लेखित आपतकालीन तथासंकटपूर्ण अवस्थामा गर्न सकिने विधिमा वैकल्पिक उपाय सहित योजना बनाइ बिपदमाशिक्षा निरन्तरताका लागि तयारी रहने | १५० | २०० | २०० | २०० | २०० |
| बिद्यालय बिपद जोखिम न्यूनिकरणको बजेट | ४५० | ९०० | ९०० | ९०० | ९०० |
| **प्राबिधिकतथा ब्यवसायिक शिक्षाका कार्यक्रम तथा बजेट** | | | | | |
| आवश्यकता पहिचान गरि प्राबिधिक तथा बहुप्राविकशिक्षालय स्थापनाका लागि सहजिकरण | ० | ० | २०० | २०० | २०० |
| प्राविधिक धार सञ्चालन र सञ्चालन भएका विद्यालयमाप्रयोगशाला व्यवस्थापन सहयोग | ४०० | ० | २०० | २०० | २०० |
| सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिकशिक्षा कार्यक्रम सञ्चालन तथा सञ्चालन भएका विद्यालयमा थप विषय सञ्चालनका लागिजनशक्ति ब्यवस्थापन | ० | ० | १६९० | २५३५ | २५३५ |
| प्राबिधिक तथा ब्यवसायिक सीपका छोटो अवधिका तालिमसंचालन (३ महिने) छोटो अवधिका सिपमूलक | ० | ४०० | ८०० | ८०० | ८०० |

| | | | | | |
|---|---|---|---|---|---|
| तालिमहरू सञ्चालन | | | | | |
| प्राविधिक शिक्षा अध्यापनरत प्रशिक्षक र सहायकप्रशिक्षकलाई क्षमता विकास तालिम | ० | २०० | २०० | २०० | २०० |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायकसंस्थाहरूको अनुगमन, नियमन र ब्यवस्थापन | ५० | ५० | ५० | ५० | ५० |
| प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिकापालिकाको नीति निर्माण | ० | २०० | ० | ० | ० |
| प्राविधिक धार सञ्चालन भएका विद्यालयमा पढ्दैसिक्दै र कमाउदैगर्नका लागि पालिकाबाटअनुदान | ० | ४०० | ४०० | ४०० | ४०० |
| प्राबिधिक तथा ब्यवसायिक कार्यक्रमको जम्माबजेट | ४५० | १२५० | ३५४० | ४३८५ | ४३८५ |

### ७.१.७ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा, राष्ट्रिय एवंनगरपालिकाको प्रतिबद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका नगरस्तरीय नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन हुने गरी स्रोतको आँकलन गर्नु पर्ने हुन्छ। त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामर्थ्य के कति छ सो को पनि सँगसँगै विश्लेषण गरिन्छ। यसरी विश्लेषण हालको बजेटको प्रवाह र प्राथमिकताका क्षेत्रहरुलाई समेत मध्यनजर राखिएको छ। यसरी विश्लेषण गर्दा नगरपालिकाले अहिले पनि समानीकरण र आफ्नो आयस्रोतको कुल बजेटको करिब २५% बजेट शिक्षामा विनियोजन गरेको अवस्था छ। त्यसरी नै सङ्घीय सरकारले करिब ७५% प्रतिशतको हाराहारीमा खर्च गरेको अवस्था छ भने प्रदेश सरकारले बजेट विनियोजन गर्दा सिधैं शैक्षिक संस्थासँग समन्वय गरी बजेट विनियोजन गर्ने भएका कारण यसको वस्तुपरक हिसाव निकाल्न कठिन भएपनि सामान्यतयाः प्रदेशले विद्यालय र क्याम्पसको भौतिक पूर्वाधार, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, उच्च शिक्षाको छात्रवृत्ति आदिमा बजेट विनियोजन गरी खर्च गरेको देखिन्छ।

यसका साथै कानूनले उच्च शिक्षाको लागि प्रदेशलाई जिम्मेवार बनाइएको छ। प्राविधिक शिक्षा, समावेशी शिक्षा, साक्षरता शिक्षा र नपुग शिक्षकको व्यवस्थापनमा समेत प्रदेश कानूनतः जवाफदेही हुनुपर्ने देखिन्छ। यसले गर्दा पनि नगरपालिकाको शिक्षाको योजनामा प्रदेश सरकारको पनि वित्तीय सहयोग, योगदान र भूमिका अपरिहार्य ठानी स्रोत व्यवस्थापनमा प्रदेश सरकारलाई जिम्मेवार बनाइएको छ। यसरी हाल प्राप्त भइरहेको अनुदान र पालिकाको बजेट र स्रोतको उपलब्धताको प्रवृत्ति हेर्दा लगभग १५% बजेट अपुग हुने देखिन्छ। शिक्षा क्षेत्रमा कार्यरत विभिन्न संघसंस्था तथा दातृ निकायहरुलाई यस पालिकामा लगानी गर्न प्रस्तावना पठाउने, प्रोत्साहनका कार्यक्रम आयोजना

गर्ने तथा कार्यशाला लगायतका कार्य गर्ने अभ्यास गर्नुपर्ने देखिन्छ। साथै स्थानीय तथा बाह्य चन्दादाताहरुलाई समेत शिक्षा क्षेत्रमा लगानीका लागि विविध उपायहरु अपनाउन जरुरी छ। विद्यालयसँग भएका स्रोतहरु प्रयोग गरी त्यसबाट थप स्रोत निर्माण गर्न क्षमता विकासका लागि कार्यशालाहरु गरिनेछ।

रोल्पानगरपालिकाको आगामी ५ वर्षको शिक्षा क्षेत्र योजनामा बजेटको अनुमान

| क्रस | शिक्षाकाउपक्षेत्रहरु | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिकबाल विकास तथा शिक्षाको अनुमानित बार्षिक बजेट | ४२१६२ | ४३००३ | ४३८६४ | ४४४४७ | ४५०६३ |
| २ | आधारभूततहको जम्मा अनुमानित बार्षिक बजेट | १८१२९९.१ | १८७९६३.६ | १८९२२४ | १९२१३५.९५ | १९४२१५.७ |
| ३ | माध्यमिकतहको जम्मा अनुमानित बार्षिक बजेट | ४२७८१ | ५२००७ | ५३११३ | ५३३९६ | ५३७०९ |
| ४ | समाबेशिशिक्षाको जम्मा अनुमानित बार्षिक बजेट | १७८० | २०४० | १८५० | २०६० | २०६० |
| ५ | अनौपचारिकर निरन्तर शिक्षा कार्यक्रमको अनुमानित बार्षिक बजेट | १००० | २४६० | २५४५ | ३८९० | ४२४० |
| ६ | शिक्षकव्यवस्थापन र तालिम कार्यक्रमको अनुमानित बार्षिक बजेट | ५०० | ३७५० | ३१०० | ३९५० | ३५५० |
| ७ | पाठ्यक्रमर मूल्यांकनको जम्मा अनुमानित बजेट | ४७४.४ | १८९१.६ | १८४१.६ | १३४० | २४४० |
| ८ | बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि अनुमानित बार्षिक बजेट | १८७७० | २६५६० | ३१४७५ | ३५५८० | ३०९८३ |
| ९ | स्थानीयतहको शिक्षामा क्षमता अभिबृद्धि, अनुगमन र मुल्यांकन कार्यक्रमका लागि अनुमानितबजेट | ८७० | ३०७० | ३०७० | २८७० | ३२७० |
| १० | बिद्यालयस्वास्थ्य तथा पोषण कार्यक्रमको अनुमानित बजेट | २३६ | ९६६ | १०१६ | १०६६ | १११६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | बिद्यालय ICT कार्यक्रमको जम्मा अनुमानित बजेट | ३०० | ३४५० | ३७७० | ८४३५ | ४७३० |
| १२ | बिद्यालयबिपद जोखिम न्यूनिकरणको अनुमानित बजेट | ४५० | ९०० | ९०० | ९०० | ९०० |
| १३ | प्राबिधिकतथा ब्यवसायिक कार्यक्रमको जम्मा अनुमानितबजेट | ४५० | १२५० | ३५४० | ४३८५ | ४३८५ |
| १४ | सबैक्षेत्रको जम्मा प्रस्तावित अनुमानित बजेट (हजारमा) | २९१०७२.५ | ३२९३११.२ | ३३९३०९ | ३५४४५४.९५ | ३५०६६१.७ |

# परिच्छेद ८: अनुगमन र मूल्याङ्कन

## ८.१ परिचय

योजना जति बनाए पनि सबै कार्यान्वयन गरिएन भने योजना भनेको नपढेर दराजमा राखिएको महत्त्वपूर्ण पुस्तक जस्तै अर्थहीन हुने गर्दछ। योजनाको कार्यान्वयन गर्नु भनेको योजनाको प्राण भर्नु हो। त्यसैगरी योजनामा अनुगमन र मूल्याङ्कनलाई बेवास्ता गर्नु भनेको बच्चालाई जनम दिएर उसको रेखदेख र हेरचाह नगर्नु जस्तै हो। योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि योजनाको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको उपयुक्त प्रबन्ध आवश्यक छ। अन्यथा योजना कुहिरोमा हराएको काग बन्दछ। यसका लागि सङ्गठन तथा संरचना,जनशक्ति, नीति, कानून तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्त्व आवश्यक पर्दछन्। यस योजनाको अघिल्लो परिच्छेदमा यस योजनाका लागि आवश्यक पर्ने सङ्गठन, संरचना तथा क्षमता विकासका रणनीति तथा क्रियाकलापहरु उल्लेख गरिसकिएकाले योजनाको यस परिच्छेदमा महत्त्वपूर्ण पक्षका रुपमा योजनाको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र तत्सम्बन्धी प्रक्रिया तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ।

शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्दारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मूख भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिका बारेमा नियमित वा आवधिकरुपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरुको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालन तथा कार्यक्रम सम्पन्न भएपश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई उद्देश्यमूक, पारदर्शी, नतिजामूखी, जवाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछन्।

## ८.२ वर्तमान अवस्था

रोल्पानगरपालिकाले शिक्षामा लगानी बढाउनुका साथै यसको कार्यान्वयन पक्षलाई सशक्त बनाउन प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४का आधारमा

नगरपालिकाको सामाजिक विकास समिति संयोजकको अध्यक्षतामा योजना कार्यान्वयन तथा अनुगमन समिति गठन गरिएको छ। जसमा नगरकार्यपालिकाका दुईजना सदस्य, योजना प्रमुख र ईन्जिनियर , स्वास्थ्य, महिला तथा बालबालिका शिक्षा शाखा प्रमुख सदस्य सचिव रहेन गरी समितिको व्यवस्था गरिएको छ। समितिले योजनाका लागि बजेट उपलब्ध भइसकेपछि त्यसको कार्यान्वयनदेखि कार्यसम्पन्नसम्मका गतिविधिहरु विधिसम्मत तरिकाले सम्पादन भए नभएको हेर्ने काम गर्दछ। त्यसमा पनि शिक्षासम्बन्धी कार्यक्रमहरुको सञ्चालन, कार्यान्वयन पक्षको अनुगमन र मूल्याङ्कनका लागि नगरपालिकाका नगरप्रमुखको अध्यक्षतामा नगर शिक्षा समिति पनि सक्रिय रहेको छ। यसका अतिरिक्त प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत तथा प्राविधिक सहायकसमेतले आवश्यकतानुसार अनुगमन कार्यमा सामेल भएको पाइन्छ। हाल यस नगरपालिकामा देहाय बमोजिमका अनुगमन तथा मूल्याङ्कन समिति तथा समूहहरु सक्रियताका साथ कार्य गरिरहेका छन्

च) नगरपालिकाको संयोजकत्त्वमा नगरपालिकाको अनुगमन समिति
छ) सामाजिक विकास समितिको कै संयोजकत्त्वमा शिक्षा समिति सदस्यहरुको अनुगमन समिति
ज) विभिन्न विषयगत विज्ञ शिक्षकहरुको रोष्टर समूह
झ) आधारभूत तह उत्तीर्ण परीक्षा व्यवस्थापन समिति
ञ) विद्यालयस्तरीय परीक्षा व्यवस्थापन समिति
ट) विद्यालय व्यवस्थापन समिति तथा अभिभावक संघहरु
ठ) विभिन्न सञ्चारकर्मी तथा नागरिकहरु

विद्यालयसस्तरमा पनि विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको तर्फबाट पनि कुनै पनि कार्यक्रमको कार्यान्वयन पक्षको रेखदेख र अनुगमन गर्ने गरिएको छ। विद्यालयको भौतिक पूर्वाधार विकास, खाजा व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, कम्प्युटर ल्याब व्यवस्थापन, परीक्षा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन आदिका कार्यसम्पादन एवं अनुगमन समेतका लागि शिक्षकक वा विद्यालय व्यवस्थापन समितिको सदस्य वा शिक्षक अभिभावक संघको सदस्यको संयोजकत्त्वमा समितिहरु गठन गरी कार्य गरिएकोछ। यसरी हेर्दा पनि सरोकारवाला र नागरिक समाजलाई चित्त बुझेन भने त्यस्ता गुनासाहरु प्रधानाध्यापक हुँदै विद्यालय व्यवस्थापन समिति, वडा र नगरकार्यपालिकासम्म पुग्ने गरेका छन्। त्यतिले पनि सम्बन्धित पक्ष सन्तुष्ट नभएको अवस्थामा गुनासाहरु अख्तियार दुरुपयोग अनुसन्धान आयोग र न्यायालयसम्म पनि पुग्ने गरेको अवस्था छ। यी सबै कार्य र संयन्त्रको सहयोगले योजनाको कार्यान्वयन र अनुगमन पक्षलाई प्रभावकारी बनाउन योगदान पुगिरहेको छ।

स्रोत केन्द्र पद्धतिको विघटन भई अर्को स्थानीय शिक्षक सहायता पद्धति स्थापना नहुँदा देखिएका कठिनाई हटाउनका लागि स्थानीय शिक्षक साहयता पद्धतिको विकास गर्नु, तत्काल रहेका २९ वटा

शिक्षा तालिम केन्द्रलाई ७ वटामा खुम्चाइएको अवस्थामा शिक्षक तालिमको क्षमता अपर्याप्त भएकाले विस्तार गर्नु, प्रदेश र स्थानीय तहका आवश्यकतानुसारको शैक्षिक संरचना र जनशक्तिको व्यवस्थापन गर्नु विद्यालय शिक्षाका सन्दर्भमा प्रदेश तहको भूमिका तथा कार्य विवरण स्पष्ट गरी पुनर्संरचित गर्नु, संघीय सरकारबाट प्राप्त सशर्त अनुदानवाहेक अन्य अनुदान तथा प्रदेश र स्थानीय तहको आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, संघ, प्रदेश तथा स्थानीय तहरुका बिच समन्वय र सहकार्य सुदृढ गर्ने, आवश्यक सूचनाको सहज आदानप्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरुले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु योजना कार्यान्वयनको सवालमा प्रमुख चुनौतीको रुपमा रहेका छन्। त्यसरी नै शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवं राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु, अनुगमनमा नियमितता र एकरुपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमन प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात् विद्यालय निरीक्षण सुपरीवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारका बिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चितता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु, अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु जस्ता सवालहरु अनुगमन र मूल्याङ्कनको क्षेत्रमा देखिएका चुनौतीहरू हुन्।

कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्षेत्रमा अवसरको रुपमा पनि केही अनुकूलताहरु देखा परेको अवस्था छ। पहिलेभन्दा अहिलेको परिवेशमा नागरिक समाजबाट पनि निगरानी र अनुगमन एवं कार्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा जानकारी गर्ने गराउने काम स्वतःस्फुर्त तरिकाबाट भइरहेको छ। सञ्चारकर्मीहरुले वाच डगको भूमिकामा दरो र खरो किसिमले उत्रिएको अवस्था छ। सामाजिक सञ्जालहरुले समेत केही हदसम्म मानिसहरुले कुनै पनि कार्यक्रमहरुका बारेमा आफ्ना भावना र विचार राख्ने गरेका छन्। मानवसेवा, सामाजिक क्षेत्र र बालबालिकाको क्षेत्रमा काम गर्नेहरुले समेत कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन र निगरानी गरेको अवस्था छ। अहिले त कतिपय अनुगमन र निगरानीको सवालमा अघि अघि संघसंस्था र नागरिक समाज अनि पछिपछि सरकार भएको अवस्था छ। यो परिवेशलाई योजना लगायत कुनै पनि कार्यक्रम कार्यान्वयनको अवस्थामा देखिएको सुखद अवसर हो भन्न सकिन्छ।

## ८.३ उद्देश्य

१) योजनाको कार्यान्वयन प्रणालीलाई तोकिएको काम तोकिएको अवधि र तोकिएको अवस्थामा सम्पादन गर्नका लागि पर्याप्त, प्रभावकारी र उपयुक्त संयन्त्र र जनशक्तिको विकास गर्नु,

२) योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरुलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्नु

३) योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

४) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु

## ८.४ रणनीति

१) संघीय तथा प्रदेश तहबाट हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम कार्यान्वयनको खाका तयार गरिनेछ।

२) शिक्षा, युवा तथा खेलकुद शाखाको क्षमता विकासका साथै नगरपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरु निर्माण गरिनेछ।

३) योजनाअन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन गरिनेछ।

४) अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गरिनेछ।

५) शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरुको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन वेभमा आधारित बनाइनेंछ।

६) योजनाका लागत, प्रक्रिया, परिणाम, उपलब्धि र प्रभावसमेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानूनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनुका साथै कुन तहले कुन कुन विषयमा अनुगमन तथा मूल्याङ्कनलाई ध्यान दिने भन्ने निश्चित गरिनेछ।

७) विद्यालयहरुको विद्यालय सुधार योजना तयार गरी वार्षिक रुपमा अद्यावधिक गरिनेछ।

८) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गर्नेछन्।

९) विद्यालय व्यवस्थापन र निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइनेछ।

१०) विद्यालयहरुले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्नेछन्।

११) विद्यालयहरुले अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरु आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउनेछन्।

१२) विद्यार्थी उपलब्धी परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गरिनेछ।

१३) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्यरुपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ।

१४) कार्यक्रमको कार्यान्वयन र अनुगमन एवम् मूल्याङ्कनको सवालमा अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्यमा जोड दिइनेछ।

१५) कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ।

१६) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ।

१७) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिनेछ।

१८) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणालीको विकास गरिनेछ।

१९) विद्यालय सुपरीवेक्षण र अनुगमनको शून्यान्तको अवस्थालाई अन्त गर्न पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित सुपरिवेक्षण र अनुगमन टिम निर्माण गरी विद्यालय अनुगमन गरिनेछ।

२०) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरु प्रभावकारीरुपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ।

## ८.५ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

१) प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरु समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने

**ख) प्रमुख नतिजाहरु**

१) योजना कार्यान्वयनको क्रममा सम्पादन गरिने काम र उक्त काम गर्नका लागि आवश्यक पर्ने जनशक्तिका बारेमा स्पष्ट किटान हुनेगरी सङ्गठनको सर्वे गरेर सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन भएको हुने।

२) जनशक्तिको वृत्ति विकास सुविधा र प्रोत्साहनका कुराहरु नियुक्ति कै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानूनको निर्माण एवं कार्यान्वयन भएको हुने

३) योजनाअन्तर्गत सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयनका लागि निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रमको कार्यान्वयन भएको हुने।

४) नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुने

५) अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमतामा विकास भएको हुने

६) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरुका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने

७) विद्यालयहरुको विद्यालय सुधार योजना तयार गरी वार्षिकरुपमा अध्यावधिक गरिएको हुने

८) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र सोको कार्यान्वयन गरिएको हुने

९) विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई अधिकार सम्पन्न, जिम्मेवार र उत्तरदायी बनाइएको हुने

## ८.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.स | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी शिक्षा बजेटको तथा कार्यक्रम कार्यान्वयन | स्थानीय तह | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाका तयार गरिने | | | | | | | |
| २ | कुन कामका लागि के कस्तो जनशक्ति आवश्यक हुने सम्बन्धमा सर्वे गरी सोही अनुसारको संरचना र जनशक्तिको व्यवस्थापन गरिने | नगरपालिका | पटक | ० | १ | १ | १ | १ |
| ३ | जनशक्तिको वृत्ति विकास, सुविधा र प्रोत्साहनका कुराहरु नियुक्तिकै समयमा स्पष्ट र पारदर्शी हुने गरी नीति नियम र कानून निर्माण गरी कार्यान्वयन गरिने | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ४ | सम्पादन गरिने हरेक कार्यक्रमहरुको कार्यान्वयन निर्देशिकाको विकास गरी त्यसैका आधारमा कार्यक्रम कार्यान्वयन गरिने | नगरपालिका | आवश्य कतानु सार | ० | १ | १ | १ | १ |
| ५ | विद्यालय सुपरीवेक्षण र अनुगमनको शून्यताको अन्त्य गर्न परामर्शदाता, पूर्व प्रधानाध्यापक र शिक्षाका पूर्व अधिकृत सम्मिलित तेस्रो पक्षबाट सुपरीवेक्षण र अनुगमन टिम निर्माण गरी विद्यालय अनुगमन गरिने | नगरपालिका | निरन्तर | १ | १ | १ | १ | १ |
| ६ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार तथा अद्यावधिक गरिने | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ७ | कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तह तथा निकायले आफूले कार्यान्वयन गरेको कार्यक्रमको अनुगमन गर्ने | सम्बन्धित निकाय | निरन्तर | १ | १ | १ | १ | १ |
| ८ | कार्यक्रम कार्यान्वयनको चौमासिक | नगरपालिका | निरन्तर | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गरिने | र विद्यालय | | | | | | |
| ९ | निश्चित अवधिभित्र स्थिति प्रतिवेदन तयार गरी सार्वजनिक गरिने | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| १० | विद्यार्थीहरुको सिकाइ उपलब्धी परीक्षण गरिने | विद्यालय/नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ११ | विद्यालयको कार्यसम्पादन परीक्षण गरिने | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| १२ | विद्यालयहरुको सामाजिक परीक्षण र लेखा परीक्षणलाई प्रभावकारी र नियमित बनाउने | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| १३ | विद्यालयहरुको विद्यालय सुधार योजना तयार गरी वार्षिकरुपमा अद्यावधिक गरिने | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| १४ | नगरपालिकाको अनुगमन र मूल्याङ्कन समितिलाई सक्रिय बनाउने | नगरपालिका | निरन्तर | १ | १ | १ | १ | १ |
| १५. | प्रत्येक वर्ष योजनाको सूचकहरुको वार्षिक प्रगति समीक्षा/ मूल्याङ्कन गर्ने | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| १६. | योजनाको मध्यावधि समीक्षा/मूल्याङ्कन गर्ने | | पटक | ० | १ | १ | १ | १ |